सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

१९ माघ २०८०, शुक्रबार (2 Feb 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एक वर्षमा चार सय ५८ विदेशी निष्कासित

अध्यागमन कानुन मिच्नेमा चिनियाँ र अमेरिकी धेरै, निष्कासितको सूचीमा तेस्रोमा बंगलादेशी, चौथोमा उज्वेकिस्तानी र पाँचौंमा बेलायती



नयाँ पत्रिका

नेपालले २०२३ मा ४५८ जना विदेशी नागरिकलाई निष्कासन गरेको छ। अध्यागमन कानुन मिचेर विनाभिसा बस्ने तथा नेपालमा आएर अपराधमा संलग्न विदेशी निष्कासनमा पर्दै आएका छन्।

५६ देशका नागरिक निष्कासित भएकोमा अध्यागमन विभागको विवरणअनुसार सबैभन्दा धेरै चिनियाँ छन्। एक वर्षमा २०९ जना चिनियाँ निष्कासनमा परेका छन्। दोस्रो स्थानमा अमेरिकी नागरिक छन्। एक वर्षमा ३७ जना अमेरिकी निष्कासनमा परेका छन्।

अनुगमन नहुँदा अवैध धन्दामा विदेशी

निष्कासनमा पर्ने अमेरिकीमा धेरैजसो नेपाली मूलका छन्। अमेरिकी पासपोर्टमा आउने उनीहरू लामो समय नेपाल बस्छन्। निष्कासनमा परेका सबै अमेरिकी ओभर स्टेसम्बन्धी कसुरका रहेको विभागका निर्देशक प्रेमप्रसाद दाहालले बताए। अध्यागमन कानुनबारे जानकारी नहुँदा पनि नेपाली मूलका अमेरिकी कारबाहीमा पर्ने गरेका छन्।

चिनियाँ पनि धेरैजसो ओभर स्टेमा निष्कासनमा परेको दाहाल बताउँछन्। दुई सय नौमध्ये एक

» पृष्ठ ११ मा क्रमशः

सात वर्षमा ३४ सय ८६ विदेशी निष्कासनमा

सात वर्षमा नेपालबाट ३४ सय ८६ विदेशी निष्कासनमा परेका छन्। निष्कासित हुनेमा ८५ प्रतिशत ओभर स्टेसम्बन्धी कसुरका छन्। २०२२ मा ५५८ जना निष्कासनमा परेका थिए। २०२१ मा २१८ जना, २०२० मा ३३२ जना विदेशीलाई कारबाही गरी पठाइएको अध्यागमनको तथ्यांक छ।। २०२० मा नेपालमा गोप्य रूपमा इन्टरनेटमार्फत जुवालगायत अपराधमा संलग्न १२२ जना चिनियाँलाई एकैपटक पक्राउ गरी निष्कासन गरिएको थियो। चीनले प्लेन नै चार्टर गरेर उनीहरूलाई लगेको थियो। २०१९ मा ६६८, २०१८ मा ६९२ तथा २०१७ मा ५६० जना निष्कासनमा परेका थिए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ बाँसबारी छालाजुत्ताको १० रोपनी सरकारी जग्गा हिनामिना

व्यवसायी अरुण चौधरी हिरासतमा

चौधरीका साझेदार सञ्जय ठाकुर र बाँसबारी छालाजुत्ताका तत्कालीन कार्यकारी निर्देशक अजितनारायणसिंह थापा पनि पक्राउ, जग्गाको वर्तमान मूल्यअनुसारको बिगो कायम गरी मुद्दा चलाउने सिआइबीको तयारी

नियोजित रूपमा सरकारी जग्गा हत्याएको अनुसन्धानबाट पुष्टि भएको छ

● दिनेश आचार्य
एसएसपी, सिआइबी

छालाजुत्ता कम्पनीलाई पब्लिक लिमिटेड बनाउनेलगायत विभिन्न सर्तमा सरकारी जग्गा लगेको देखिन्छ। तर, त्यसविपरीत जग्गा पास गरेपछि कम्पनी बन्द गरेर नियोजित रूपमा सरकारी जग्गा हत्याएको हाम्रो अनुसन्धानबाट पुष्टि भएको छ।

नवराज मैनाली, कृष्ण रिजाल

३७ वर्षअघि सरकारी स्वामित्वको बाँसबारी छालाजुत्ता कारखानाको जग्गा जालसाजी गरेर हत्याएको आरोपमा प्रहरीले देशकै ठूलो व्यावसायिक घराना सिजी ग्रुपका व्यवसायी अरुण चौधरीलाई पक्राउ गरी अनुसन्धान थालेको छ। काठमाडौंको बाँसबारीस्थित १० रोपनी जग्गा हडपेर हाल चाँदवाग विद्यालय चलाएको प्रहरी अभियोग उनीमाथि छ।

तत्कालीन बाँसबारी छाला तथा जुत्ता कारखाना लिमिटेडको जग्गा कर्मचारीसहितको मिलेमतोमा किर्ते कागजपत्र बनाई हत्याएको प्रारम्भिक अनुसन्धानमा पुष्टि भएको भन्दै चौधरीलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बिहीबार पक्राउ गरेको हो। छालाजुत्ता कम्पनीका तत्कालीन कार्यकारी निर्देशक अजितनारायणसिंह थापा र चौधरीका साझेदार सञ्जय ठाकुरलाई पनि पक्राउ गरेको छ। चौधरीलाई लाजिम्पाट र थापालाई बत्तीसपुतलीबाट प्रहरीले पक्राउ गरेको हो।

चौधरी र थापालाई बिहीबार नै अदालतमा उपस्थित गराइएकोमा चार दिन थुनामा राख्न

» पृष्ठ ११ मा क्रमशः



म्याद थपका लागि सरकारी वकिलको कार्यालयमा चौधरी। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ के हो जग्गा हिनामिनाको घटना ?

सिजी ग्रुपका व्यवसायी अरुण चौधरीसहितले ०४३ मा च्याम्पियन फुटवेयर नामक कम्पनी खडा गरी सरकारी स्वामित्वको बाँसबारी छालाजुत्ता उद्योगलाई सहयोग गर्ने आश्वासनमा साझेदारी गरेका थिए। जुत्ता उत्पादनमा सघाउने भन्दै च्याम्पियन फुटवेयरले बाँसबारी छालाजुत्ताको ६ रोपनी जग्गा मिलेमतोमा नियम मिचेर सस्तोमा खरिद गरेको थियो। त्यस्तै, कम्पनीको २५ सय कित्ता सेयर बाँसबारी छालाजुत्ता उद्योगलाई दिने सहमतिमा सोबापतको चार रोपनी जग्गा च्याम्पियन फुटवेयरले आफ्नो बनाएको थियो। तर, सञ्चालनमा आएको तीन वर्षपछि नै फुटवेयर बन्द भयो। छालाजुत्ता कम्पनीको जग्गा भने फिर्ता भएन। छालाजुत्ता कम्पनीलाई पनि पछि सरकारले निजीकरण गरेको थियो। जग्गा पास गरेपछि नियोजित रूपमा आफ्नो कम्पनी बन्द गरेर सरकारी जग्गा हत्याएको देखिएको सिआइबीको दाबी छ।

■ हत्याइएको जग्गामा चौधरी ग्रुपले चलाउँदै छ विद्यालय

सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रसँगै रहेको सो जग्गा हाल सिजी चाँदवाग रेसिडेन्सीको नाममा छ, जहाँ चौधरी ग्रुपले चाँदवाग नामको विद्यालय चलाउँदै आएको छ। सिजी चाँदवाग रेसिडेन्सीको सञ्चालकमा अरुण चौधरी र उनकी श्रीमती शिला छन्। पक्राउ परेका सञ्जयको पनि यस काममा मिलेमतो रहेको र सो कम्पनीमा साझेदारी रहेको प्रहरी दाबी छ।

निजी क्षेत्रको आपत्ति

● नेपाल उद्योग परिसंघले पत्रकार सम्मेलन नै गरेर भन्यो–

उहाँ (अरुण चौधरी) देश छोडेर कतै जान लाग्नुभएको थिएन। तर, आज राज्यले एक व्यवसायीलाई मात्र नभएर सम्पूर्ण निजी क्षेत्रलाई नै त्रसित बनाउने गरी धरपकड शैलीमा पक्राउ गरेको छ। यसप्रति निजी क्षेत्रको घोर आपत्ति छ। यसले सम्पूर्ण उद्योगी-व्यवसायीको मानमर्दन भएको हामीले महसुस गरेका छौं।

● सरकारसँग नेपाल उद्योग वाणिज्य महासंघले भन्यो–

महासंघले सम्बन्धित विषयको गहिरो अनुसन्धान नभएसम्म व्यवसायीलाई पक्राउ नगर्न सरकारलाई पटक-पटक आग्रह गर्दै आएको छ। पहिले गिरफ्तार गर्ने र त्यसपछि समस्या पहिल्याउने प्रवृत्तिले देशको वर्तमान व्यावसायिक परिदृश्यबाट पहिले नै निराश भएका व्यवसायीलाई थप निरुत्साहित बनाएको छ।

काठमाडौं/ प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले व्यवसायी अरुणकुमार चौधरीलाई पक्राउ गरेकोप्रति निजी क्षेत्रका छाता संगठनले आपत्ति जनाएका छन्। निजी क्षेत्रलाई नै त्रसित बनाउने गरी धरपकड शैलीमा चौधरीलाई पक्राउ गरिएको भन्दै उनीहरूले विरोध जनाएका छन्।

सिजी होल्डिङ्सका अध्यक्ष तथा प्रबन्ध-निर्देशक चौधरी बाँसबारी छालाजुत्ता कारखानाको १० रोपनी जग्गा घोटाला प्रकरणमा पक्राउ परेका हुन्। तर, कुनै सोधपुछ नै नगरी धरपकड शैलीमा उनलाई पक्राउ गरिएको भन्दै निजी क्षेत्रले विरोध जनाएको हो।

नेपाल उद्योग परिसंघले पत्रकार सम्मेलन नै गरेर आपत्ति जनाएको छ। नेपाल उद्योग वाणिज्य

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



फर्जी कागजातमा विमानस्थलबाट मानव तस्करी गर्ने २२ प्रतिवादीविरुद्ध मुद्दा दायर

सम्पत्ति जफतसहित साढे १० वर्ष कैद माग

भिजिट भिसाका एजेन्टबाट तीन वर्षमा ४८ करोडको कारोबार

(विस्तृत पृष्ठ ३)

सन् २०२३ मा चार वर्षयताकै धेरै विद्यार्थीले लिए एनओसी

शिवहरि घिमिरे/नयाँ पत्रिका

सन् २०२३ मा पछिल्लो चार वर्षयताकै सबैभन्दा धेरै विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) लिएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखा (एनओसी) कार्यालयको तथ्यांकअनुसार एक लाख ११ हजार आठ सय विद्यार्थीको वैदेशिक अध्ययन अनुमति फारम स्वीकृत भएको हो।

अघिल्लो वर्ष सन् २०२२ मा एक लाख आठ हजार ८२९ जना विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिका लागि एनओसी लिएका थिए। त्यस्तै, २०२१ मा ४३ हजार ७०६ र २०२० मा २५ हजार तीन सय विद्यार्थीले एनओसी लिएका थिए। सोही वर्षको अगस्टदेखि डिसेम्बरसम्मको तथ्यांक डिजिटलाइज्ड गरिएको छ भने अन्य तथ्यांक एनओसी कार्यालयको ढड्डामै राखिएको छ।

> २०२३ मा एक लाख ११ हजार आठ सय विद्यार्थीको वैदेशिक अध्ययन अनुमति फारम स्वीकृत

'पछिल्लो तथ्यांकअनुसार एनओसी लिनेको संख्या धेरै देखिन्छ, कोभिडका कारण विगतका वर्षमा रोकिएका विद्यार्थी पनि यो

» पृष्ठ ११ मा क्रमशः

०७९/८० मा कुन देश जान कतिले लिए एनओसी ?

आर्थिक वर्ष ०७९/८० मा ७० देशका लागि विद्यार्थीले एनओसी लिएका थिए। जसमा ३३ हजार ९९१ अस्ट्रेलिया, २१ हजार ५७४ क्यानडा, १० हजार ५२७ बेलायत, तीन हजार ९७० अमेरिका, दुई हजार ३८९ युएई, एक हजार ८५ डेनमार्क, ५३७ बंगलादेश, १४२ बहराइन, ५७४ जर्मनी, एक हजार २८२ फ्रान्स, ८३२ फिनल्यान्ड, १३० साइप्रस, २३१ कतार, रिपब्लिक अफ कोरिया तीन हजार ४६, ९६६ रसिया, १६४ स्विडेन, ५४२ थाइल्यान्डका लागि थिए। एनओसी कार्यालयको वार्षिक तथ्यांकअनुसार ०७९/८० मा सबैभन्दा बढी विद्यार्थी व्यवस्थापन विषय अध्ययनका लागि अनुमति लिने थिए। यो संख्या २९ हजार ७३४ छ। विज्ञान तथा प्रविधि विषय अध्ययनका लागि एनओसी लिनेको संख्या चार हजार दुई सय ३८ छ। जापानिज भाषा अध्ययनका लागि २१ हजार १३१ जनाले एनओसी लिएका थिए।

सुदूरपश्चिमदेखि काठमाडौंसम्म वर्षा र हिमपात, पूर्वतर्फ सर्दै

■ हिउँले ढपक्क ढाकियो पर्यटकीय क्षेत्र खप्तड

धनगढीमा **तेजराज भट्ट**
बाजुरामा **गगन अयडी**
मुगुमा **अच्युतराज भण्डारी**

पश्चिम नेपालमा वर्षासँगै उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएको छ। जलवाष्पयुक्त हावा बोकेको पश्चिमी वायु पश्चिमदेखि पूर्व लाग्ने क्रममा बुधबार राति र बिहीबार सुदूरपश्चिम, कर्णाली र गण्डकीका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात भएको हो।

पश्चिमदेखि मध्यनेपालसम्मका पहाडी क्षेत्रका केही ठाउँ तथा पश्चिम तराईका कैलाली र कञ्चनपुरमा वर्षा भएको छ। लामो समयदेखिको खडेरीपछि वर्षा र हिमपात भएको हो। वर्षा र हिमपातले हिउँदे बाली सप्रिने भन्दै किसान खुसी भएका छन्। सुदूरपश्चिम र कर्णालीका पहाडी क्षेत्रमा भने राम्रो वर्षा भएको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाले बताए। पश्चिमी वायुका कारण देशभर बदली भए पनि पश्चिम नेपालमा वर्षा र हिमपात भयो। बिहीबार डडेल्धुरा क्षेत्रमा ३२ मिलिमिटरसम्म पानी परेको छ। दिपायलमा २३.२, धनगढीमा १४.२, सुर्खेतमा ७.३, नेपालगन्जमा १, जुम्लामा ०.५ र

» पृष्ठ ११ मा क्रमशः



सुदूरपश्चिमको प्रमुख पर्यटकीय क्षेत्र खप्तड हिउँले ढाकिएको छ। दुई फिटसम्म हिउँ जमेपछि खप्तडका डाँडा सेताम्य बनेका छन्। बिहीबार बिहानबाट खप्तडको प्रवेशद्वार मानिने डोटीको झिग्राना, बगलेकसम्म हिउँ परेको झिग्रानामा होटेल सञ्चालन गर्दै आएका व्यवसायी दीपक खड्काले बताए। डोटी, बाजुरा, बझाङ, बैतडी, अछाम, डडेल्धुरा र दार्चुलका उच्च पहाडी तथा हिमाली क्षेत्रमा बुधबार रातिबाट हिमपात भइरहेको छ। बैतडीको खोड्पे, सिगास, अनारखोली, सतबाँझ क्षेत्रमा हिमपात भएको छ। त्यस्तै, बाजुराको बिच्छ्या, कोल्टी, ढम्कने, पोखरेलेकलगायत लेकाली र हिमाली क्षेत्रमा हिमपात भएको जिल्ला प्रहरी कार्यालय बाजुराका सूचना अधिकारी दानसिंह भण्डारीले बताए।



काठमाडौं महानगरका ६१ सामुदायिक विद्यालय कामचलाउ प्रअका भरमा

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाका ६१ वटा सामुदायिक विद्यालय निमित्त प्रधानाध्यापकका भरमा छन् । महानगरपालिकाले शिक्षा नियमावलीविपरीत खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक छनोट गर्न थालेकोमा सर्वोच्च अदालतले उक्त प्रक्रिया रोकेपछि अधिकांश सामुदायिक विद्यालय 'कामचलाउ प्रअ'का भरमा सञ्चालन भइरहेका हुन् ।

महानगरले कार्यकाल सकिएका र योग्यता नपुगेका प्रअलाई हटाएर तीन महिनाअघि नयाँ प्रक्रिया (खुला प्रतिस्पर्धा)बाट प्रधानाध्यापक छनोट प्रक्रिया सुरु गरेको थियो । यसबारे महानगरले सूचना जारी गरेलगत्तै परेको रिटमा सर्वोच्च अदालतले 'स्टे अर्डर' जारी गरेपछि पक्रिया नै रोकिएको हो । हाल महानगरपालिकामा कारागारभित्र रहेका विद्यालयबाहेक अन्य सामुदायिक विद्यालयको संख्या ८४ छ । त्यसमध्ये जम्मा २३ वटामा मात्रै नियमअनुसारका प्रअ छन्, बाँकी निमित्तका भरमा छन् । निमित्तका रूपमा कार्यरत प्रअहरू पनि कार्यकाल सकिएर बिदाइ भएका प्रअले कामचलाउका लागि तोकेर जिम्मेवारी दिएका हुन् ।

शिक्षा नियमावलीमा विद्यालय व्यवस्थापन समितिले नै प्रअ छनोटका लागि सिफारिस गर्ने प्रावधान छ । तर,



■ **इन्द्रप्रसाद दाहाल**, शिक्षा अधिकृत, काठमाडौं महानगरपालिका

प्रधानाध्यापक छनोटमा विद्यालय व्यवस्थापन समितिहरूले राजनीतिक चलखेल गरे । सोही कारण अधिकांश विद्यालय निमित्त प्रअका भरमा छन् । हामीले खुला प्रतिस्पर्धाबाट प्रअ छनोट गर्न लागेका थियौं, व्यवस्थापन समितिका साथीहरू अदालत गए र अदालतले रोक्यो । व्यवस्थापन समितिले आफ्ना मानिस ल्याउन योग्यता पुगेकालाई नदिने चलखेल गरे । समितिले पनि सन्तुलित ढंगले प्रअ सिफारिस नगर्ने भएकाले उसको भूमिकामाथि पनि प्रश्न उठिरहेको बताए ।



■ **गुणराज मोक्तान**, अध्यक्ष, विद्यालय व्यवस्थापन समिति महासंघ

महानगरपालिकाले शिक्षा नियमावली ०५९ को नवौं संशोधन ०७७ विपरीत प्रअ छनोट गर्न लागेकाले विरोध गरेको हो । शिक्षा नियमावलीअनुसार सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले त्यही विद्यालयमा भएका शिक्षकमध्येबाट प्रअ सिफारिस गर्ने र सम्बन्धित शिक्षा अधिकारीले तोक्ने र नियुक्ति गर्ने व्यवस्था छ ।

महानगरपालिकाले खुला प्रतिस्पर्धाबाट प्रअ छनोट गर्ने कार्यविधि तय गरेर प्रअ छनोटको कदम चालेको थियो । नियमावलीविपरीत प्रअ छनोट गर्न थालेपछि विद्यालय व्यवस्थापन समिति र कम योग्यता भएका शिक्षकहरू स्टे अर्डरका लागि सर्वोच्च पुगेका थिए । त्यसलगत्तै अदालतले कारण देखाऊ आदेशसहित स्टे अर्डर जारी गरेको हो । त्यसो त स्थायी रूपमा प्रअ छनोटका लागि विद्यालय व्यवस्थापन समितिले पनि प्रभावकारी भूमिका खेल्न सकेको छैन । निमित्त प्रअका भरमा रहेका विद्यालयमा व्यवस्थापनको समस्यासमेत देखिएको छ भने कतिपयमा शिक्षक र निमित्त प्रअबीच विवाद पनि चुलिन थालेको छ ।

महानगरपालिका र कतिपय विद्यालय व्यवस्थापन समितिबीच समेत राम्रो सम्बन्ध छैन । सोही कारण प्रक्रिया पुऱ्याएर प्रअ छनोट प्रक्रिया नै अन्योलमा छ । यदि विद्यालय व्यवस्थापन समितिले सिफारिस गरे पनि त्यसको रुजु तथा नियुक्ति गर्न महानगर तयार छैन । अर्कातर्फ अदालतको स्टे अर्डरका कारण पुरानै प्रक्रियाबाट प्रअ छनोट गर्न बाटोसमेत रोकिएको छ ।

■ विद्यालय व्यवस्थापन समितिले चलखेल गरेको महानगरको आरोप

काठमाडौं महानगरका शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले प्रअ छनोटमा विद्यालय व्यवस्थापन समितिले राजनीतिक चलखेल गरेकाले अधिकांश विद्यालय निमित्त प्रअका भरमा चलेको जानकारी दिए । उनले विद्यालय व्यवस्थापन समितिले पनि सन्तुलित ढंगले प्रअ सिफारिस नगर्ने भएकाले समितिको भूमिकामाथि पनि प्रश्न उठिरहेको बताए ।

विद्यालय व्यवस्थापन समिति महासंघका अध्यक्ष गुणराज मोक्तानले महानगरपालिकाले शिक्षा नियमावली ०५९ को नवौं संशोधन ०७७ विपरीत प्रअ छनोट गर्न लागेकाले विरोध गरेको बताए । उनले महानगरले प्रतिस्पर्धाबाट छनोट गरे पनि सो छनोट प्रक्रिया पारदर्शी हुन्छ भन्ने पर्याप्त आधार नभएको जानकारी दिए । शिक्षा नियमावली ०५९ को नवौं संशोधन ०७७ मा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले त्यही विद्यालयमा भएका शिक्षकमध्येबाट प्रअ सिफारिस गर्ने र सम्बन्धित शिक्षा अधिकारीले तोक्ने र नियुक्ति गर्ने भन्ने व्यवस्था छ । तर, महानगरले त्यसको विपरीत प्रअ छनोट गर्न लागेको भन्दै विद्यालय व्यवस्थापन समिति महासंघले विरोध गर्दै आइरहेको छ ।

■ तल्ला तहको नियुक्ति भएका निमित्त प्रअ रहेका मावि

ध्रुववराह मावि, धुम्बाराही
नवजागृति मावि, बौद्ध
नीलवाराही मावि कालीमाटी
पञ्चकन्या मावि, छाउनी
कुलेश्वर मावि, कुलेश्वर
जनजागृति ज्ञानरश्मि मावि, बालाजु
सिद्धिगणेश मावि, पकनाजोल
हिमाल मावि, न्युरोड
भीमसेनगोला मावि, बानेश्वर

■ निमाविका शिक्षक, माध्यमिक तहका प्रधानाध्यापक

काठमाडौं महानगरपालिकाका १० माध्यमिक विद्यालयमा हाल रहेका निमित्त प्रअहरूले निम्न माध्यमिक विद्यालय तहमा अध्ययन गराउने गरी नियुक्ति पाएका हुन् । ती विद्यालयमा माथिल्लो तहका शिक्षक भए पनि अघिल्ला प्रअले तल्ला तहका शिक्षकलाई जिम्मेवारी दिँदा उनीहरू रुष्ट बनेका छन् । यस विषयमा महानगरले पनि छानबिन गरेको छैन । यस्तै, महानगरका २१ वटा माविमा आधारभूत तहमा अध्ययन गराउने योग्यताका शिक्षकले समेत निमित्त प्रअको जिम्मेवारी पाएका छन् ।

ललितपुर महानगरवासीले मोबाइल एपमार्फत गुनासो गर्न सक्ने

ललितपुर/ ललितपुर महानगरपालिकाले नगरवासीको गुनासो तथा समस्या समाधानका लागि मोबाइल एप सुरु गरेको छ । नगरपालिकासँग सम्बन्धित २१ प्रकारका समस्या भए नगरवासीले तुरुन्तै 'एलएमसी अलर्ट' एपमार्फत नगर प्रहरीलाई खबर गर्न सक्नेछन् । एपको उद्घाटन बिहीबार ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले गरेका हुन् ।

उक्त अवसरमा मेयर महर्जनले ललितपुरलाई स्मार्ट सिटी बनाउन थप एक कदम सफलता मिलेको जानकारी दिए । 'हामीले ललितपुरलाई स्मार्ट सिटीका रूपमा विकास गर्दै आइरहेका छौं, अब सिंगो ललितपुर महानगरलाई नै थप स्मार्ट बनाउँदै लैजाने क्रममा मोबाइल एप निर्माण गरेका छौं,' उनले भने, 'अब ललितपुर महानगरपालिकासँग सम्बन्धित सबै गुनासा, समस्या, जानकारी र सेवा यही एपबाट लिन सकिनेछ ।' मोबाइल एपबाट ललितपुर महानगरपालिकासँग सम्बन्धित सबै किसिमका सेवा लिन सकिनेछ । एम्बुलेन्स सेवा, दमकल सेवा, ढल निकास सेवा, शवबाहन सेवा, फोहोरमैला व्यवस्थापलगायत सेवा लिन चाहेमा मोबाइल एपबाट नगर प्रहरीलाई खबर गर्न सकिनेछ । यस्तै, अनधिकृत पार्किङ, विनास्वीकृति बनेका संरचना, लैंगिक हिंसा, शैक्षिक संस्थामा हुने समस्या, सडकबत्ती, फुटपाथ, विपत्, कालोबजारी, बाढीपहिरोलगायत समस्या भए पनि तुरुन्तै मोबाइल एपबाट नगर प्रहरीलाई जानकारी दिन वा बोलाउन सकिनेछ । यो मोबाइल एपबाट गुनासो गर्ने मानिसको लोकेसनसमेत नगर प्रहरीकहाँ पुग्छ ।

पेट्रोलपम्पमा कार्यरत नोजलमेनले अब पिपिई लगाउनुपर्ने

काठमाडौं/ काठमाडौं महानगरपालिकाभित्र सञ्चालनमा रहेका पेट्रोलपम्पहरूमा कार्यरत नोजलमेनले अब पर्सनल प्रोटेक्टिभ इक्विपमेन्ट (पिपिई) लगाउनुपर्ने भएको छ । काठमाडौं महानगरपालिकालगायत सरोकारवाला निकायबीच बिहीबार सम्पन्न बैठकले पेट्रोलपम्प सञ्चालन र व्यवस्थापनलगायतमा यस्तो निर्णय गरेको हो । बैठकमा महानगरपालिकाभित्रका सबै पेट्रोलपम्पले एकै किसिमको रङ लगाउनुपर्ने, पम्पले सेवाग्राहीलाई निःशुल्क शौचालय सेवा दिनुपर्ने, पिपिई लगाउनुपर्ने विषयमा छलफल भएको थियो । छलफलपछि पेट्रोलपम्पहरूको एकरूपताका लागि एकै किसिमको रङ लगाउनुपर्ने, निःशुल्क शौचालय सेवा दिनुपर्ने, पम्पमा कार्यरत नोजलमेनले पिपिई लगाउनुपर्ने, पम्पपरिसरमा हरियाली गराउनुपर्ने, पम्पमा कार्यरत कर्मचारीलाई महानगरपालिकाले आधारभूत अग्नि नियत्रण तालिम दिनेलगायत निर्णय गरेको छ । काठमाडौं महानगरपालिकाको समन्वयमा भएको बैठकमा उपत्यका ट्राफिक प्रहरी कार्यालय, नेपाल आयल निगम, नगर प्रहरी, जिल्ला प्रशासन कार्यालयलगायत सरोकारवाला संघ-संस्था तथा निकायका प्रतिनिधि सहभागी थिए ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/१०/१९)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/१०/२५

बोलपत्र खोलिने मिति
२०८०/१०/२६ दिउँसो १ बजे

तपसिल

क्र. सं.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिको विवरण
१.	लघु आवधिक कर्जा	**ऋणी : एन.एस.ग्रिल उद्योग** प्रा.फ.नं.घ.उ.का. : ५४५४/०७१ ठेगाना : वाणगंगा ०९, कपिलबस्तु **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुनिल थारु** (ना.प्र.नं. ३८-०६-७६-०१०४९, मिति २०७६/०६/०५ मा जि.प्र.का. कपिलबस्तुबाट जारी भएको) बाबु : धनराज थारु बाजे : नाथु थारु **२. कल्पना थारु** (ना.प्र.नं. ४३८५०, मिति २०५९/०९/०७ मा जि.प्र.का. कपिलबस्तुबाट जारी भएको) पति : धनराज थारु ससुरा : नाथु थारु **३. धनराज थारु** (ना.प्र.नं. ३८ स१) ७४९, मिति २०५०/०६/२९ मा जि.प्र.का. कपिलबस्तुबाट जारी भएको) बाबु : नाथु थारु बाजे : नउै थारु	धनराज थारुको नाममा कपिलवस्तु जिल्ला मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स./न.पा. वडा नं. ०२ स्थित कि.नं. ९७ (२९३.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
२.	आवास कर्जा	**ऋणी : वासुदेव आचार्य** (ना.प्र.नं.१९/४२६, मिति २०५५/०९/०१ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) ठेगाना : हेटौंडा ०४, मकवानपुर बाबु : मान बहादुर आचार्य बाजे : गजांराम आचार्य **व्यक्तिगत जमानीकर्ताहरु :** **१. नवराज आचार्य** (ना.प्र.नं. २५४६, मिति २०५२/०२/३० मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) बाबु : मान बहादुर आचार्य बाजे : गजांराम आचार्य **२. तारामाया आचार्य** (ना.प्र.नं. ६८१९/८८७ मिति २०३९/०९/०८ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) पति : मान बहादुर आचार्य ससुरा : गजांराम आचार्य **३. यसुदा आचार्य** (ना.प्र.नं. ३१३०२३/१२०, मिति २०६३/११/१० मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) पति : वासुदेव आचार्य ससुरा : मान बहादुर आचार्य **४. सुनीता आचार्य** (ना.प्र.नं. ३१३०२३/११८, मिति २०६३/११/१० मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) पति : नवराज आचार्य ससुरा : मान बहादुर आचार्य	तारामाया आचार्यको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ०४ स्थित कि.नं. १००४७ (२३७.०५ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
७.	अधिविकर्ष कर्जा	**ऋणी : जय माँ चमेली गल्ला भण्डार** प्रा.फ.र.नं. : १९३७४।०६०।६१ ठेगाना : हरीवन न.पा. वडा नं. ०९, सर्लाही **व्यक्तिगत जमानतकर्ताहरु :** **१. हरिचन्द्र दास** (ना.प्र.नं. ३६४१७०५२२, मिति २०५१/०३/३१ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको) बाबु : दछन दास कथवनिया बाजे : मोति राम दास **२. गिता देवी दास कथवनिया** (ना.प्र.नं. १९३०८९/६३०, मिति २०६३/१२/२४ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको) पति : हरिचन्द्र दास ससुरा : दछन दास कथवनिया **३. विरेन्द्र दास कथबनिया** (ना.प्र.नं. १९३६४१०१२३, मिति २०५३/१२/१८ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको) बाबु : दछन दास कथवानिया बाजे : मोति राम दास **४. निकेश दाश** (ना.प्र.नं. १९/२०८९/५६, मिति २०६६/०८/२९ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको) बाबु : हरिचन्द्र दाश बाजे : दछन दास कथवानिया	गिता देवी दास कथवनियाको नाममा सर्लाही जिल्ला, मालपोत कार्यालय सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ क स्थित कि.नं. कि.नं. ६४५ (०-०-८$^{१/२}$ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
३.	अधिविकर्ष कर्जा	**ऋणी : श्री न्यू संज्यात ट्रेडर्स एण्ड सप्लायर्स** प्रा.फ.र.नं. : ११४२/०७४/०७५ ठेगाना : सान्नी त्रिवेणी ०६, कालिकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. पियारी थारूनी** (ना.प्र.नं. ६५२०३५/१४४, मिति २०६५/११/२६ मा जि.प्र.का. बर्दियाबाट जारी भएको) पति : गौरी संज्याल ससुरा : मणीराम संज्याल **२. गौरी संज्याल** (ना.प्र.नं. २९१७/६११०२४, मिति २०६४/०७/१३ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : मणीराम संज्याल बाजे : काशीराम संज्याल **३. धर्मराज संज्याल** (ना.प्र.नं. ६१३०२४/८२०, मिति २०६३/११/१४ मा जि.प्र.का. कालिकोटबाट जारी भएको) बाबु : मणिराज संज्याल बाजे : काशीराम संज्याल **४. दिपा साउद** (ना.प्र.नं. ६४-१०-६९-०२८९७, मिति २०६९/०१/१८ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : धर्मराज संज्याल ससुरा : मणिराज संज्याल	धर्मराज संज्यालको नाममा बाँके जिल्ला मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. ०१ स्थित कि.नं. २०८ (६९.२० व.मि.) र कि.नं. २८३ (१५४.३० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
४.	व्यक्तिगत आवश्यक्ता परिपूर्ति कर्जा	**ऋणी : मेक बहादुर कौशल** (ना.प्र.नं. ४२२०२१/६४१, मिति २०७०/११/०२ मा जि.प्र.का. स्याइजाबाट जारी भएको) ठेगाना : चापाकोट १०, स्याइजा बाबु : हरि बहादुर दमै बाजे : भीमलाल दमै **व्यक्तिगत जमानीकर्ताहरु :** **१. मेक बहादुर कौशल** धे.धे. **२. सेती दमै** (ना.प्र.नं. ६८३०, मिति २०४५/०१/११ मा जि.प्र.का. स्याइजाबाट जारी भएको) पशति : हरि बहादुर दमै ससुरा : भीमलाल दमै	सेती दमैको नाममा स्याइजा जिल्ला मालपोत कार्यालय वालिङ्ग, स्याइजामा दर्ता कायम रहेको स्याइजा जिल्ला, कुवाकोट गा.वि.स/न.पा. वडा नं. ०४ स्थित कि.नं. २८२ (५-५-२-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
५.	अधिविकर्ष कजा	**ऋणी : पासाङ अटो पार्टस एण्ड वर्कसप** प्रा.फ.नं.घ.उ.वि. : १०९०/०७४/०७५ ठेगाना : खाँडाचक्र ०३, कालिकोट **व्यक्तिगत जमानीकर्ताहरु :** **१. अंक बहादुर गुरुङ्ग** (ना.प्र.नं. ५४९१३/२१९९, मिति २०५२/०४/०३ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) बाबु : कुसाङ्ग गुरुङ्ग बाजे : मतिलाल गुरुङ्ग **२. कमला गुरुङ्ग** (ना.प्र.नं. ६४-०१-७३-०३६९६, मिति २०७३/०७/०२ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : अंक बहादुर गुरुङ्ग ससुरा : कुसाङ्ग गुरुङ्ग	अंक बहादुर गुरुङ्गको नाममा सुर्खेत जिल्ला मालपोत कार्यालय सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोईली गा.वि.स./न.पा. वडा नं. ७ (क) स्थित कि.नं. १४१० (०-०-१३-१ विगाहा) र कि.नं. ५२४ (०-०-१२-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।
६.	अधिविकर्ष कर्जा	**ऋणी : दाउन्नेदेवी मोटर पार्टस** प्रा.फ.र.नं. : ४१३/५२८१/०७० ठेगाना : माकर ०४, नवलपरासी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. राधेश्याम थारू** (ना.प्र.नं. ६३८२४, मिति २०५९/०४/२० जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : शिवनाथ थारु बाजे : रामलाल थारु **२. देव कुमारी देवी थारु** (ना.प्र.नं. ३६३०४८/४४, मिति २०६३/११/३० जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : राधेश्याम थारु ससुरा : शिवनाथ थारु **३. पुर्न वासी देवी थारू** (ना.प्र.नं. २३६६०, मिति २०३६/०७/२८ जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : शिवनाथ थारु ससुरा : रामलाल थारु	पुर्न वासी देवी थारुको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय नवलपरासी, परासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रुपौलीचा गा.वि.स./न.पा. वडा नं. ०५ (क) स्थित कि.नं. ६९८ (०-१-१०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो ले खिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

मोटरसाईकल हरायो

मिति २०८०/१०/९ गते का.जि. टोखा न.पा.-३, भुतखेलबाट **PULSAR 220CC** को स्पार्कल मेट कालो रातो रंगको मोटरसाइकल बेलुकी ७:०० बजेपछिको समयमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहोला ।

सवारीधनी: कृष्ण नारायण डंगोल
मोटरसाईकल नं. बा.प्र-०२-०४३ प २१९६
Engine No.: DKXCNM39965
Chasis No.: MD2A13EX8NCM85626
सम्पर्क नं.: 9843671013

जग्गा बिक्रिमा

दोलालघाट नजिक कृषि फर्म सहित ५० रोपनी जग्गा बिक्रिमा ।

सिधा सम्पर्क:
९८५१०२३७३४ काफले
९८५११३३४८४ जी

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८०/१०/१५ गते माछापोखरी देखि कोटेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : जय बहादुर बि.क.
ठेगाना : भैरवी-६, दैलेख
Reg.No : 765904174
Symbol No.: 25900301
Contact : 9866212013

मोटरसाईकल हरायो

मिति २०८०/९/२८ गते अन्दाजी २३:३० बजेको समयमा का.जि. टोखा न.पा.-७ बाट मेरो निम्न व्यहोरा भएको ग्रे रंगको **200NS** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : महमद अमिर अनसारी
मो.सा.नं.: बा प्र. ०२-०४०-प ०५१०
चेसिस नं. : MD2A36FXXMCH94722
इन्जिन नं. : JLXCMH90866
सम्पर्क न. : 9808081213

ब्रजेश्वरी वचत तथा ऋण सहकारी संस्था लि.
सुविधानगर, काठमाण्डौको सूचना ॥

यस संस्थाको मिति २०८०/१०/०९ मा बसेको संचालक समितिको निर्णयानुसार निष्क्रिय रहेका शेयर सदस्यहरुको नामावली यस संस्थाको सूचना पाटीमा टाँस गरिएको छ । यस्ता निष्क्रिय शेयर सदस्यहरुलाई शेयर सदस्यताबाट किन खारेज नगर्ने ? खारेज नगर्नुपर्ने कारण सहितको चित्त बुझ्दो लिखित जवाफ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा उपस्थित भई निवेदन दिनु हुन यसै सुचना द्वारा जानकारी गराइन्छ ।

भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट मिति २०८०/१०/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचनामा शाखा कार्यालय भरतपुर, चितवनको ऋणीको विवरणमा ऋणी श्री अजम्बरी एग्रो सप्लायर्स प्रा.लि. र धितोको विवरणमा श्री अजम्बरी एग्रो सप्लायर्स प्रा.लि. को नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर वडा नं. ७ ख स्थित कित्ता नं. ४२६५ को क्षेत्रफल ११०.०५ व.मी. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत भुलवस प्रकाशित भएकोले सच्याइएको छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रिय कार्यालय: का.म.न.पा. वडा नं. ७, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-४९७०७६-१२
शाखा कार्यालय : भरतपुर चितवन, फोन नं. ०५६-५९०३१६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

■ फर्जी कागजातमा विमानस्थलबाट मानव तस्करी गर्ने २२ प्रतिवादीविरुद्ध मुद्दा दायर

सम्पत्ति जफतसहित साढे १० वर्ष कैद माग



■ **सीताराम अर्याल**, प्रवक्ता, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं

फर्जी कागजातमा नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दा संगठित तवरले भएको देखिन्छ। धन्दामा सरकारी कर्मचारीसहित २२ प्रतिवादी संलग्न रहेको देखिन्छ। उनीहरूविरुद्धको मुद्दा बिहीबार अदालतमा पेस भएको छ। उनीहरूविरुद्ध लिखत किर्ते र संगठित अपराधअन्तर्गतको कसुर लगाउने तयारी छ। जसअनुसार उनीहरूको सम्पत्ति जफत र साढे १० वर्षसम्मको कैद सजाय माग दाबी गरिएको छ।

टेकराज थामी/नयाँ पत्रिका

फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्न २२ प्रतिवादीविरुद्ध अदालतमा मुद्दा दर्ता भएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बिहीबार जिल्ला अदालत काठमाडौंमा दर्ता गराएको मुद्दामा उनीहरूविरुद्ध साढे १० वर्षसम्मको कैद सजाय माग दाबी गरिएको छ।

सरकारी वकिल कार्यालयले अभियुक्तहरूमा गीता शाह, अरुण दाहाल, सरोजकुमार यादव, नरवीर खड्का, मनोज तामाङ, पदम लामा, रामप्रसाद भण्डारी, विनोद कार्की, निदेश ज्ञवाली, कौशिला मगर, लक्ष्मी राई, गीता दमाईं, आशिष भनिने केदारबहादुर खड्कासहित अध्यागमनका अधिकृत कुशल बराल, ताराबहादुर कुँवर, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल भनिने विष्णुप्रसाद आचार्य, विकास डंगोल, पीताम्बर रिमाल, सुजन फागोलाई प्रतिवादी बनाएको छ। तीमध्ये बराल, कुँवर, ढकाल, पौडेल, अर्याल, डंगोल, रिमाल, फागो, मगर, राई, दमाईं र खड्का फरार छन्। उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गर्न अदालतसमक्ष माग दाबी गरिएको छ। प्रतिवादीविरुद्ध मुलुकी अपराध संहिता, ०७४ को दफा २७६ को उपदफा (१), (२) र संगठित अपराध निवारण ऐन, ०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तर्फको दफा ५ बमोजिमको कसुर लगाइएको छ।

प्रतिवादीलाई सजायसहित साढे १० वर्ष कैद सजाय मागदाबी गरिएको सरकारी वकिल कार्यालयका प्रवक्ता सीताराम अर्यालले बताए। 'फर्जी कागजातमा नेपाली युवालाई भिजिट भिसामा विदेश पठाउने धन्दा संगठित तवरले भएको देखिन्छ। धन्दामा सरकारी कर्मचारीसहित २२ प्रतिवादी संलग्न रहेको देखिन्छ,' उनले भने, 'उनीहरूविरुद्धको मुद्दा बिहीबार अदालतमा पेस भएको छ। उनीहरूविरुद्ध लिखत किर्ते र संगठित अपराधअन्तर्गतको कसुर लगाउने तयारी छ। जसअनुसार उनीहरूको सम्पत्ति जफत र साढे १० वर्षसम्मको कैद सजाय माग दाबी गरिएको छ।' अपराध संहिता ०७४ को दफा २७६ को उपदफा (१) र (२) मा कसैलाई हानि-नोक्सानी वा क्षति पुऱ्याउने उद्देश्यले कसैले पनि किर्ते गर्न नहुने भनिएको छ। उक्त दफामा भनिएको छ, 'कसैले किर्ते गर्न वा गराउन हुँदैन। कसैले सर्वसाधारण वा कसैलाई कुनै हानि-नोक्सानी वा क्षति पुऱ्याउने वा आफू वा कसैलाई कुनै लाभ पुऱ्याउने नियतले कुनै झुटो लिखत वा झुटो विद्युतीय अभिलेख वा लिखत वा विद्युतीय अभिलेखको झुटो अंश वा भाग बनाउने काम गरेमा निजले किर्ते गरेको मानिनेछ।'

त्यस्तै, संगठित अपराध निवारण ऐन, ०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तर्फको दफा ५ मा आपराधिक समूहको लाभका लागि आपराधिक समूहको निर्देशनमा आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी-जानी कुनै गम्भीर अपराध गरेमा संगठित अपराध गरेको मानिनेछ।'



त्यसो हुँदा प्रतिवादीविरुद्ध अपराध संहिता, ०७४ को दफा २७६ को उपदफा (३) (ग) बमोजिम सात वर्ष कैद सजाय र ७० हजार रुपैयाँ जरिवाना मागदाबी गरिएको छ। त्यस्तै, प्रतिवादीहरूले संगठित तवरले अपराध गरेको हुँदा उनीहरूविरुद्ध संगठित अपराध निवारण ऐन, ०७० को दफा ९(क) र ९(ग) बमोजिम प्रचलित कानुनबमोजिम हुने सजायको अतिरिक्त (क) दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसुर गर्नेलाई प्रचलित कानुनबमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय माग गरिएको छ। उक्त दफामा, 'आपराधिक समूहको लाभका लागि आपराधिक समूहको निर्देशनमा आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी-जानी कुनै गम्भीर अपराध गरेमा संगठित अपराध गरेको मानिनेछ। कसुरदारलाई प्रचलित कानुनबमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुनेछ,' भनिएको छ।

■ यसरी हुन्थ्यो 'सेटिङ'

अनुसन्धानअनुसार 'सेटिङ' को डरलाग्दो जालो थियो। ट्राभल एजेन्सीले विदेश जान चाहने युवाको खोजी गर्थ्यो। सम्पर्कमा आएका युवाको नक्कली भिसा, नक्कली प्रहरी रिपोर्ट, १२ कक्षा पास गरेको नक्कली शैक्षिक प्रमाणपत्र, नक्कली बैंक स्टेटमेन्ट आफैं बनाइदिन्थ्यो। यसका लागि उनीहरूले कारखाना नै खोलेका थिए। कागजात तयार भएपछि उनीहरूले युवालाई उपलब्ध गराइदिन्थे। उनीहरूलाई विमानको टिकट दिइन्थ्यो। र, उनीहरूको नामावली विमानस्थलमा कार्यरत सम्बन्धित एयरलाइन्स र अध्यागमन कार्यालयका कर्मचारीलाई उपलब्ध गराइदिन्थे।

कागजातसहित टिकट लिएर युवा सम्बन्धित एयरलाइन्सको चेकिङ पोइन्टमा चेकिङका लागि पुग्थे। कर्मचारीसमक्ष कागजात देखाउँथे। कर्मचारीले युवाको नामावली सँगै रहेको सूचीमा भए/नभएको रुजु गर्थे। र, सूचीमा नामावली भएका युवालाई सजिलै पास दिन्थे। युवा त्यसपछि अध्यागमनको चेकिङ कक्ष पुग्थे। युवाले त्यहाँ पनि कागजात पेस गर्थे। चेकिङमा रहेका कर्मचारीले कागजात परीक्षण गर्थे। कागजातमा कैफियत देखिएको युवाको नामावली सँगै रहेको सूचीमा रहे/नरहेको परीक्षण हुन्थ्यो। र, सूचीमा नामावली रहेका युवालाई सजिलै विदेश भिजिटको अनुमति दिइन्थ्यो। प्रहरीका अनुसार यसका लागि ट्राभल एजेन्टले प्रतियुवा दुई लाख रुपैयाँ असुल्थे। त्यसमध्ये अध्यागमनका कर्मचारीलाई प्रतियुवा ४० देखि ५५ हजार रुपैयाँ बुझाउँथे। एयरलाइन्सका कर्मचारीले प्रतियुवा १० हजारदेखि १५ हजार रुपैयाँ बुझाउँथे। विमानस्थलस्थित कार्यरत प्रहरीलाई भने उनीहरूले प्रतिव्यक्ति १० हजार रुपैयाँ बुझाउँथे। यसरी सेटिङबाट प्रत्येक दिन पाँचवटा एयरलाइन्सबाट कम्तीमा दुई सय ५० युवा फर्जी कागजातमा विदेश जाने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। प्रहरीका अनुसार तस्करले विमानस्थलमा 'सेटिङ'का लागि मात्रै प्रतिदिन दुई करोड रुपैयाँ खर्च गर्दै आएका थिए।

सेटिङको सम्बन्धमा अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रेग्मीले भने, 'सेटिङबापत दैनिक विमानस्थलका कर्मचारीका लागि मात्रै दुई करोड रुपैयाँ खर्च हुने गरेको देखिएको छ। यसका लागि अध्यागमनका कर्मचारीले कम्तीमा प्रतियुवा ४० हजारदेखि ५५ हजार र एयरलाइन्सका कर्मचारीले १० हजारदेखि १५ हजार रुपैयाँ बुझ्दै आएको देखिन्छ।' प्रहरीका अनुसार यस धन्दामा विशेष गरी नेपाल वायु सेवा निगमसहित हिमालयन एयरलाइन्स, अलजजिरा, फ्लाई दुबई र एअर अरबियाको कर्मचारी संलग्न रहेको अनुसन्धानबाट देखिएको छ। यद्यपि, प्रहरीले निगमबाहेक अन्य एयरलाइन्सको कर्मचारी भने पक्राउ गर्न सकेको छैन।

भिजिट भिसाका एजेन्टबाट तीन वर्षमा ४८ करोडको कारोबार

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका कर्मचारीसँग मिलेर भिजिट भिसामा विदेश पठाउने काम गर्दै आएका एक एजेन्टले तीन वर्षमा ४८ करोडको कारोबार गरेको भेटिएको छ। सिनामंगलस्थित निमा छिरिङ टुर्स एन्ड ट्राभलका सञ्चालक मनोज लामाको खातामा यस्तो अस्वाभाविक कारोबार देखिएको हो। जुन रकम भिजिट भिसाकै लेनदेनको भएको प्रहरी दाबी छ। लामाको ज्योति विकास बैंकमा रहेको खाताको विवरण प्रहरीले मागेको थियो। १० मार्च २०२० देखि ३१ डिसेम्बर २०२३ सम्म उनको खातामा ४८ करोड २५ लाख ४८ हजार सात सय ९७ रुपैयाँबराबरको कारोबार भएको देखिएको छ। उनीमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट समेत सम्पत्ति छानबिन गर्न माग दाबी गरी मुद्दा दायर भएको छ। ट्राभल एजेन्सीको आवरणमा उनले भिजिट भिसाको सेटिङ मिलाउँदै आएका थिए। थुनामा रहेका अध्यागमन अधिकृत नरवीर खड्कालाई मात्र आफूले एक करोड रुपैयाँ बुझाएको उनले प्रहरी बयानमा बताएका छन्। उनैले दिएको दुई लाख रुपैयाँसहित अध्यागमन अधिकृत खड्कालाई प्रहरीले पक्राउ गरेको थियो।

६ सय युवाबाट ५९ करोड ठगी

युरोपको सपना देखाएर विकास वाइबाको आवरणमा ठगी धन्दा गर्ने तामाङ पक्राउ



काठमाडौं/ युरोपका विभिन्न मुलुक पठाउने प्रलोभनमा ६ सयभन्दा धेरैबाट ५९ करोड ठगी गर्ने युरो विड्स इजुकेसन कन्सल्टेन्सीका सञ्चालक विकास वाइबा भनिने सुजन तामाङ पक्राउ परेका छन्। काठमाडौं अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई ललितपुरको पुल्चोकबाट बुधबार पक्राउ गरेको हो।

तामाङले युरोपियन मुलुक माल्टा, पोल्यान्ड र क्रोसियासहित क्यानडा पठाउने प्रलोभनमा ६ सयभन्दा धेरैबाट ५९ करोड उठाएका थिए। जसमध्ये ६ सय दुई पीडितको उजुरी प्रहरी कार्यालयमा परिसकेको छ। अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले फर्जी कागजात बनाएर तामाङले सर्वसाधारण ठग्ने गरेको बताए। '६ सयभन्दा धेरै युवा ठगेको भन्दै वैदेशिक रोजगार विभागबाट जाहेरी आयो। घटनाको अनुसन्धान थाल्दा ७० जनाको जाहेरी नै परिसकेको छ। उनीहरूले तीन करोड २५ लाख २२ हजार रुपैयाँ ठगी भएको जाहेरी दिएका छन्। सबै पीडितको जाहेरी आउँदा ठगिएको रकम ५९ करोड नाघ्छ। पीडितबाट जाहेरी आउने क्रम जारी छ,' उनले भने। प्रहरीका अनुसार तामाङले विकास वाइबाको आवरणमा ठगीधन्दा चलाउँदै आएका थिए। उनीसँग वाइबाको नाममा नागरिकता प्रमाणपत्र छ। सोही प्रमाणपत्रका आधारमा उनले गत वैशाखबाट बालाजुमा युरो विड्स इजुकेसन कन्सल्टेन्सी खोलेका थिए। सोही कन्सल्टेन्सीबाट उनले ६ सयभन्दा धेरै युवासँग रकम असुलेको प्रहरीको भनाइ छ।

'तामाङले विकास वाइबाको नागरिकता प्रयोग गरी कन्सल्टेन्सी खोलेको देखिन्छ। आफूलाई सोही आवरणमा परिचित गराउँथे। युवालाई विदेश पठाइदिने सपना देखाउँथे र ठगीधन्दा चलाउँथे,' अनुसन्धान कार्यालयका डिएसपी अनिल घिमिरेले भने। प्रहरीका अनुसार उनले क्यानडाका लागि प्रतिव्यक्ति १८ लाख, माल्टाका लागि प्रतिव्यक्ति आठ लाख, पोल्यान्डका लागि प्रतिव्यक्ति सात लाख र क्रोसियाका लागि प्रतिव्यक्ति ६ लाख ५० हजार रुपैयाँसम्म उठाउँथे। प्रहरीका अनुसार तामाङको आवरणमा धन्दा चलाउँदा पक्राउ परिने डर भएपछि उनले यस्तो गरेका हुन्। सुजनविरुद्ध प्रहरीले ०७७ मै ठगी तथा आपराधिक लाभसम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरेको थियो। त्यसपछि उनी केही वर्ष भारतको विभिन्न सहरमा लुक्दै आएका थिए। नेपाल फर्केपछि भने उनी विकास वाइबाको नाममा परिचित भएका थिए। सुजन ०७३ देखि ०७७ सम्म विभिन्न मेनपावर कम्पनीमा एजेन्टका रूपमा काम गर्थे। सोही क्रममा उनले विभिन्न व्यक्तिलाई ठगी गरेका थिए। सोही मुद्दामा अदालतले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

चार वर्षदेखि अल्झिएको अनुगमन तथा मूल्यांकन विधेयक राज्य व्यवस्था समितिबाट पारित



कमलराज भट्ट/नयाँ पत्रिका

चार वर्षदेखि संघीय संसद्मा विचाराधीन अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको छ। १५ वैशाखमा प्रतिनिधिसभाले पठाएको विधेयकमा समितिले संशोधनकर्ता, सरोकारवालासहित दफावार गरेर बिहीबार परिमार्जनसहित टुंग्याएको हो। समिति सभापति रामहरि खतिवडाले विधेयकमा परिमार्जनसहित सर्वसम्मत विधेयक पारित भएको जानकारी दिए। परिमार्जनसहितको समितिको प्रतिवेदनलाई अन्तिम रूप दिएर २२ माघबाट सुरु हुने संसद्को अधिवेशनमा पेस गरिने उनको भनाइ छ।

विकास नीति तथा योजनाको अनुगमन तथा मूल्यांकनलाई तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित, नतिजामुखी र प्रभावकारी बनाउन सरकारले २८ फागुन ०७६ मा विधेयक राष्ट्रिय सभामा दर्ता गरेको थियो। विकास नीति तथा योजनाको कार्यान्वयनमा उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गरी लागत प्रभावकारिता अभिवृद्धि गर्न भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ल्याएको विधेयक २३ माघ ०७९ मा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभा आएको थियो। एक वर्षपछि प्रतिनिधिसभाको विषयगत समितिले विधेयक टुंग्याएको हो।

परिमार्जनसहित समितिबाट पारित भएको विधेयकमा आयोजनाको अनुगमन र मूल्यांकन प्रत्येक ६ महिनामा गर्नुपर्ने व्यवस्था गरिएको छ। विधेयकमा तीनै तहका सरकारबाट सञ्चालित योजनाको नियमित अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्था पनि गरिएको छ। तीनै तहको अनुगमन तथा मूल्यांकनको सर्वोच्च निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र राष्ट्रिय योजना आयोगलाई मानिएको छ।

■ के-के अनुगमन हुन्छ ?

विधेयकमा व्यवस्था भएअनुसार योजना आयोगले नेपाल सरकारका आवधिक योजना, गुरुयोजना, वार्षिक योजना, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, रूपान्तरणकारी आयोजना, नेपाल सरकारले तोकेका महत्त्वपूर्ण आयोजना, वैदेशिक सहायतामा सञ्चालित आयोजना र अन्तरसरकारी वित्त हस्तान्तरणसम्बन्धी प्रचलित कानुनबमोजिम प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानबाट सञ्चालित आयोजनाको अनुगमन र मूल्यांकन गर्नेछ।

राजनीतिक दलसम्बन्धी संशोधन विधेयक संसद्मा दर्ता

काठमाडौं/ राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा दर्ता भएको छ। अध्यादेश ल्याउँदा निष्क्रिय भएको दल विभाजनसम्बन्धी साबिककै व्यवस्था जगाउन गृह मन्त्रालयले बिहीबार संशोधन विधेयक दर्ता गरेको संसद् सचिवालयले जनाएको छ।

तत्कालीन प्रधानमन्त्री केपी ओली र शेरबहादुर देउवाले दल विभाजनसम्बन्धी प्रावधान खुकुलो बनाउन अध्यादेश ल्याएका थिए। देउवाले केन्द्रीय समिति वा संसदीय दलमध्ये एकमा २० प्रतिशत सदस्यको समर्थन भए पार्टी फुट्ने अध्यादेश ल्याउँदा एमाले र जसपा विभाजन भएको थियो। गृह मन्त्रालयले पार्टी फुटाउन केन्द्रीय समिति र संसदीय दल दुवैमा ४० प्रतिशत सदस्यको समर्थन चाहिने साबिककै व्यवस्था गरेर संशोधन विधेयक ल्याएको हो। २२ माघमा आह्वान गरिएको अधिवेशनमा विधेयक प्रक्रियामा जाने संसद् सचिवालयले जनाएको छ।

प्रदेशस्तरमा कार्यान्वयन हुने योजना तथा प्रदेशले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानबाट सञ्चालित कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन तथा मूल्यांकन प्रदेश सरकारले गर्नुपर्ने र यसका लागि जिम्मेवार निकाय वा पदाधिकारी तोक्नुपर्ने र उनीहरूको आवश्यक निगरानी गर्नुपर्ने भनिएको छ। प्रदेशको अनुगमन तथा मूल्यांकनको प्रतिवेदन राष्ट्रिय योजना आयोगले माग गरेमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।

स्थानीयस्तरमा कार्यान्वयन हुने योजनाको नियमित अनुगमन तथा मूल्यांकन गाउँपालिका र नगरपालिकाले गर्नुपर्ने, उनीहरूले जिम्मेवार निकाय वा पदाधिकारी तोक्नुपर्ने, साथै सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आवश्यक निगरानी गर्नुपर्ने व्यवस्था विधेयकमा छ। स्थानीयस्तरको प्रतिवेदन योजना आयोगले माग गरेमा उपलब्ध गराउनुपर्ने पनि भनिएको छ। विधेयकमा जिल्ला सभाले सम्बन्धित जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाले सञ्चालन गर्ने योजनाको सम्बन्धमा आवश्यक समन्वय, रेखदेख र सहजीकरण गर्नुपर्ने पनि भनिएको छ। जिल्ला सभाले सम्बन्धित जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाको विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन हुने आयोजना कार्यान्वयनको अनुगमन गर्नुपर्ने पनि भनिएको छ।

■ बेलायतका सेनाध्यक्ष नेपालमा

यस वर्ष ३३६ नेपाली बेलायती सेनामा भर्ती हुने

काठमाडौं/ बेलायतका सेनाध्यक्ष जनरल प्याट्रिक स्यान्डर्स औपचारिक भ्रमणका क्रममा नेपालमा छन्। प्याट्रिक तीन सय ३६ जना नेपाली गोर्खाको अन्तिम छनोट कार्यक्रममा पोखरामा सहभागी हुने क्रममा सोमबार साँझ काठमाडौं आइपुगेका हुन्।

'मूलतः यही कार्य (गोर्खा सैनिकका अन्तिम छनोट)का लागि नेपाल आएको हुँ,' उनले बिएफबिएस गोर्खा रेडियो लाई भनेका छन्। ब्रिटिस सेनामा छनोट भएका नेपालीलाई शपथग्रहण गराएर बेलायतको क्याटरिक भन्ने ठाउँमा लै जाने योजना छ। क्याटरिकमा सैनिक तालिम पार गरेपछि उनीहरूलाई बेलायती सेनाले विभिन्न युनिटमा खटाउनेछ।

'गोर्खाका कारण बेलायत र नेपालबीचको रणनीतिक साझेदारी, सम्बन्ध, मित्रता अर्थपूर्ण छ,' उनले भनेका छन्, 'नेपालका राजनीतिक दलका नेता, प्रधानमन्त्री, मन्त्रीहरू, सेनाको नेतृत्वबीच भेटघाटको अवसर पनि हो। हामी दुई देशबीच ऐतिहासिक सम्बन्ध र मित्रताको बन्धन सुदृढ गर्नेछौं।' भारतले तीन वर्षअघि अग्निपथ योजनाअन्तर्गत चार वर्षका लागि सुरुमा सेनामा भर्ती हुने योजना लागू गरेसँगै भारतीय सेनामा नेपालीको भर्ती बन्द छ। बेलायती सेनामा गोर्खा भर्ती निरन्तर चलिरहेको छ।

गोर्खा सैनिक र उनका परिवारलाई के सन्देश छ भन्ने प्रश्नमा जनरल प्याट्रिकले भने, 'उहाँहरूले के गरिर हनुभएको छ भनेर बुझ्ने र प्रोत्साहन दिन आएको हुँ। गोर्खा ब्रिगेडमा सेवा गर्ने गोर्खाहरूप्रति गहिरो स्नेह र सम्मान छ। उहाँहरूको बफादारी, इमानदारिता, कठोरता व्यावसायिक विशेषता हुन्। ब्रिटिस सेनामा गोर्खाहरूले सेवा गरेका कारण हामी धेरै बलिया छौं। यो लामो समयसम्म जारी रहोस् भन्ने चाहन्छौं।'



■ **जनरल प्याट्रिक स्यान्डर्स**, सेनाध्यक्ष, बेलायत

जनरल प्याट्रिक आफैं पनि गोर्खा सैनिकसँग जोडिएका छन्। उनका बुबाले गोर्खा ब्रिगेडको १०औं गोर्खा र इफल्समा सेवा गरेका थिए। मलायाको विद्रोह र इन्डोनेसियामा बेलायती सेनाका तर्फबाट उनका बुबा खटिएका थिए। उनले बेलायती सेनामा आधुनिकीकरण भइरहेको पनि बताए। 'यो दशकको अन्तिमसम्ममा हाम्रो सेना निकै फरक देखिनेछ। त्यसकारण यसवेला भर्ती हुन उत्साहजनक समय हो,' उनले भने, 'हामी विश्वभरि परिचालित छौं। हामीसँग उच्च प्रकारको प्रतिबद्धता छ।'

कपिलवस्तुलाई विश्वसम्पदा सूचीमा राख्न अन्तिम मनोनयन पेस

कपिलवस्तु/ प्राचीन शाक्य गणराज्यको राजधानी सहर तिलौराकोट कपिलवस्तुलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न नेपाल सरकारका तर्फबाट अन्तिम मनोनयन दस्ताबेज युनेस्को विश्वसम्पदा केन्द्रमा पेस भएको छ। फ्रान्सका लागि नेपाली राजदूत एवं युनेस्कोका लागि नेपालका स्थायी प्रतिनिधि सुधीर भट्टराईले युनेस्को वर्ल्ड हेरिटेज केन्द्रका निर्देशक लाजारे इलोन्डोलाई बुधबार औपचारिक रूपमा मनोनयन दस्तावेज पेस गरेका हुन्।

लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बिहीबार विज्ञप्ति जारी गर्दै फ्रान्सको राजधानी पेरिसस्थित विश्वसम्पदा केन्द्रको केन्द्रीय कार्यालयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूद्वारा तयार गरिएको रणनीतिक मनोनयन दस्ताबेज पेस भएको जनाएका छन्। सिद्धार्थ गौतमले २ ९ वर्ष बिताएको तिलौराकोट दरबारलाई विश्वसम्पदा सूचीमा सूचीकृतका लागि आवश्यक पर्ने प्रमाण र आधार अन्तर्राष्ट्रिय र राष्ट्रिय विज्ञहरूले रणनीतिक दस्ताबेजमा सामेल गरिसकेको विज्ञप्तिमा उल्लेख छ। युनेस्कोले १९९६ मै ऐतिहासिक पुरातात्त्विक स्थल तिलौराकोटलाई सम्भावित विश्वसम्पदा सूचीमा राखेको थियो।

११ वर्षमा १२ सयको मिर्गौला प्रत्यारोपण

अब नेपाली चिकित्सकबाटै कलेजो प्रत्यारोपण

नयाँ पत्रिका

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले हालसम्म १२ सयजनाको मिर्गौला प्रत्यारोपण गरेको छ। नेपालमा ११ वर्षदेखि मिर्गौला प्रत्यारोपणको सेवा दिइरहेको केन्द्रले मिर्गौला र कलेजो प्रत्यारोपणको दर बढाउँदै लगेको हो। नेपालमा बर्सेनि तीन हजार जनाको मिर्गौला प्रत्यारोपण गर्नुपर्ने भए पनि न्यून संख्यामा मात्रै प्रत्यारोपण भइरहेको छ।

केन्द्रले मात्रै ७० देखि ८० प्रतिशत बिरामीको मिर्गौला प्रत्यारोपण गरिरहेको छ। यसबाहेक मस्तिष्क मृत्यु भएका व्यक्तिबाट समेत मिर्गौला प्रत्यारोपण सुरु भएको छ। विभिन्न प्रदेश अस्पतालसँग समेत समन्वय गरेर मिर्गौला प्रत्यारोपण हुन थालेपछि मिर्गौलापीडितले समयमै उपचार पाउने दरसमेत बढेको छ। हाल मिर्गौला प्रत्यारोपणका लागि नेपालका विभिन्न अस्पतालमा रहेका चिकित्सकलाई प्रशिक्षण दिइरहेका डा. पुकारचन्द्र श्रेष्ठ भन्छन्, 'मिर्गौलासँगै कलेजो प्रत्यारोपणको संख्या पनि बढेको छ। पछिल्ला केही वर्षमा मात्रै अंग प्रत्यारोपण केन्द्रमा १८ जनामा कलेजो प्रत्यारोपण गरेका छौं। आगामी साता दुईजनामा प्रत्यारोपणको तयारी भइरहेको छ।' काठमाडौंका ठूला सरकारी अस्पताल र प्रदेश अस्पतालले समेत सेवा दिन सुरु गरेकाले अंग फेल भएकाको उपचार सहज बन्दै गउको उनको भनाइ छ।



काठमाडौं/ अबदेखि नेपाली चिकित्सकले नै कलेजो प्रत्यारोपण गर्ने भएका छन्। त्रिवि शिक्षण अस्पतालमा एक बिरामीको कलेजो प्रत्यारोपण सफल भएको छ। यसअघि विदेशी चिकित्सक बोलाएर कलेजो प्रत्यारोपण हुँदै आए पनि पहिलोपटक शिक्षण अस्पताल महाराजगन्जका सर्जन प्रा.डा. रमेशसिंह भण्डारीको टिमले २७ पुसमा कलेजो प्रत्यारोपण गर्न सकेको हो।

डा. भण्डारीको नेतृत्वमा नुवाकोटका ४१ वर्षीय पुरुषको कलेजो प्रत्यारोपण सफल भएको त्रिवि शिक्षण अस्पतालले जनाएको छ। ती पुरुषलाई उनकी ४० वर्षीया श्रीमतीले कलेजो दान गरेकी थिइन्। ती पुरुषले अत्यधिक मदिरा सेवन गरेका कारण कलेजो नै काम नलाग्ने भएको थियो। कलेजो प्रत्यारोपण सफल भएपछि बिरामी १० दिनपछि डिस्चार्ज भएका थिए। अंगदान गर्ने महिला बिहीबार डिस्चार्ज भएकी छिन्। नेपालकै चिकित्सक टोलीले मात्रै प्रत्यारोपण गरेकाले अस्पताल प्रशासनले बिरामी डिस्चार्ज नहुँदासम्म सो विषय गोप्य राखेको थियो।

प्रत्यारोपण सफल भएकाले अंगदानसम्बन्धी उपचारमा नेपाललाई थप सफलता मिलेको प्रा.डा. भण्डारीले जानकारी दिए। उनका अनुसार कलेजो प्रत्यारोपण गर्दा ५०-६० जनाको स्वास्थ्यकर्मी टोली परिचालन गरिएको र करिब १२ घन्टा समय लागेको थियो। कलेजो प्रत्यारोपणमा करिब ३५ लाख रुपैयाँ खर्च भएको छ। त्यसमध्ये पाँच लाख रुपैयाँ सरकारले दिएको थियो भने अन्य रकम बिरामीका आफन्तले जोहो गरेका थिए। 'कलेजो प्रत्यारोपण निकै जटिल मानिन्छ, यसको प्रत्यारोपण गर्दा जनशक्ति पनि धेरै चाहिन्छ, हामीले सफलतापूर्वक प्रत्यारोपण गर्न सकेका छौं,' भण्डारीले भने, 'यसअघि प्रत्यारोपणको मुख्य काम नै विदेशी चिकित्सकले गर्दथे, तर यसपटक यहीँको टिमले प्रत्यारोपण गर्न सकेका छौं। अब महिनामा एउटा प्रत्यारोपण गर्ने योजना छ।' उनका अनुसार कलेजो प्रत्यारोपणका अधिकांश बिरामी भारत जाने गरेका छन्।

देश अराजकतातर्फ धकेलियो : पोखरेल

रौतहट/ एमाले महासचिव शंखर पोखरेलले सत्तागठबन्धनका कारण देश अराजकतातर्फ धकेलिएको टिप्पणी गरेका छन् । एमाले रौतहटले बिहीबार आयोजना गरेको प्रथम प्रतिनिधि परिषद्को बैठकलाई सम्बोधन गर्दै पोखरेलले सरकार गठन भएको एक वर्षमा १४ हजार युवालाई विदेश पठाएर सत्तागठबन्धनले आफ्नो नालायकीपन प्रस्तुत गरेको आरोप लगाए ।

मधेश प्रदेश सरकार र संघ सरकारमा गठबन्धन भएसँगै देशको अवस्था नाजुक भएको उनको भनाइ थियो । उनले गठबन्धन सरकारकै कारण आन्तरिक ऋण लिएर कर्मचारीलाई तलब खुवाउनुपर्ने र राष्ट्र बैंकले नोट निष्क्रिय बनाउने अवस्था आएकोसमेत जिकिर गरे ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/१०/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०/११/०५ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना		लिलाम हुने धितोको विवरण
१	विपन्नवर्ग कजा	**ऋणीको नामः वेदी माया मुग्राती** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७२७-६०७ (२०४५/०१/०९/ईलाम) बाबुको नामः कर्ण बहादुर मुग्राती ससुराको नामःधन बहादुर सार्की पतिको नामःबल बहादुर सार्की ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा.वडां नं. १० । **व्यक्तिगत जमानतकर्ताहरुः** **१.बल बहादुर सार्की** ना.प्र.प. नं. (जारी मिति/स्थान): ३८३/४४० (२०४३/०९/०७/इलाम) बाजेको नामःहर्क सिंह सार्की बाबुको नामःधन बहादुर सार्की ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा., वडा नं. १० । **२.लाल बहादुर सार्की** ना.प्र.प.नं (जारी मिति/स्थान): ०३-१-०१८/८८१८६ (२०६४/११/१४/इलाम) बाजेको नामः धन बहादुर सार्की बाबुको नामः बल बहादुर सार्की ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा., वडा नं. १०	**३.गंगा सार्की** ना.प्र.प. नं. (जारी मिति/स्थान): ०३-०१-७०-००९७५ (२०७०/१२/२३/इलाम) बाबुको नामः पदम बहादुर सार्की ससुराको नामः बल बहादुर सार्की पतिको नामः तुल मान सार्की ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा,. वडा नं.१० । **४.रन्जु सार्की** ना.प्र.प. नं. (जारी मिति/स्थान): ०३-०१-७१-०२२९९ (२०७१/०९/०६/इलाम) बाबुको नामः प्रेम खड्का ससुराको नामः बल बहादुर सार्की पतिको नामः लाल बहादुर सार्की ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं.५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा., वडा नं.१० ।	हर्क सिंह सार्कीको नाति, धन बहादुर सार्कीको छोरा, इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा., वडा नं. १० बस्ने **बल बहादुर सार्की**को नाममा मालपोत कार्यालय इलाम को लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला, चिसापानी गा.वि.स./न.पा., वडा नं. ५ स्थित कि.न. २७ र ५२ को क्षेत्रफल १४-६-०-३ र २-८-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	विपन्न वर्ग कर्जा	**ऋणीको नामः निलम श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): ०३-०१-७१-०३३७६ (२०७१/१२/३०/इलाम) बाबुको नामः मन कुमार श्रेष्ठ ससुराको नामःदान बहादुर श्रेष्ठ पतिको नामःआशिष श्रेष्ठ ठेगानाः इलाम जिल्ला, इलाम न.पा..वडा नं.९ ।	**व्यक्तिगत जमानतकर्ताः** **आशिष श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): ८२१५२ (२०६२/०९/१३/इलाम) बाजेको नामःतारा बिर श्रेष्ठ बाबुको नामः दान बहादुर श्रेष्ठ ठेगानाः इलाम जिल्ला, इलाम न.पा..वडा नं.९ ।	मन कुमार श्रेष्ठको छोरी, दान बहादुर श्रेष्ठको बुहारी,आशिष श्रेष्ठको पत्नि इलाम जिल्ला, इलाम न.पा..वडा नं. ९ बस्ने **निलम श्रेष्ठ** -१ र तारा बिर श्रेष्ठको नाती, दान बहादुर श्रेष्ठ को छोरा, इलाम जिल्ला, इलाम न.पा..वडा नं. ९ बस्ने **आशिष श्रेष्ठ** -१ समेत २ जनाको संयुक्त नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला, इलाम न.पा. वडा नं. २/ख स्थित कि.न. १४५८ को क्षेत्रफल ०-४-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	आवधिक कर्जा	**ऋणीको नामः होटल ओम तारा प्रा.ली.** (नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २६०२८३/०७७/०७८ दर्ता मितिः २०७७/१२/११ स्थायी लेखा नं.: ६०९९८०१८३ ठेगानाः रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं.८। **सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरू** **१.ओम कृष्ण श्रेष्ठ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७/१०९२ (२०४४/१२/२४रूपन्देही) बाजेको नामः तेज बहादुर श्रेष्ठ बाबुको नामः राम बहादुर श्रेष्ठ ठेगानाः रूपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा .वडा नं ९ ।	**२. तारा गोदार नेपाल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०२-७४-०४७८६ (२०७४/०५/०४/रूपन्देही) बाबुको नामः केहर सिं गोदार ससुराको नामः कृष्ण प्रसाद नेपाल पतिको नामः सुरेश नेपाल ठेगानाः रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ । **व्यक्तिगत जमानतकर्ताः** **सुरेश नेपाल** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७/०४७/०४८ (२०४७/११/३०/रोल्पा) बाजेको नामः लोकनाथ नेपाल बाबुको नामः कृष्ण प्रसाद नेपाल ठेगानाः पाल्पा जिल्ला,तान्सेन गा.वि.स. वडा नं. ११ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा.वडा नं. ४ ।	१. केहर सिं गोदार को छोरी, कृष्ण प्रसाद नेपालको बुहारी, सुरेश नेपालको पत्नि, रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा.वडा नं. ८ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं ४ बस्ने **तारा गोदार नेपाल**को नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरू: (क) रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ८ स्थित कि. नं. १२६ को क्षेत्रफल १३२ व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) रूपन्देही जिल्ला,मकहर गा.वि.स. वडा नं. ९ ख स्थित कि. नं. ३०० को क्षेत्रफल ५२४.८६ व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २.लोकनाथ नेपालको नाति, कृष्ण प्रसाद नेपालको छोरा, पाल्पा जिल्ला,तान्सेन गा.वि.स. वडा नं. ११ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **सुरेश नेपाल**को नाममा मालपोत कार्यालय रूपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ८ स्थित कि. नं. १२५ को क्षेत्रफल १३८.०० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	१. आवधिक कर्जा २. बृजग्याप कर्जा	**ऋणीको नामः मिथिला कृषि पशुपालन तथा डेरी उद्योग प्रा.लि.** (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनि रजिष्टारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २०९१९०/०७५/०७६, दर्ता मितिः २०७५/११/०९ स्थायी लेखा नं. ६०६६९३७३० ठेगानाः धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. १४ । **संञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरुः** **१.मिथिला देवी मंडल** ना.प्र.प. नं. (जारी मिति/स्थान) : ६२५८३२०३ (२०६०/०४/२८/धनुषा) बाबुको नामः राम सेवक मण्डल ससुराको नामः परमेश्वर मण्डल पतिको नामः राम चन्द्र मण्डल ठेगानाः धनुषा जिल्ला, मिथिलेश्वर मौवाहि गा.वि.स. वडा नं. ७ । **२. रमेश कुमार मण्डल** ना.प्र.प. नं. (जारी मिति/स्थान): १७३०५४/४५४ (२०६३/१०/२४/धनुषा) बाजेको नामः बुलन मण्डल बाबुको नामः सिया शरण मण्डल धानुक ठेगानाः धनुषा जिल्ला, मि. मौवाहि गा.वि.स. वडा नं. २ ।	**३. सतिश कुमार साह** ना.प्र.प. नं. (जारी मिति/स्थान): १७१०६४/२७४ (२०६८/०३/०६/धनुषा) बाजेको नामः असर्फि साहु तेली बाबुको नामः राम बिलास साहु तेली ठेगानाः धनुषा जिल्ला, कनकपट्टी गा.वि.स. वडा नं. २ । **४. बिपिन कुमार साह** ना.प्र.प. नं. (जारी मिति/स्थान): ११२११६७२ (२०६१/११/१३/धनुषा) बाजेको नामः बहादुर साहु बाबुको नामः धनुषधारी साहु तेली ठेगानाः धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स. वडा नं. ७ । **व्यक्तिगत जमानतकर्ताहरुः** **१. सिया शरण मण्डल धानुक** ना.प्र.प. नं. (जारी मिति/स्थान): ६२५८१४७९ (प्र.प. २०५९/०१/०३/धनुषा) बाबुको नामः बुलन मण्डल ठेगानाः धनुषा जिल्ला, मि. मौवाहि गा.वि.स. वडा नं. ३ । **२. रामचन्द्र मण्डल** ना.प्र.प. नं. (जारी मिति/स्थान): १७६२५८१४२८ (२०४६/११/१८/धनुषा)	बाजेको नामः रामेश्वर मण्डल बाबुको नामः परमेश्वर मण्डल ठेगानाः धनुषा जिल्ला, मिथिलेश्वर मौवाहि गा.वि.स., वडा नं.७ बस्ने **बिपिन कुमार साह**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स., वडा नं. ६/६क स्थीत कित्ता नं. ९७२ को क्षेत्रफल १०१५.९२ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । **३. राम बिलास साहु तेली** ना.प्र.प. नं. (जारी मिति/स्थान): ६८१०३/४४१३०२८२ (२०३४/०३/१२/धनुषा) बाजेको नामः लक्ष्मी साह बाबुको नामः असर्फि साहु तेली ठेगानाः धनुषा जिल्ला, कनकपट्टी गा.वि.स. वडा नं. २ । **४. दिलिप कुमार साह** ना.प्र.प. नं. (जारी मिति/स्थान): ११२२१४९८ (२०५६/०४/२३/धनुषा) बाजेको नामः बहादुर साहु बाबुको नामः धनुषधारी साहु तेली ठेगानाः धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स. वडा नं. ७ । **५. धनुषधारी साहु तेली** ना.प्र.प.नं. (जारी मिति/स्थान): ११२११३०९ (२०३८/०१/२०/धनुषा) बाजेको नामः अमृत साहु बाबुको नामः बहादुर साहु ठेगानाः धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स. वडा नं. ७ ।	बहादुर साह तेलीको नाति, धनुषधारी साह तेलीको छोरा, धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स., वडा नं.७ बस्ने **बिपिन कुमार साह**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, बेंगा शिवपुर गा.वि.स., वडा नं. ६/६क स्थीत कित्ता नं. ९७२ को क्षेत्रफल १०१५.९२ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
५.	१.ओभरड्राफ्ट कर्जा २.डिमाण्ड कर्जा ३.बैंक जमानत कर्जा	**ऋणीको नामः आर.टि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय मा दर्ता रहेको) दर्ता नं.: ७१४३२/०६६/०६७ दर्ता मितिः २०६६/१२/०५ स्थायी लेखा नं.: ३०४२०९९६९ ठेगानाः महोत्तरी जिल्ला, वर्दिवास गा.वि.स वडा नं.१ हाल परिवर्तित महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं. १ । **सञ्चालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१. राज कुमार श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): १०३४० (२०४४/०३/०९/नवलपरासी) बाजेको नामः टेक बहादुर श्रेष्ठ बाबुको नामः सूर्यलाल श्रेष्ठ ठेगानाःनवलपरासी जिल्ला, डेडगाऊँ गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं. १ । **२.टिका श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): १८०६५ (२०५१/०४/३१/नवलपरासी) बाबुको नामः बलध्वज खड्का	ससुराको नामः सूर्यलाल श्रेष्ठ पतिको नामः राज कुमार श्रेष्ठ ठेगानाः नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं १। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. विपलव श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): १८-२-०७५/२९२(२०७०/०७/०८/महोत्तरी) बाजेको नामः सूर्यलाल श्रेष्ठ बाबुको नामः राज कुमार श्रेष्ठ ठेगानाः महोत्तरी जिल्ला,गौरीबास गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं १ । **२.विवेक श्रेष्ठ** ना.प्र.प. नं. (जारी मिति/स्थान): १८१०७५/३४२ (२०६८/११/१५/महोत्तरी) बाजेको नामः सूर्यलाल श्रेष्ठ बाबुको नामः राज कुमार श्रेष्ठ ठेगानाः महोत्तरी जिल्ला,गौरीबास गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला,वर्दिवास न.पा. वडा नं. १ ।	१. टेक बहादुर श्रेष्ठको नाति, सूर्यलाल श्रेष्ठ को छोरा, नवलपरासी जिल्ला, डेडगाऊँ गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, वर्दिवास न.पा., वडा नं. १ बस्ने **राज कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय वर्दिवास को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरू: (क) महोत्तरी जिल्ला, २५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं. ४(च) स्थित कि. नं. १२०, १५४ र १५८,को क्षेत्रफल क्रमश, ०-१-० ०-०-११ र ०-१-० विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) महोत्तरी जिल्ला, २५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं. ४(ङ) स्थित कि. नं. २९८ र ३०२ को क्षेत्रफल क्रमश ०-०-१८ र ०-०-१२ विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) महोत्तरी जिल्ला, २५ नं.बहादुर गञ्ज गा.वि.स.वडा नं.१(ग) स्थित कि. नं. ४१२ र ३४५, को क्षेत्रफल क्रमश ०-१-१० र ०-२-६ विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (घ) महोत्तरी जिल्ला, २५ नं.बहादुर गञ्ज गा.वि.स.वडा नं.१(ख) स्थित कि.न. ३५४, १९१३, ४६५ र ४६२ को क्षेत्रफल क्रमश ०-२-०, ०-०-६¾, ०-१-० र ०-०-१४ विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
६.	१.ओभरड्राफ्ट कर्जा २.आवधिक कर्जा	**ऋणीको नामः न्यू लुम्बिनी भाडा उद्योग** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगर मा दर्ता रहेको) दर्ता नं. १११८२/०७१/७२, दर्ता मितिः २०७१।१०।२२ स्थायी लेखा नं.: ६०२९८४३०६ ठेगानाः रुपन्देही जिल्ला, बुटवल न.पा., वडा नं. १२ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल न.पा., वडा नं. ८ । **प्रोप्राईटरः** **केशव शाही** ना.प्र.प. नं. (जारी मिति/स्थान): २४७३७ (२०४५।०८।११/रुपन्देही) बाजेको नामः डिल बहादुर शाही बाबुको नामः टीका बहादुर शाही ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१ बीरेन्द्र शाही** ना.प्र.प. नं. (जारी मिति/स्थान): १३३४ (२०४५।०५।१३/रुपन्दहि) बाजेको नामः डिल बहादुर शाही बाबुको नामः टीका बहादुर शाही ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७। **२. इन्द्र माया शाही** ना.प्र.प. नं. (जारी मिति/स्थान): ६८६३० बाबुको नामः रामचन्द्र घिमिरे ससुराको नामः डिल बहादुर शाही पतिको नामः टिका बहादुर शाही ठेगानाः रुपन्देही जिल्ला, भैरहवा न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७।	डिल बहादुर शाहीको नाति, टीका बहादुर शाहीको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७ बस्ने **केशव शाही**को नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स., वडा नं. ७ (क) स्थीत कि.नं. १६१५ र १७०४ को क्षेत्रफल क्रमशः ०-१-१७.२५-० र ०-०-१९.२५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।
७.	जग्गा खरिद कर्जा	**ऋणीको नामः केशव शाही** ना.प्र.प. नं. (जारी मिति/स्थान): २४७३७ (२०४५।०८।११/रुपन्देही) बाजेको नामः डिल बहादुर शाही बाबुको नामः टीका बहादुर शाही ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१. बीरेन्द्र शाही** ना.प्र.प. नं. (जारी मिति/स्थान): १३३४ (२०४५।०५।१३/रुपन्दहि) बाजेको नामः डिल बहादुर शाही बाबुको नामः टीका बहादुर शाही ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७।	**२. इन्द्र माया शाही** ना.प्र.प. नं. (जारी मिति/स्थान): ६८६३० (२०४०।०३।२२/रुपन्देही) बाबुको नामः रामचन्द्र घिमिरे ससुराको नामः डिल बहादुर शाही पतिको नामः टिका बहादुर शाही ठेगानाः रुपन्देही जिल्ला, भैरहवा न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ७।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

■ बागमती प्रदेश सभाको छैटौं वर्ष पूरा

दोस्रो कार्यकाल कानुन निर्माणमा सुस्त



हेटौंडामा पोष्टराज अधिकारी

बागमती प्रदेश सभा गठनको छैटौं वर्ष पूरा भएको छ । यससँगै प्रदेश सभाको दोस्रो कार्यकालले पनि एक वर्ष पूरा गरेको छ । तर, प्रदेश सभा भने संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा निकै सुस्त देखिएको छ । प्रदेश सभाको संसदीय समितिहरूले समेत अझै नेतृत्व पाउन सकेका छैनन् ।

गत वर्षको १४ पुसमा शपथ लिएर १८ पुसमा पहिलो बैठक बसेका प्रदेश सभा सदस्यहरूले अहिलेसम्म दुईवटा अधिवेशनमा ५६ वटा बैठक बसी जम्मा सातवटा विधेयक पास गरेका छन् । यस अवधिमा बसेको बैठकबाट दुईवटा विधेयक र अन्य पाँचवटा विधेयक पारित भएका हुन् । जसमा दुईवटा संशोधन विधेयक र तीनवटा मूल विधेयकसमेत छन् ।

प्रदेश सभाको दोस्रो कार्यकालका लागि गत ४ मंसिरमा निर्वाचित भएर आएका सांसदहरूले यस अवधिमा सञ्चालन भएका हिउँदे र बर्खे गरी दुईवटा अधिवेशनबाट जम्मा सातवटा विधेयक पास गरेका हुन् । प्रदेश सभाले पहिलो हिउँदे अधिवेशनबाट चार र बर्खे अधिवेशनबाट तीनवटा विधेयक पास गरेको हो । यस अवधिमा प्रदेश सभाबाट पारित भएर प्रदेश प्रमुखसमक्ष प्रमाणीकरणका लागि पठाइएको एउटा विधेयक भने प्रदेश प्रमुखबाट पुनर्विचारका लागि फिर्ता भयो । चिट्ठासम्बन्धी विधेयक प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुनर्विचार गर्नुपर्ने भन्दै प्रदेश सभामै फिर्ता पठाएका थिए । जुन संसद् सचिवालयमा अहिले पनि विचाराधीन अवस्थामा छ ।

गत २३ असोज राति १२ बजेबाट प्रदेश सभाको बर्खे अधिवेशन अन्त्य गरिएको थियो । तर, अहिलेसम्म हिउँदे अधिवेशन आह्वान हुन सकेको छैन । यस्तै, गत २३ असोजमा संसद् स्थगित भएयता समितिका बैठकहरूसमेत नियमित बस्न सकेका छैनन् । त्यसअघि प्रदेश सभाले समितिमा पठाएका पाँचवटा विधेयक संसदीय समितिमा छलफलका लागि पठाएको थियो । जसमध्ये दुईवटा विधेयकमाथि छलफल भएर प्रतिवेदनसहित सदनबाट पारित भइसकेको छ भने तीनवटा विधेयक संसदीय समितिमै छलफलकै क्रममा छन् ।

● संसदीय समितिले अझै पूर्णता पाएनन्

सरकारको नीति तथा कार्यक्रम बजेटलगायत कामको अध्ययन, अनुगमन र निगरानी गरी आवश्यक सुझाव दिने अधिकार र दायित्व संसदीय समितिसँग छ । तर, प्रदेश सभामा रहेका पाँचवटा समितिले आकार पाए पनि नेतृत्व पाउन सकेका छैनन् । २० असारमा गठन भएका संसदीय समितिहरू ज्येष्ठ सदस्यको नेतृत्वमा चलिरहेका छन् । संसदीय समितिको नेतृत्वको विषयमा दलहरूबीच भागबन्डा मिल्न नसक्दा समितिहरू नेतृत्वविहीन भएका हुन् । सरकारमा रहेका माओवादी केन्द्र, कांग्रेस र एकीकृत समाजवादीबीचमा पनि समितिको नेतृत्वलाई लिएर सहमति हुन सकेको छैन ।

● दलहरूका आ-आफ्नै दाबी

पाँचवटा समिति रहेको प्रदेश सभामा सबैको आ-आफ्नै दाबी छ । कांग्रेस बागमती प्रदेश संसदीय दलका सचेतक गोविन्द लम्सालले पाँचवटा समितिमध्ये दुईवटा कांग्रेस, एक-एकवटा माओवादी, एकीकृत समाजवादी र प्रतिपक्षी दल एमालेलाई दिने सामान्य सहमति भएको दाबी गरेका छन् । तर, उनको दाबीअनुसार पनि अहिलेसम्म समितिले भने पूर्णता पाउन सकेको छैन ।

कांग्रेसले दुई र माओवादी केन्द्र, एकीकृत समाजवादी र एमालेले एक-एकवटा समितिको नेतृत्व पाउने गरी तयारी भएको उनको भनाइ छ । सचेतक लम्सालले पछिल्लो समय दलहरू सहमतिनजिक पुगेको दाबी गरे । एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले समितिहरूको नेतृत्वको विषयमा कुनै सहमति नभएको बताए । प्रदेश सभामा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ तथा विकास समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति रहेका छन् । तर, यी समितिहरूले नेतृत्व नपाउँदा समितिहरूको नियमित बैठक बस्न सकेको छैन ।

नापी अधिकृत र सर्वेक्षकलाई कैद सजाय

काठमाडौं/ सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गर्ने काममा संलग्न तीनजनालाई विशेष अदालतले कैद सजाय सुनाएको छ । नापी कार्यालय रुपन्देही भैरहवाका तत्कालीन नापी अधिकृत घनश्याम दुबे र सर्वेक्षक रामराज यादवमाथि अदालतले बिहीबार कसुर कायम हुने फैसला गरेको हो ।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले नापी अधिकृत दुबे र सर्वेक्षक यादवलाई जनही तीन-तीन महिना कैद सजाय सुनाएको छ । साथै, बिगो रकम नौ लाख ८३ हजार सात सय रुपैयाँको दामासाहीले हुन आउने रकम तीन लाख २७ हजार रुपैयाँभन्दा बढी दुवैले जरिवानास्वरूप तिर्नुपर्नेछ । यसरी सार्वजनिक जग्गा आफ्नो नाममा कायम गराएको भन्दै मुना पासिनलाई समेत सजाय सुनाइएको छ । नापीका कर्मचारीलाई अनुचित प्रभावमा पारी सरकारलाई नोक्सान पुऱ्याउने तथा आफूलाई गैरकानुनी लाभ पुऱ्याएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पासिनलाई समेत प्रतिवादी बनाएको थियो । यसमा उनी दोषी ठहर भएकी छिन् । विशेषका अनुसार पासिनलाई तीन महिना कैदका साथै बिगो रकममध्ये तीन लाख २७ हजार नौ सय रुपैयाँ जरिवाना हुने भएको छ ।

सामुदायिक वनमा फँडानी

नवलपरासी/ पूर्वी नवलपरासीको मध्यविन्दु नगरपालिकामा सामुदायिक वनले संरक्षणको नाममा व्यापक वन फँडानी गरेको छ । मध्यविन्दु

‘दयारानी’ श्रीमान्-श्रीमतीको कथा

गुरुङ समुदायको संस्कृतिमा आधारित चलचित्र ‘दयारानी’ माघ २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ। चलचित्रले श्रीमान्-श्रीमतीको सन्तान चाहना र यसले सम्बन्धमा ल्याउने उतार-चढावलाई चित्रण गर्छ। माओत्से गुरुङले निर्देशन गरेको चलचित्रमा दयाहाङ राई, दिया पुन, विजय बराल, प्रमिश गुरुङ, श्रीषा कुँवरलगायतको अभिनय छ। चलचित्रको कथा निर्देशक गुरुङ आफैंले लेखेका हुन्।





‘दुःखी आत्मा’मा आँचल

दीपेन्द्र लामाको निर्देशनमा बन्न लागेको चलचित्र ‘दुःखी आत्मा’को मुख्य भूमिकामा अभिनेत्री आँचल शर्मा अनुबन्धित भएकी छिन्। अभिनेत्री शर्मासँग निर्माण टिमले चलचित्रको मुख्य भूमिकाका लागि लिखित सम्झौता गरेको हो। यसअघि चलचित्रमा अभिनेता दयाहाङ राई अनुबन्धित भइसकेका छन्। चलचित्रको निर्माता हिमाल कडरिया हुन्।

यसरी बनाउनुस् होम गार्डेनिङको योजना



गमलामा बिरुवा रोपेर घर सजाउने चाहना धेरैको हुन्छ। तर, बिरुवाको स्याहार राम्रोसँग गर्न सकिएन भने बर्गैंचा भद्दा र अव्यवस्थित देखिन्छ। राम्रो गुणस्तरको बिउ चयन गर्नुस्। जसकारण, भविष्यमा राम्रो र स्वस्थ बिरुवा हुर्कियोस्।

- हल्का वजन भएका गमला चयन गर्नुस्। यसलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न सहज हुन्छ। घरमा प्रयोग नभएका भाँडामा पनि माटो र बिउ हालेर बिरुवा रोप्न सक्नुहुन्छ। बजारमा कम मूल्यमा पनि आकर्षक गमला पाइन्छन्।
- राम्रो र गुणस्तरीय माटोको चयन गर्नुपर्ने हुन्छ। यसमा विभिन्न प्रांगारिक मल तथा पातपतिंगर पनि मिसाउन सकिन्छ। यसका लागि नर्सरी वा कृषिविज्ञसँग परामर्श गर्न सक्नुहुन्छ।
- कम्तीमा ५-६ घन्टासम्म प्रकाश आउने खालको स्थानमा गमला राख्नु राम्रो हुन्छ। बिरुवाका लागि पर्याप्त पानी आवश्यक पर्ने भएकाले सहजै पानी पुऱ्याउन सकिने ठाउँमा गमला राख्नुस्।
- खुला स्पेसमा गमला राख्नुभयो भने राम्रो हुन्छ। जसकारण, गमलामा पानी हाल्न असहज नहोस्। गमलालाई चिसो र विभिन्न कीटाणुबाट पनि जोगाउन जरुरी छ।



प्रदीप सिंखडा
निर्देशक
एसएस एग्रिकल्चर फार्म, थली

चिसोमा अपनाउनुहोस् यस्ता सावधानी

तापक्रम घट्दै छ। हिमाली क्षेत्रमा हिमपात र तराईमा शीतलहरले जनजीवन कष्टकर बनाइरहेको छ। यही समय तीर्थयात्रा, साहसिक खेल तथा हिमपात हेर्न यात्रा गर्नेहरूको संख्या पनि ठूलो रहने गर्छ। फोक्सोमा समस्या भएका, वृद्धवृद्धा तथा बालबालिकाले जाडोमा धेरै चिसो स्थानमा हिँडडुल नगर्नु नै राम्रो हुन्छ। वयस्कहरूले पनि यात्रामा जाँदा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ। शरीर ढाक्ने गरी न्यानो कपडा लगाउनुपर्छ। टोपी, पञ्जा, बाक्लो मोजा, मफलर लगाउनु राम्रो हुन्छ।

समस्या

यस समयमा ज्वरो आउने, रुघाखोकी, श्वास-प्रश्वासमा समस्या, छाला फुट्ने, कोल्ड एलर्जीलगायत विभिन्न समस्या देखिन्छ। अन्य समयको दाँजोमा चिसोमा वृद्धवृद्धामा दम तथा प्रेसर बढ्ने गर्छ। औषधिमा गडबडी भयो भने पहिलेदेखि प्रेसर भएकाहरूलाई हृदयाघात, पक्षघातलगायत समस्या पनि हुन सक्छ। त्यसैले प्रेसर, सुगरलगायत नियमित सेवन गर्ने औषधि छुटाउनुहुँदैन। जथाभावी औषधिको प्रयोग गर्नुहुँदैन। चिकित्सकसँग परामर्श गरेर मात्रै औषधि प्रयोग गर्नुपर्छ। दीर्घरोगी, रोग प्रतिरोधात्मक क्षमता कम भएकाहरूले पनि विशेष ख्याल गर्नुपर्छ। एक व्यक्तिबाट अर्को व्यक्तिमा विभिन्न संक्रमण सर्न सक्ने भएकाले बाहिर निस्कँदा मास्कको अनिवार्य प्रयोग गर्नुपर्छ। यसले प्रदूषणबाट पनि जोगाउँछ।



डाक्टरको सल्लाह

शारीरिक सक्रियता

अर्ली मर्निङमा निस्कन हुँदैन। घाम अस्ताएपछि पनि निस्कन हुँदैन। अर्ली मर्निङमा हिँड्ने, स्कुल जाने बालबालिकामा पनि सिजनल फ्लु, रुघाखोकीको समस्या देखिन सक्छ। यसले फोक्सोमा पनि असर गर्न सक्छ। त्यहीकारण, घाम लागेर न्यानो भएपछि निस्कँदा राम्रो हुन्छ। घरभित्रै व्यायाम तथा योगा पनि गर्न सकिन्छ। यसले शारीरिक रूपमा सक्रिय राख्छ र चिसो पनि हुन दिँदैन। त्यस्तै, बिहानीपख केही समय घाममा बस्दा भिटामिन डी प्राप्त हुन्छ। निस्कनै परेमा मास्क, शरीर ढाक्ने गरी न्यानो कपडा लगाएर निस्कनुपर्छ।



डा. रोशन झा
जनरल फिजिसियन, सशस्त्र प्रहरी अस्पताल

खानपान

चिसोमा फ्रोजन आइटम खानु राम्रो हुँदैन। रुघाखोकी, आस्थामाको बिरामीलाई खानाले पनि एलर्जी गराउन सक्छ। दही, केरा, अनारले चिसो महिनामा धेरैलाई एलर्जी हुन सक्छ। कसै-कसैलाई सुन्तला, जुनारले पनि एलर्जी गर्न सक्छ। बासी खाना खानुहुँदैन। मनतातो पानी पिउनु राम्रो हुन्छ। वृद्धवृद्धाले दैनिक एउटा स्याउ खाँदा हुन्छ। डायबिटिज, युरिक एसिड, हाइपरटेन्सलगायतका बिरामीलाई यसले राम्रो गर्छ। पाचनप्रणाली पनि राम्रो गराउँछ। कब्जियतको समस्या पनि हुँदैन। तातो कुराहरू बढी खानुपर्छ। झोलिलो सुप, नट्स, काजु, पेस्ता भुटेर पनि खान सकिन्छ। कोठाको तापक्रम पनि न्यानो बनाइराख्नुपर्छ। भेन्टिलेसन मेन्टेन गर्नुपर्छ। सीधा हावा आउन दिनुहुँदैन। हिटर बाल्दा झ्यालहरू खोलेर राख्नुपर्छ। सुत्नुअघि हिटर बन्द गर्नुपर्छ।

घुम्न जाँदा...

चिसोको असरका कारण दीर्घरोगी, मुटुरोगी, प्रेसर भएकाहरू हृदयाघात, पक्षघात, दमको रोग बिग्रिएर आइसियूमा भर्ना हुनुपर्ने अवस्था पनि आउन सक्छ। त्यहीकारण, दीर्घरोगी तथा वृद्धवृद्धाले जाडोमा उच्च स्थानमा घुम्न नजाँदा राम्रो हुन्छ। जानैपरे फिजिसियनको सल्लाहअनुसार आवश्यक औषधि बोकेर जानुपर्छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१०/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ २६ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मलंगवा, सर्लाहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

प्रदेश सरकार, प्रदेश नं २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिजय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा मिति २०६५/०५/०१ मा प्रा.फ.नं. ३०५/२२/०६५/०६६ भई दर्ता कायम रहेको महोत्तरी जिल्ला, बर्दीबास न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिलसा इन्टरप्राइजेज** (प्रोप्राईटर उजरमान श्रेष्ठको नाती, दिल बहादुर श्रेष्ठको छोरा, उमा कुमारी श्रेष्ठको पति सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दीबास न.पा. वडा नं. ०३ बस्ने **शंकर कुमार श्रेष्ठ**, ना.प्र.प.नं. ९८८/१०६०२, जारी मिति २०५५/०८/०३, जिल्ला प्रशासन कार्यालय सिन्धुली)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. उजरमान श्रेष्ठको नाती, दिल बहादुर श्रेष्ठको छोरा, उमा कुमारी श्रेष्ठको पति सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दीबास न.पा., वडा नं. ०३ बस्ने **शंकर कुमार श्रेष्ठ** (ना.प्र.प.नं. ९८८/१०६०२, जारी मिति २०५५/०८/०३, जिल्ला प्रशासन कार्यालय सिन्धुली)।
२. दिल बहादुर श्रेष्ठको बुहारी, देब कुमार श्रेष्ठको छोरी, शंकर कुमार श्रेष्ठको पत्नी महोत्तरी जिल्ला, गौरीबास गा.वि.स., वडा नं. ०८ स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दीबास न.पा., वडा नं. ०३ बस्ने **उमा कुमारी श्रेष्ठ** (ना.प्र.प.नं. १८३०७४/५९०, जारी मिति २०६३-११-०४ जिल्ला प्रशासन कार्यालय महोत्तरी)।

लिलाम हुने सम्पत्तिको विवरण :

१. **शंकर कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न बहादुर गञ्ज न.पा., वडा नं. ३/ख स्थित कित्ता नं. ३६३७, ३३८१, २२५५ र २२६१ को क्षेत्रफल क्रमश ०-०-५-०, ०-०-१३$^{१/२}$-०, ०-०-५$^{३/४}$-० र ०-०-७$^{१/४}$-० (विगाहा)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **उमा कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, २५ न बहादुर गञ्ज न.पा., वडा नं. १/ग स्थित कि.नं. १९६१ को क्षेत्रफल ०-०-७ (विगाहा)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० माघ २५ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० माघ २६ गते १२:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ २६ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६/२०७

ROLPA MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
Liwang 2 Rolpa

Invitation for Bids

Date of publication: 02/02/2024

1. Rolpa Municipality, Rolpa invitations for electronic bids only from Nepaleses elegible bidders for the Procurement of Following as mentioned below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rolpa Municipality, Rolpa, e-mail: rolpanagarapalika@gmail.com, phone no. 086-44007. (Note: In BOQ up to Items 63 are non vatable items so bidders must keep the rate of non vatable and Items 64 to 71 are vatable items. For any information can be contact in 9847851262 (TANKA BAHADUR GIRI)
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Last Date of Bid purchasing	Last Date of Bid Submission	Date and time of Bid Opening	Bid Validity Period	Bid Security Validity Period
03-03-2024 on or before 12:00 hrs.	03-03-2024 on or before 12:00 hrs.	03-03-2024 at 14:00 hrs.	90 days	30 days beyond the validity period of bid.

Details of the Contract

S.N	Contract ID No.	Description of Works	Estimated Amount without VAT) (NRs)	Bid Security (NRs.)	Bid Document Price	Address
1	RM/ROLPA/ NCB/G/7/080-81	Nisulka Aushadi Tatha Sarjikal Samagri Kharid	38,36,784.15	1,00,000/-	3000/-	Rolpa municipality ward no. 02

Information to deposit the cost of bidding document in the bank

Name of the Bank	Name of Office	Office Code no	Office Account no (Dharauti Khata)	Rajaswa Shirshak	Rajaswa Account No
Nepal Bank Limited	Rolpa Municipality, Rolpa	801055401	07603000003001000001	14229	07603000001001000001

Chief Administrative Officer

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate
Infrastructure Development Office
Khalanga, Jajarkot, Nepal

Invitation For Bids

Date of publication: 2080/10/19 (02 Feb, 2024), FB No.: 05/IDO/JKT/080-81

1. Infrastructure Development Office (IDO) Jajarkot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

S. N.	Contract Identification (ID) No.	Description of Works	Estimated Amount (without VAT but with PS)	Minimum Average annual Construction Turnover of best 3 years within the Last 10 years	Minimum Work experience		Bid Security Amount	Bid validity/ Bid Security Period/ Price of Bid Document (NRs.)
					Similar Size and Nature	Key Activity		
1	*IDO/JKT/W/ NCB/34/080-81*	*Construction of Sepukhola Kolyani Bandala Suwakot Luhaga Dhuma Tolkhana Daha Hudai Jumla Road,Jajarkot*	*N/A*	*NRs. 80 Millions*	*at least One (1) Contract within the last ten (10) years, with a value of at least NRs 4,40,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed (Road project) works.*	*At least 2,20,000m3 E/W in all Types of Soil and Rock and 990m3 gabbion in single contract in hilly area on Road Project.*	*NRs. 18,50,000*	*90/120/5,000*
2	*IDO/JKT/W/ NCB/33/080-81*	*Construction of Jamna Kadachaurdekhi Audhyogik Gram Sadak*	*25,53,234.13*	*N/A*	*N/A*	*N/A*	*Nrs. 75,000*	*90/120/3,000*

2. Electronic Bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. **On or before Mar 3 , 2024 (2080/11/20) at12:00 0'clock.**Bids received after this deadline will berejected.
3. The **Bids** will be opened in the presence of Bidders' representatives who choose to attend **Mar 3, 2024 (2080/11/20) at 13:00 0'clock**at Infrastructure Development Office, Jajarkot,Nepal.

Office Chief

बाँदर नियन्त्रणका उपाय

मानव-बाँदर द्वन्द्वको दीर्घकालीन समाधानका निम्ति तिनका वासस्थानको पुनर्स्थापना अनिवार्य सर्त हो



● चन्द्रमणि अर्याल

अग्रलेख

पछिल्ला वर्ष नेपालमा विशेषतः मध्यपहाडी क्षेत्रमा बाँदर आतंक विकराल बन्दै गइरहेको छ । बाँदरले गर्दा जनजीविकाका थुप्रै आयाममा नकारात्मक प्रभाव पारेको छ । बाँदरबाट हुने क्षति कम गर्न व्यक्तिगत, संस्थागत र समूहगत रूपमा थुप्रै पहल भएका छन् । तर, मानव-बाँदर द्वन्द्वका कारणलाई बेवास्ता गरी गरिएका यी पहल खास प्रभावकारी भने हुन सकेका छैनन् ।

नेपाली बाँदर र बाँदरआतंक : नेपालमा तीन प्रजातिका लंगुर बाँदर (नेपाल लंगुर, तराई लंगुर र हिमालयन लंगुर) र दुई प्रजातिका मकाका बाँदर अर्थात् असामी र राता बाँदर पाइन्छन् । हालका बाँदर आतंकहरू प्रायः रातो बाँदरसँग सम्बन्धित छन् । यद्यपि, बाँदरको आतंक नयाँ भने होइन ।

मेरो आफ्नै बाल्यकालका बाँदर धपाउन गएका धूमिल याद छन् । हाल शुक्लागण्डकी-६ जाम्दी भन्ने ठाउँमा हाम्रो घरबारीको छेउमा 'लाखु कुर्ने कटेरो' भनेर खरले छाएको स्थायी संरचना नै थियो । मकै खेती पाक्ने, विशेषतः जेठ असारमा दिनभर परिवारबाट कसै न कसैले त्यहाँ पहरा दिनुहुन्थ्यो । स्कुल छुट्टी भएर फर्किएपछि हामी चार-पाँचजना केटाकेटीलाई ढ्यांग्रो बजाएर बाँदर लखेट्ने जिम्मा आइलाग्थ्यो । बाँदर लखेट्न घरमा पालिएको कुकुरले पनि साथ दिन्थ्यो । गाउँका सबैजसो मानिसको बारी र जंगलको संगम नजिक सोही प्रकृतिका कटेरा हुन्थे । बाँदरले कहिलेकाहीं केही मकै लाने मौका पाए पनि समस्या विकराल भने थिएन । तर, समयक्रममा जाम्दीबाट मानिस खैरेनीटार तथा अन्य क्षेत्रतर्फ बसाइँसराइ गर्ने क्रम बढ्दै गयो, सोही अनुपातमा बाँदरको समस्या पनि बढ्दै गयो । धेरै समयपहिलेदेखि नै देशका केही क्षेत्रमा बाँदरको समस्या थियो, तर पछिल्लो समय बाँदरको समस्या देशव्यापी बनेको छ । मुख्यतः देशका मध्यपहाडी क्षेत्रमा यो समस्या विकराल बनेको छ ।

बाँदरहरूको कारणले जनजीविकामा प्रत्यक्ष रूपले नै नकारात्मक असर पर्न गएको छ । बाँदरले खाद्यान्न बालीमा आक्रमण गरी खाद्य सुरक्षामा नै चुनौती थपिएको छ । काभ्रे जिल्लामा गरिएको एक अध्ययनले कुल उत्पादनको करिब ४.२ प्रतिशत खाद्यान्न बाँदरले क्षति गर्ने देखाएको थियो । सोही प्रकृतिको तनहुँ र कास्कीमा गरिएको अर्को अध्ययनले वन्यजन्तुका कारण हुने क्षतिमध्ये करिब ७४ प्रतिशत क्षति बाँदरका कारण हुने देखाएको थियो । बाँदरको आतंकका कारण मानिसका दैनिक जनजीवनमा पनि असर परेको छ । युवा पलायनका कारण गाउँघरमा महिला र प्रौढ मात्रै रहेको स्थितिमा बाँदर आतंकका कारण मानिसले जग्गा बाँझै राख्ने अवस्था सिर्जना भएको छ । बढ्दो रूपमा व्यापार घाटा सामना गरिरहेको र वेला-बखत भारतले खाद्यान्न निर्यात गर्न रोक लगाउँदा तर्सिनुपर्ने अवस्था रहेको नेपालजस्तो देशका लागि बाँदरको समस्या खाद्य सुरक्षाको हिसाबले प्रमुख चुनौतीको रूपमा देखा परेको छ ।

खाद्यान्न बालीमा पुऱ्याउने क्षतिका अलवा बाँदरले स्कुल जाने र अन्य बालबालिकालाई सताउन थालेका रिपोर्ट पनि आउन थालेका छन् । बाँदरको आतंक खेतबारीमा मात्रै सीमित छैन । देशका विभिन्न भागमा बाँदरले घर-भान्सामा पसेर पकाएका खाने कुरासमेत लिएर जाने खालका घटनामा बढोत्तरी भएको छ । थुप्रै ठाउँमा बाँदरका कारण मानिसहरू आजित भएर बसाइँसराइ गर्ने क्रम तीव्र भएको छ ।

बाँदरआतंक नियन्त्रणका प्रयास : बाँदरले मच्चाएको आतंक नियन्त्रणका लागि व्यक्तिगतदेखि संस्थागत रूपमा प्रयास भएका छन् । सिन्धुपाल्चोक मेलम्चीका किसानले खेतबारीमा बाघको फोटो राखेपछि बाँदरको समस्या केही हदसम्म नियन्त्रण भएको भन्ने समाचार प्रकाशित भएको थियो । त्यो कति समयसम्म प्रभावकारी रह्यो, थप खोजी भएको छैन । अन्य सामूहिक प्रयास पनि भएका छन् । जुम्लाको सिञ्जा गाउँपालिका-६ मा बेरोजगारलाई बाँदर धपाउने प्रयोजनका लागि चौकीदार राखिएको समाचार आएको थियो । तनहुँको म्याग्दे गाउँपालिकामा सामुदायिक वनमा फलफूलका बिरुवाहरू रोप्ने काम गरियो भने सिन्धुपाल्चोकका केही ठाउँमा बाँदरको आतंक बढ्न थालेपछि मानिसहरूले समूह बनाएर बाँदर धपाउने प्रयास गरे । यसका साथै प्रदेश सरकारलाई बाँदरको आतंक नियन्त्रणका लागि ध्यानाकर्षित गर्न हेटौंडामा प्रदेश सभाहल अगाडि किसानले प्रदर्शन पनि गरेका थिए ।

देशका विभिन्न पालिकाले पनि बाँदर आतंक नियन्त्रणका लागि प्रयास थालेका छन् । दोलखाको कालिन्चोक गाउँपालिकाले बाँदर समाएर घर-घरमा पाल्ने नीति अंगीकार गर्दै पाँच लाख बजेट नै विनियोजन गरेको थियो । देशका अन्य नगरपालिकामा पनि यस्तै प्रयास भएका छन् । जस्तै, पर्वतको महाशिला गाउँपालिकाले ३० लाख तथा सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिकाले पाँच लाख बजेट बाँदर नियन्त्रणका लागि विनियोजन गरेका थिए । यसका साथै पश्चिम नवलपरासीको बौदाकाली गाउँपालिकाले बाँदरआतंक नियन्त्रणका लागि सुझाब दिन कार्यदल गठन गरी सो कार्यसमितिको सुझावबमोजिम अगाडि बढ्ने निर्णय गरेको छ । मकवानपुरको थाहा गाउँपालिकाले बाँदर धपाउने उपकरण अनुदानमा वितरण गरेको थियो ।

> सामुदायिक वनलाई पहिलेकै अवस्थामा पुनर्स्थापना गर्ने, जंगलहरूको खण्डीकरण रोक्ने र बाँदरका प्राकृतिक सिकारीहरूको पुनर्स्थापना गर्ने दिशामा काम गर्नुपर्ने देखिन्छ । जीविकोपार्जनलाई विविधिकरण गर्दै जाने र बाँदरले क्षति नगर्ने खेतीलाई प्रोत्साहन गर्नु पनि जरुरी देखिन्छ ।

धरान उपमहानगरपालिकाले बाँदरहरू समातेर बर्दिया राष्ट्रिय निकुञ्जमा लगेर छाडेको थियो । तर, यीमध्ये धेरैजसो प्रयास कि अल्पकालीन छन् या त तिनले बाँदर-मानव द्वन्द्वको मूल कारणलाई पूर्णतया उपेक्षा गरेका छन्, जसका कारण समस्याको दीर्घकालीन समाधान हुन सकेको छैन । पछिल्लो समय स्याङ्जा, कास्की, गुल्मीलगायत ठाउँमा बाँदर नियन्त्रणका लागि भन्दै घरवरपरका रुख काट्ने उर्दी नै जारी गरिए । तर, यस्ता उपायले समस्या समाधान गर्नेभन्दा पनि समस्यालाई चर्काउने मात्रै कार्य गर्ने देखिन्छ । सरकारले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ लागू गरी वन्यजन्तुबाट मृत्यु भए, घाइते भए वा घरपालुवा जीव जनावरको मृत्यु भएमा राहत दिने गरेको थियो । तर, बाँदरबाट हुने क्षतिमा राहत दिने व्यवस्था थिएन, जसका कारण शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाहिर बाँदरबाट भएको क्षतिमा केही सहयोग हुने अवस्था थिएन । तर, हालै सरकारले नयाँ निर्देशिका जारी गरी बाँदरबाट हुने क्षतिमा पनि राहत दिने व्यवस्था गरेको छ ।

उपाय के ? : बाँदरले देशभर मच्चाएको आतंक नियन्त्रणका लागि विभिन्न उपाय सुझाइएको छ । जीविकोपार्जनका उपाय विविधीकरण गर्ने, बाँदरका लागि वनमा नै खानाको प्रबन्ध गर्नेदेखि लिएर बाँदरको परिवार नियोजन गर्नेसम्मका उपाय सुझाइएका छन् । पछिल्लो समय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापति आरजु राणाले परिवार नियोजन गरी बाँदरको संख्या नियन्त्रण गर्नुपर्ने सुझाव दिएकी थिइन् । अल्पकालीन रूपमा कृषिबालीमा निर्भर किसानलाई पशुपालनतर्फ मोड्दा पनि बाँदरले पुऱ्याउने क्षति कम हुन सक्छ । तर, यसबाट चितुवासँगको द्वन्द्व बढ्न सक्छ । यसैगरी वनमा फलफूल रोप्ने अर्को विकल्पका पनि आफ्नै समस्या छन् । फलफूलका बिरुवा रोप्दैमा आजको भोलि नै समस्या समाधान हुँदैन । फेरि फलफूलका बिरुवा रोपेपछि हुर्कन र तिनले फल दिन समय लाग्छ । साथै फलफूलको उपलब्धता बढेसँगै बाँदरको प्रजनन क्षमता वृद्धि भई समस्या झन् बढ्न सक्छ । बाँदरहरू समाएर बन्ध्याकरण गर्ने उपाय पनि प्राविधिक, आर्थिक तथा व्यावहारिक रूपमा सहज हुने देखिँदैन । बाँदरको आतंक कम गर्न अल्पकालीन र दीर्घकालीन उपाय अविलम्ब पहिचान र अवलम्बन गर्नुपर्ने देखिन्छ ।

केही अध्ययनले बाँदरहरूको वासस्थानमा मानवीय गतिविधिको बढोत्तरी, वासस्थानको खण्डीकरण आदि कारणले बाँदरहरूको आतंक बढ्दै गएको बताएका छन् । त्यसका साथै बाँदरको समस्या विकराल हुनुको कारण खोज्दै जाने हो भने माओवादी द्वन्द्व र सामुदायिक वनको पनि भूमिका देखिन आउँछ । ०५२ सालबाट सुरु भएको माओवादी द्वन्द्वका कारण देशभरका अधिकांश ठाउँमा मानिस बसाइँसराइ गर्ने क्रम सुरु भयो र बिस्तारै बिदेसिने क्रम पनि तीव्र हुन थाल्यो । जसका कारण जमिन बाँझो छोड्ने क्रम बढ्न थाल्यो, जहाँ बिस्तारै बुट्यानहरू पलाउन थाले । त्यसका साथै नब्बेको दशकमा सामुदायिक वन बनाएर हस्तान्तरण गर्ने क्रम बढेर गयो । धेरैजसो सामुदायिक वनहरू आर्थिक रूपले आकर्षक एकल प्रजातिका रुखलाई महत्त्व दिने गरी व्यवस्थापन गर्न थालियो । यी सबैका कारण ती जंगलहरू चितुवा, ध्वाँसेजस्ता जनावर, जसले प्राकृतिक रूपमा बाँदरको संख्या नियन्त्रण गर्थे तिनका लागि उपयुक्त हुन सकेन । बाँकी भएका चितुवा पनि मानवसँगको द्वन्द्वका कारण मारिने क्रम तीव्र छ । यस्ता क्रियाकलापले बाँदरसँगको द्वन्द्व झन् बढाउन मद्दत गर्छ । सामुदायिक वनलाई पहिलेकै अवस्थामा पुनर्स्थापना गर्ने, जंगलहरूको खण्डीकरण रोक्ने र बाँदरका प्राकृतिक सिकारीहरूको पुनर्स्थापना गर्ने दिशामा काम गर्नुपर्ने देखिन्छ । यसका साथै जीविकोपार्जनलाई विविधीकरण गर्दै जाने र बाँदरले क्षति नगर्ने वा कम क्षति गर्ने प्रजातिको खेतीलाई पनि प्रोत्साहन गर्नु जरुरी देखिन्छ ।

अन्त्यमा : नेपालको कृषि क्षेत्रको प्रमुख चुनौतीमध्ये एक मानव-बाँदर द्वन्द्व विकराल हुँदै गइरहेको छ । वेलैमा यो समस्याको समाधानका उपाय खोजी गरी कार्यान्वयन नगर्ने हो भने समस्या बढ्दै गए नेपालको कृषि क्षेत्र नै समाप्त हुने, खाद्य संकट गहिरिने र नेपालका गाउँ बस्तीबाट मानिस पूर्ण रूपले विस्थापित हुने अवस्था आउन सक्छ । यसको समाधानमा सरोकारवाला पक्षले वेलैमा ध्यान दिनु जरुरी छ । अल्पकालीन रूपमा राहत, क्षतिपूर्ति दिने, बाँदरलाई तर्साउने तथा समात्ने, हेरालु राख्ने, जीविकोपार्जनलाई विविधीकरण गर्नेजस्ता काम गर्न त सकिन्छ । तर, मानव-बाँदर द्वन्द्वको दीर्घकालीन समाधानका निम्ति तिनका वासस्थानको पुनर्स्थापना अनिवार्य सर्त हो ।

(अर्याल पद्मकन्या बहुमुखी क्याम्पसको वातावरण विभागका उपप्रध्यापक हुन्)

---

३ प्रश्न

ऊर्जा मन्त्रालयका सहसचिव तथा प्रवक्ता **नवीनराज सिंह**लाई



बंगलादेशमा ४० मेगावाट विद्युत् बिक्री गर्ने गरी सम्झौता गर्ने प्रक्रिया अघि बढेको छ । नेपालले कहिलेदेखि बंगलादेशमा विद्युत् निर्यात गर्न सक्छ ?

खरिद प्रक्रियाबाट पनि बंगलादेशसँग विद्युत् व्यापार सम्झौता गर्ने प्रक्रिया अघि बढाएका छौं । आउँदो बर्खादेखि नै बंगलादेशमा विद्युत् निर्यात हुने सम्भावना छ । तत्काल हिउँदमा विद्युत् निर्यात गर्न पुग्दैन । तसर्थ, असार १ गतेदेखि कात्तिक ३० गतेसम्म ४० मेगावाट विद्युत् निर्यात गर्ने गरी नेपाल विद्युत् प्राधिकरण र बंगलादेशको पावर डेभलपमेन्ट बोर्डबीच सम्झौता हुनेछ ।

अहिले नेपालले सीमा जोडिएको भारतसँग विद्युत् व्यापार गरिरहेको छ । अब सीमा नजोडिएको मित्रराष्ट्र बंगलादेशसँग पनि विद्युत् सुरु हुँदै छ, यसले के संकेत गर्छ ?

यो सांकेतिक रूपमा निकै महत्त्वपूर्ण छ । यसले बंगलादेशसँग विद्युत् व्यापार गर्न बाटो खुला गर्दै छ, अर्थात् नेपाली बिजुलीका लागि नयाँ बजार थपिँदै छ । नेपाली बिजुलीका लागि बंगलादेश पनि ठूलो बजार हो । हामीले आगामी १० वर्षमा भारतमा १० हजार मेगावाटसँगै बंगलादेशमा पनि थप पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य लिएका छौं, त्यो लक्ष्य पूरा गर्न यसले बाटो खुला गरेको छ । त्यसमाथि हामीले बंगलादेशसँग दीर्घकालीन अवधिकै सम्झौता गर्दै छौं, त्यसले गर्दा नेपाली बिजुलीका लागि बंगलादेशको बजार पनि दीर्घकालीन रूपमा सुनिश्चित गर्छ । अहिले ४० मेगावाट विद्युत् मात्रै निर्यात हुन लागेको हो । आउँदा दिनमा यो अझै बढ्दै जान्छ । साथै, हिउँदमा बंगलादेशबाट विद्युत् आयात गर्न पनि सकिन्छ ।

नेपाल–बंगलादेश विद्युत् व्यापारमा केही चुनौती छन् कि ?

यसमा खास चुनौती देखिँदैन । बंगलादेशमा विद्युत् पुऱ्याउन भारतीय प्रसारण लाइन प्रयोग गर्नुपर्छ । भारतले समयमा त्यसको स्वीकृति दिएन भने समस्या आउन सक्छ । भारतले समयमै स्वीकृति दियो भने समस्या हुँदैन ।

प्रेरक प्रसंग

घाँस र बाँस

एकजना व्यापारी थिए । कुनै कारणवश उनको व्यवसाय चौपट भयो र उनी एकदमै निराश हुन पुगे । उनले आफ्नो जीवनसँग हार मान्न थालिसकेका थिए । एक दिन उनी सारै बिरक्तिएर जंगलतिर लागे । जंगलको बीचमा निकै बेर एक्लै धुमधुम्ती बसिरहे । केही सोचेर उनले भगवान्लाई पुकार्दै भने, 'म हारिसकेँ प्रभु ! मलाई निराश नहुने कुनै एउटा पनि कारण बताइदेऊ । मेरो सबै कुरा सक्किसक्यो ।'



भगवान्ले जवाफ दिए, 'तिमी जंगलमा यी घाँस र बाँसका बुटालाई हेर त ! मैले नै यी घाँस र बाँस दुवैको बिउ लगाएको हुँ । मैले यी दुवैको उत्तिकै देखभाल गरेँ । बराबर पानी दिएँ । प्रकाश पनि बराबर दिएँ । घाँस एकदमै छिटो बढ्न लाग्यो र धरतीलाई हराभरा बनायो । तर, पहिलो वर्ष बाँसको बिउ उम्रिँदा पनि उम्रिएन र पनि मैले हार मानिनँ । दोस्रो वर्ष घाँस अझै हराभरा भएर गयो । तर, बाँसको बिउ भने जस्ताको तस्तै रह्यो । फेरि पनि म निराश भइनँ । तेस्रो वर्ष पनि बाँसको बिउमा कुनै वृद्धि भएन । फेरि पनि मैले हिम्मत हारिनँ । पाँच वर्षपछि बल्ल त्यो बाँसको बिउबाट एउटा सानो बिरुवा अंकुरित भयो । त्यतिखेर पनि घाँसको तुलनामा यो बाँस निकै सानो र कमजोर प्रतीत हुन्थ्यो । तर, उम्रिन थालेको ६ महिनामै यो सानो बिरुवा सय फिट अग्लो भयो । मैले बाँसको जरालाई यति बनाउन पाँच सालको समय लगाएँ । पाँच वर्षमा यो यति मजबुत भयो कि यसले सय फिट अग्लो बाँसलाई पनि सहजै थेग्न सक्छ ।'

यो कथाले जीवनमा मजबुतीका लागि संघर्ष गर्नुपर्छ भन्ने बताउँछ । संघर्षले तपाईंको जरा मजबुत बनाइराखेको हुन्छ, जसबाट तपाईं भोलि उत्कृष्ट बन्न सक्नुहुन्छ । यसर्थ, अर्कोसँग आफ्नो तुलना नगर्नुस् । संघर्षसँग नआत्तिनुस् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

१२८ मुलुकसँग व्यापार घाटा किन ?

व्यापार घाटा खर्बौंमा हुँदा नाफा भने करोड र लाखमा देखिएको छ । निर्यातजन्य वस्तुको उत्पादन र उत्पादकत्व बढाउन नसक्दा नेपालले विदेशी देशसँग व्यापार घाटा व्यहोरिरहेको छ । स्वदेशमै उत्पादन हुन सक्ने वस्तुमा पनि परनिर्भर हुन परेपछि यो अवस्था आउनु स्वाभाविकै हो । केही वर्षअघिसम्म भारत बंगलादेशमा धान निर्यात गर्न हाम्रो देश आज भारतलगायत देशबाट करोडौंको चामल आयात गर्छ । कारण, आत्मनिर्भर कसरी बन्न सकिन्छ भनेर राजनीति नेतृत्वले कहिल्यै बहस गरेन । नेपालको राजनीति सत्ताकै वरपर रुमल्लिरह्यो । फलस्वरूप देशको आर्थिक अवस्था कमजोर बन्दै गयो । व्यवस्था परिवर्तनले मात्रै केही हुँदैन, देशको मुहार फेर्न नेताहरूमा प्रबल इच्छाशक्ति चाहियो । १२८ देशसँग व्यापार घाटा भएपछि देशको आर्थिक अवस्था कसरी बलियो होला ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

न्यायालयको गति !

मुद्दा चलेको २८ वर्षपछि
भ्रष्टाचार ठहर ? यो भनेको
न्याय नदिनुसरह होइन र ?
ढिलो न्याय दिनु पनि न्याय
नदिनु हो भन्ने न्यायको सिद्धान्त
नै छ । जीवनभर भ्रष्टाचारीको
कलंक बोकेर मरेपछि सफाइ
पाउनुलाई कसरी न्याय भन्नु ?
न्यायालयबाटै यसरी अन्याय
हुनु दुःखद होइन र ?

● **जगतराम शर्मा**
भक्तपुर

सेनाले उद्योग चलाउने ?

नेपाली सेनाले २३ वर्षदेखि
बन्द हेटौंडाको कपडा उद्योगमा
कल्याणकारी कोषको रकम
खन्याउने कुरा उचित लागेन । खिया
लागिसकेका र आउटडेटेड प्रविधिका
मेसिनबाट गुणस्तरीय उत्पादन गर्न
सकिँदैन । अनि सेनाले व्यापार,
उद्योगधन्दा चलाउने पनि होइन । सेना
र सरकार दुवैले आफ्नो निर्णयमा
गम्भीरतापूर्वक समीक्षा गरोस् ।

● **वसन्त महर्जन**
ललितपुर

वचन पालना गर्न प्रचण्डलाई आग्रह

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजा वीरेन्द्रको वंशनाश गरिएको दरबार हत्याकाण्डको छानबिन हुन्छ भन्नुभएको कुरालै यति वेला नेपाली राजनीतिमा तरंग ल्याएको छ । दरबार हत्याकाण्ड भएको झन्डै २३ वर्ष हुन लाग्यो । यसबीच नेपालमा गिरिजा, शेरबहादुर, सुशील, बाबुराम, माधव, झलनाथ, ओली र प्रचण्ड गरी आठजना प्रधानमन्त्री भइसके । उनीहरू सबै राजा वीरेन्द्रको हत्याको विषयमा मौन रहनु दुर्भाग्य हो । तत्कालीन राजा ज्ञानेन्द्रको पालामा दरबारद्वारा गठित आयोगले दीपेन्द्रमाथि दोष थुपारेर हास्यास्पद काम गरेको थियो । त्यसको खण्डन हुने कार्य कुनै पनि सरकारले नगर्नुको अर्थ दीपेन्द्रमाथि लगाइएको आरोप सही मान्नुसरह नै हो । यसले हिंसालाई प्रोत्साहित गर्छ । मैले तीनपल्टसम्म दीपेन्द्रसित भेट गरेको छु । मैले मनोविज्ञान पनि पढेको हुँ, सोअनुसार दीपेन्द्रको हत्यारा चरित्र संकेत गर्ने कतै केही देखेको थिएन । मैले भेटेका असंख्य मानिसमध्ये दीपेन्द्र सबैभन्दा सभ्य, भद्र र शालीन व्यक्ति थिए । भद्रताको हिसाबमा दीपेन्द्र पिता वीरेन्द्रभन्दा अझ अगाडि थिए । दीपेन्द्रको हत्या हुनु साढे तीन महिनाअघि फागुनमा जन आस्था नामक एक साप्ताहिकमा दीपेन्द्रको लामो अन्तर्वार्ता आएको थियो । त्यसमा दीपेन्द्रले भनेका थिए, यति वेला म पिएचडीको पढाइमा पूरै व्यस्त छु, पिएचडी उत्तीर्ण नगरेसम्म म बिहेको कुरा सोच्न पनि सक्दिनँ भनेका थिए । मैले भेटेका दीपेन्द्र असाध्यै देशभक्त, स्वाभिमानी र सरल स्वभावका धनी थिए । उनले कसैको हत्या गर्छन् भन्ने म कल्पना पनि गर्दिनँ । कमसे कम प्रचण्डले दीपेन्द्रमाथि लागेको कलंक पखालिदिएमा म उनलाई धेरै धन्यवाद दिन्थें । देशले पनि उनलाई स्याबासी दिन्थ्यो । राजा वीरेन्द्र र नेता भण्डारीको हत्यारा पत्ता लगाउनुभएमा प्रचण्डलाई आमनेपालीसमेत आभारी हुनेछन् । यसर्थ प्रधानमन्त्री प्रचण्डलाई आफूले बोलेको कुरामा अडिग रही वीरेन्द्रका हत्यारा पत्ता लगाउन म जोडदार अनुरोध गर्छु ।

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य'
महाकवि देवकोटा आश्रम, काठमाडौं

युद्धविरोधी बनेका छन् अमेरिकी जनता

अमेरिकाका लागि मध्यपूर्वमा युद्धमा संलग्न हुनुपर्ने कुनै बाध्यकारी कारण छैन



देश/विदेश

● विलियम वालडोर्फ

अमेरिका मध्यपूर्वमा युद्ध गर्न तम्तयार छ । आइतबार अमेरिकी सैन्य आधार शिविरमा भएको ड्रोन आक्रमणमा तीन अमेरिकी सैनिकको मृत्यु हुनुका साथै ३४ जना घाइते भएका थिए । इजरायललाई अमेरिकी समर्थन रहेको भन्दै इस्लामिक रेसिस्टेन्स इन इराकले आक्रमणको जिम्मेवारी लिएको थियो । तत्पश्चात् राष्ट्रपति जो बाइडेनले जवाफी कारबाही गर्ने वाचा गरेका छन् । उनको प्रशासनले 'अबका केही दिनमा' जवाफी कारबाही गर्ने गरी तयारी गरिरहेको जनाएको छ र यसो भएमा युद्ध भड्किन सक्छ ।

के अमेरिकी युद्धका लागि तयार छन् ? बिल्कुल छैनन् । इजरायललाई समर्थन गर्ने अमेरिकी भावनालाई एकातिर राख्ने हो भने अमेरिकी जनता र नेता मध्यपूर्व नीतिमा गम्भीर रूपमा विभाजित छन् । युद्धले मन्दी निम्त्याउने र चीनको हितमा अमेरिकी स्रोतहरू खेर जाने मात्रै नभई युद्धले निम्त्याउने मुलुकभित्रको विभाजनले अमेरिकाको विदेश नीतिलाई आउने वर्षमा क्षति पनि पुऱ्याउन सक्छ । तसर्थ, बाइडेनले तनावलाई निमिट्यान्न गरेर इजरायलमा शान्ति ल्याउने प्रयास गर्नुपर्छ ।

सन् १९०० पछिका हरेक ठूला अमेरिकी युद्ध एक सम्मोहक भाष्यबाट सुरु भएको छ । अनुसन्धानले ती युद्धमा बलियो राष्ट्रिय सहमति भएको र युद्धसँग सम्बन्धित क्षतिमा अमेरिकी जनताको व्यापक स्वीकृति रहेको देखाउँछ । सोभियत विस्तार र साम्यवादले अस्तित्वकै खतरा निम्त्याउने भाष्यले कोरिया र भियतनाम युद्धमा अमेरिकी जनताको बलियो प्रारम्भिक समर्थन देखिएको थियो । सन् २००० र २०१० का युद्धका लागि ठूलो भाष्य ९/११को आक्रमण र आतंकवाद निमिट्यान्न पार्नु रहेको थियो । त्यसवेलाको 'आतंकविरुद्धको युद्ध'को भाष्यले अफगानिस्तान र इराकमा अमेरिकी संलग्नतामा बलियो प्रारम्भिक सार्वजनिक समर्थन देखिएको थियो । आज खोइ कहाँ छ अमेरिकी राष्ट्रिय भाष्य ? वास्तवमा यस्तो भाष्य छैन । सन् २०१० को दशकको अन्त्यमा अलकायदा र इस्लामिक स्टेटको पतनसँगै आतंकवादविरोधी भाष्य कमजोर बनेको थियो । त्यसयता अन्य कुनै पनि अन्तर्राष्ट्रिय समूहले उल्लिखित दुई आतंककारी समूहको ठाउँ लिएको छैन ।

अमेरिकी जनता मध्यपूर्वका युद्धबाट आजित भइसकेका छन् । सन् २०१९ सम्ममा ५९ प्रतिशतले अफगानिस्तान 'युद्ध लायक छैन' भनेका थिए र केवल २७ प्रतिशतले अन्य देशमा गरिने हस्तक्षेपले अमेरिकालाई सुरक्षित बनाउने मानेका थिए । जबदेखि आतंकवाद घटेको छ, अमेरिका विदेशी ऊर्जामा कम निर्भर छ । यस अवस्थामा इरान गम्भीर खतराभन्दा पनि बढी चिन्ताको विषय मात्रै बनेको छ । अमेरिकाका लागि मध्यपूर्वमा युद्धमा संलग्न हुनुपर्ने कुनै बाध्यकारी कारण छैन ।

अहिले ठूलो राष्ट्रिय भाष्य छैन भन्ने तथ्य मध्यपूर्व सम्बन्धित बहसमा देखिन्छ । एक सर्वेक्षणअनुसार ८४ प्रतिशत अमेरिकी मुलुक युद्धमा जाकिने हो कि भनेर चिन्तित छन् । अमेरिकी सैन्य कारबाही नभए पनि ६५ प्रतिशत अमेरिकी गाजामा भइरहेको इजरायली युद्धमा विराम हुनुपर्ने ठान्छन् । बाइडेनले मुलुकलाई जोड्ने भनेर दिइएका अभिव्यक्ति पनि खासै उपयोगी हुन सकेको छैन । अहिले ३३ प्रतिशत जनताले मात्रै बाइडेनको संकट निरुपणको उपायलाई स्विकारेका छन् ।

यदि अमेरिका युद्धतर्फ जान्छ भने गाजासम्बन्धी बाइडेनको रणनीतिको अस्वीकृति सम्भवतः बढ्नेछ । युवा मतदाताले गाजामा इजरायलको असमानस्तरको बल प्रयोगमा बाइडेनको अटुट समर्थनको कडा विरोध गर्छन् । गाजामा भएको असमान स्तरको बल प्रयोगका कारण अहिलेसम्म कम्तीमा २६ हजार प्यालेस्टिनी



तस्बिर : टाइम

मारिएका छन् र मारिनेमध्ये अधिकांश महिला एवं बालबालिका छन् । प्रगतिशील डेमोक्र्याट पनि बाइडेनलाई समर्थन जनाउन हिच्किचाइरहेका छन् । रिपब्लिकनमाझ पनि बाइडेनप्रति वितृष्णा बढेको छ । रिपब्लिकन पार्टीको राष्ट्रवादी हिस्सा अहिले युद्धका लागि सहज छैन । डोनाल्ड ट्रम्पले हालै मध्यपूर्वमा अत्यधिक बमबारी भएको भन्दै आलोचना गरेका छन् । त्यसैगरी केही ट्रम्पनजिकका नेताले सैन्य कारबाहीमा रोक लगाउनुपर्ने माग गरेका छन् वा सैन्य कारबाहीको विरोध गरेका छन् ।

यी सबै दृष्टान्तले अमेरिकाले पुनर्विचार गर्नुपर्छ भन्ने सन्देश दिएको छ । अध्ययनका अनुसार अलोकप्रिय युद्धमा संलग्न हुँदा कडा सार्वजनिक विरोध हुन सक्छ, चाहे युद्ध राष्ट्रिय हितमै किन नहोस् । विशेषतः एसिया र युरोपका महत्त्वपूर्ण चुनौतीलाई सम्बोधन गर्न लचिलो र संलग्न भइरहनुपर्ने अवस्थामा अमेरिकाले मध्यपूर्वको द्वन्द्वमा प्रत्यक्ष रूपमा भाग लिनु मूर्खतापूर्ण हुनेछ । बाइडेनले संयम हुन आवश्यक छ । उनले इरानमाथि कुनै किसिमको आक्रमण गर्नुहुँदैन किनभने आइतबारको घटनाका लागि इरानले जिम्मेवारी लिएको छैन । उनले इरान समर्थित यमनको हुथीविरुद्ध थप हवाई आक्रमण गर्ने मामिलामा पनि पुनर्विचार गर्नुपर्छ । बरु उनले लालसागरमा अन्तर्राष्ट्रिय जहाजमा हुने आक्रमणलाई रोक्नका लागि रक्षात्मक मुद्रामा फर्कनुपर्छ । यो रणनीतिले यमनमा अमेरिकी आक्रमणअघि कुनै पनि मृत्यु वा ठूलो क्षतिविना प्रभावकारी रूपमा काम गरिरहेको थियो । यसलाई नै अगाडि बढाउनुपर्छ । सामान्यतया हुथीजस्ता इरानी छद्म समूहलाई प्रहार गर्दा तिनमा निकै कम क्षति पुग्छ, तर आक्रमणले तिनको वैधानिकता बढाउन सक्छ । पछि हट्नुले अमेरिकालाई युद्धको उक्साहटबाट बाहिर निकाल्न मद्दत गर्छ ।

वासिंटनले इजरायललाई गाजामा युद्धविराम गर्न भन्नुपर्छ । गाजायुद्ध तीव्र रूपमा क्षेत्रीय युद्ध बन्दै गइरहेको छ, जुन अमेरिकी हितविरुद्ध हो । युद्धविराम लागू गर्नाले क्षेत्रीय तनावलाई कम गर्नेछ, युद्धको थप उक्साहटलाई रोक्नेछ, अमेरिकाभित्रै पनि स्थायित्व कायम गर्नेछ । मध्यपूर्वभन्दा बाहिर रहेको वास्तविक अमेरिकी राष्ट्रिय सुरक्षा हिततर्फ प्रशासनको बढी ध्यान खिच्नेछ । छोटकरीमा भन्ने हो भने ढिलो हुनुअगावै मध्यपूर्वको नीतिमा हेरफेर गर्न आवश्यक छ ।

(वालडोर्फ वेक फरेस्ट विश्वविद्यालयका प्राध्यापक हुन्)
टाइमबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चिनियाँ कारले पश्चिममा निम्त्याएको भय



पश्चिमी नीति-निर्माताले प्रतिस्पर्धालाई व्यापक बनाउने चिनियाँ कार निर्माताको बजार हिस्सासँग डराउनुपर्दैन । यदि चीन करदाताको पैसा विश्वव्यापी उपभोक्तालाई अनुदान दिन र ऊर्जा संक्रमणलाई गति दिनमा खर्च गर्न चाहन्छ भने यसलाई स्वागत गर्नु नै त्यसको उत्तम प्रतिक्रिया हुन्छ ।

फोटो : जस्टिन मेट्ज

के चीनले विश्वमा औद्योगीकरणको अर्को लहर ल्याउन लागेको हो ? चीनले विश्व व्यापार प्रणालीमा जोडिएर आफ्ना सस्ता सामान निकासी गर्न थालेसँगै सन् १९९७-२०११ मा चिनियाँ प्रतिस्पर्धाका कारण 'म्यानुफ्याक्चरिङ' (निर्माण) क्षेत्रमा करिब १० लाख अमेरिकी कामदारले रोजगारी गुमाए । यो 'चिनियाँ झट्का'लाई अमेरिकी कामदारको मृत्युमा भएको वृद्धिदेखि डोनाल्ड ट्रम्पको निर्वाचनसम्ममा जिम्मेवार ठहऱ्याइएको छ । व्यापारप्रतिको अनुदारवादी मनोवृत्तिले राजनीतिज्ञहरू किन औद्योगिक नीतिलाई अँगाल्छन् भन्ने कुरालाई पनि प्रतिबिम्बित गर्छ । अहिले चीनका कार निर्माता आश्चर्यजनक वृद्धिको आनन्द उठाइरहेका छन् । यसले अर्को 'विनाशकारी झट्का'को डर पैदा गर्दै छ ।

पाँच वर्षअघिसम्म पनि चीनले विश्वको सबैभन्दा ठूलो कार निर्यातक जापानको एकचौथाइ मात्र कार निर्यात गर्थ्यो । चीनको कार उद्योगले सन् २०२३ मा ५० लाखभन्दा बढी कार निर्यात गरेको दाबी हालैमा सार्वजनिक गर्यो । यो आँकडाले जापानको कुल निर्यातलाई उछिन्छ । चीनको सबैभन्दा ठूलो कार निर्माता कम्पनी बिवाइडीले टेस्लालाई पछाडि पार्दै गतवर्षको अन्तिम त्रैमासमा मात्रै पनि पाँच लाख विद्युतीय सवारी (इभी) बेचेको छ । चिनियाँ इभीहरू यति आकर्षक, प्रविधिगत रूपले उन्नत र महत्त्वपूर्ण कुरा यति सस्ता छन् कि आज तिनको निर्यातको एक मात्र बाधा तिनलाई ढुवानी गर्ने जहाजको अभाव भएको छ । विश्व कार्बनमुक्त हुँदै जाँदा इभीको माग अझ बढ्नेछ । सन् २०३० सम्ममा चीनले विश्व बजारमा आफ्नो हिस्सा दोब्बर गरी एकतिहाइमा पुऱ्याउन र विशेषगरी युरोपमा पश्चिमा उत्पादकको प्रभुत्व अन्त्य गर्न सक्छ ।

यसपटक राजनीतिज्ञलाई पश्चिमका रोजगारीको कुनै पनि खतीको दोष चिनियाँ 'फाउल प्ले'माथि थोपर्न अझ सजिलो हुनेछ । चिसो भूराजनीतिक वातावरणले भारी अनुदानमा आधारित चिनियाँ उत्पादनले पश्चिमी कामदारलाई अनुचित रूपमा बेरोजगारीको खतरामा पार्ने भावनालाई नै पोषण गर्नेछ । निश्चित रूपमा चीनमा अनुदानहरू छन् । सन् २०१४ मा 'मेड इन चाइना' एजेन्डा सार्वजनिक भएदेखि नै चीनले विश्व व्यापारका नियमको बेवास्ता गर्दै आफ्ना कार निर्माता कम्पनीको अनुचित पक्षपोषण गरिरहेको छ । चिनियाँ कम्पनीले पाउने ऋण, लगानी, खरिद अनुदान एवं सरकारी सम्झौता आदिबारे सटिकताका साथ भन्न गाह्रो छ । तर, एक अनुमानअनुसार चीनले यो उद्योगमा इभी बिक्रीको करिब एकतिहाइबराबरको अनुदान सहयोग खर्चिन्छ ।

यसर्थ, धनी विश्वका नीति-निर्माता आफ्ना कार निर्मातालाई चीनको राज्य समर्थित प्रतिस्पर्धाको आक्रमणबाट जोगाउन खोज्छन् । गत अक्टोबरबाट युरोपियन कमिसनले चिनियाँ कारमाथि अनुसन्धान सुरु गरेको छ । अमेरिकी राष्ट्रपति जो बाइडनले चिनियाँ कारमा शुल्क बढाउने विचार गरिरहेको बताएका छन् । हुन त चिनियाँ कारमाथि पहिले नै २७.५ प्रतिशत कर र 'इन्फ्लेसन रिडक्सन एक्ट'को संरक्षणका कारण अमेरिकी कार निर्माताले हाल चिनियाँ प्रतिस्पर्धाको खासै सामना गर्नुपरिरहेको छैन । चिनियाँ वाहनलाई बन्देज गर्नु गल्ती हुनेछ । किनकि सस्तो र हरित वाहनको तयारी आपूर्तिबाट पश्चिमलाई प्राप्त हुने लाभ थिनले थोपर्ने लागत र निम्त्याएका खतराभन्दा धेरै विशाल छन् । यसको एउटा कारण के भने विद्युतीय कारको बजार उकालो लाग्दै छ । सन् २०२२ मा विश्वमा बिक्री भएका नयाँ कारमध्ये करिब १६ देखि १८ प्रतिशत विद्युतीय थिए । सन् २०३५ बाट इयूले 'इन्टरनल कम्बुस्टन इन्जिन'युक्त नयाँ कारको बिक्रीमा प्रतिबन्ध लगाउनेछ ।

इभीको उत्पादन कम श्रमप्रधान भएपनि यो क्षेत्रको रोजगारी खासै घटेको छैन । पहिलो चीन आघात पनि त्यस समयको कुल म्यानुफ्याक्चरिङ रोजगारी कटौतीको २० प्रतिशतभन्दा कमका लागि मात्रै जिम्मेवार थियो (प्रविधिगत नवप्रवर्तन मुख्य जिम्मेवार थियो ।) अहिलेको क्षति इभीतर्फको संक्रमणको कारणले हो कि तीनको चिनियाँ उत्पादनको कारण खोसिएको हो भन्नेमा भने भ्रमित हुन सक्ने जोखिम छ ।

अब यसको व्यापारलाई खुला रूपमा प्रवाह गर्न दिँदा हुने फाइदाबारे विचार गरौं । सवारीसाधन मानिसहरूका सबैभन्दा ठूलो खरिदमध्ये एक हो । यसले अमेरिकी खपतको लगभग सात प्रतिशत ओगट्छ । सस्ता कारको अर्थ अन्य चिजमा खर्च गर्न अधिक पैसा बचत हुनु हो, त्यो पनि वास्तविक ज्याला मुद्रास्फीतिद्वारा निचोडिएको समयमा । र, चिनियाँ कारहरू सस्ता मात्र छैनन्, राम्रो गुणस्तरका पनि छन्, विशेषगरी इभीमा उपलब्ध स्मार्ट सुविधाको सन्दर्भमा । फेरि कार निर्माण उद्योगले कुनै देशको आर्थिक वृद्धिलाई निर्धारण गर्छ भन्ने पनि छैन । डेनमार्क विश्वको सबैभन्दा उच्च जीवनस्तर भएको देशमध्ये एक हो, जहाँ एउटा पनि कार निर्माता छैनन् । जबकि चिनियाँ एसेम्बली लाइनबाट धमाधम कार उत्पादन भइरहँदासमेत यहाँको अर्थतन्त्र कोलाहलपूर्ण छ । किनकि अनुदान र राज्यको नियन्त्रणले गर्दाको अर्थतन्त्र एकदमै विकृत भएको छ ।

अन्तमा, यसबाट वातावरणलाई हुने फाइदाबारे विचार गरौं । संसारभरका राजनीतिज्ञहरूले उपभोक्तालाई शून्य उत्सर्जन हुन गरिएको आग्रह कति महँगो रहेछ भन्ने अहिले महसुस गरिरहेका छन् । किनकि उत्सर्जन-कटौतीका महँगो नीतिविरुद्ध जबर्जस्त विरोध पनि हुन्छ । साथै, इभीहरू अहिले इन्धन खपत गर्ने कारहरूभन्दा महँगा पनि छन्, भलै तिनको सञ्चालक लागत कम होस् । कम मूल्यका चिनियाँ कारको स्विकारोक्तिले शून्य उत्सर्जनतर्फको संक्रमणलाई सजिलो बनाउन सक्छ । बिवाइडीले चीनमा बिक्री गर्ने सबैभन्दा सस्तो इभीको मूल्य १२ हजार अमेरिकी डलर छ, जबकि अमेरिकामा सबैभन्दा सस्तो टेस्लाको मूल्य ३९ हजार डलर पर्छ ।

जोखिमचाहिँ के छन् ? सस्तो आयातबाट यो उद्योगलाई खतरा हुन्छ भन्नु अतिरञ्जित कुरा हो । सन् १९८० को दशकमा जापानी र दक्षिण कोरियाली कार निर्माताको उदयबाट सिकेको एउटा पाठ के हो भने प्रतिस्पर्धाले स्थानीय फर्मलाई आफ्नो गियर परिवर्तन गर्न उत्प्रेरित गर्छ । नव-प्रवेशीहरूले अन्ततः आफ्नो उत्पादनलाई उपभोक्तानजिक सार्छन् । बिवाइडीले हंगेरीमा कारखाना खोल्दै छ भने थुप्रै चिनियाँ कार निर्माताले उत्तरी अमेरिकामा साइटहरूको खोजी गरिरहेका छन् । यसैबीच, फोर्ड र फक्सवागनजस्ता कम्पनी चिनियाँ कम्पनीलाई पछ्याउन दौडधुप गरिरहेका छन् । गत वर्ष टोयोटाले आफ्नो 'सोलिड स्टेट' टेक्नोलोजीको सफलताले ब्याट्रीको तौल र लागत घटाउने बताएको थियो ।

राष्ट्रिय सुरक्षा अर्को चिन्ताको विषय हो । ब्याट्रीका लागि पूर्ण रूपमा चीनमा निर्भर हुनु जोखिमपूर्ण हुनेछ । चिप्स, सेन्सर र क्यामेराले भरिएका इभीलाई निगरानीका लागि प्रयोग गर्न सकिने सम्भावना पनि हुन्छ । (चीनले केही सरकारी निकायमा स्थानीयस्तरमा निर्मित टेस्लालाई समेत प्रतिबन्ध लगाएको छ ।) तर, राष्ट्रपतिहरू र खुफिया अधिकारीले पश्चिम वा उसका सहयोगीद्वारा निर्मित सवारीसाधनमा यात्रा गर्दासम्म चिनियाँ सवारीका उपभोक्ताले डराउनुपर्ने कुनै कारण छैन । व्यक्तिगत-गोपनीयताका चिन्तामा उनीहरू आफैंले निर्णय गर्न सक्छन् । साथै, स्थानीय रूपमा उत्पादित कारहरूको निरीक्षण गर्न सजिलो पनि हुनेछ । यसर्थ, नीति-निर्माताले आफ्नो संरक्षणवादी प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ । प्रतिस्पर्धालाई व्यापक बनाउने चिनियाँ कार निर्माताको बजार हिस्सासँग पनि डराउनुपर्दैन । यदि चीन करदाताको पैसा विश्वव्यापी उपभोक्तालाई अनुदान दिन र ऊर्जा संक्रमणलाई गति दिनमा खर्च गर्न चाहन्छ भने यसलाई स्वागत गर्नु नै त्यसको उत्तम प्रतिक्रिया हुन्छ ।

-द इकोनोमिस्टबाट

इतिहासमा आज



सन् १९५४ : अमेरिकी राष्ट्रपति आइजनहावरले विश्वको पहिलो हाइड्रोजन बम सन् १९५२ नोभेम्बर १ मा अमेरिकाले सफल परिक्षण गरेको सार्वजनिक गरे ।

सन् १६५३ : डच औपनिवेशिक शक्तिले उत्तर अमेरिकी भूमिमा न्यू आर्मस्टरडम नामक सहर बसाले । हाल यो न्युयोर्क नामले विश्वकै प्रभावशाली सहरमा गनिन्छ ।

सन् १७४२ : विश्वका पहिलो प्रधानमन्त्री रोबर्ट वालपोलले २१ वर्ष लामो शासनपछि राजीनामा दिए ।

सन् १९५८ : सिरिया र इजिप्ट जोडेर संयुक्त अरब गणतन्त्र नामक राज्यको स्थापना गरे ।

सन् १९७१ : युगान्डाका सैनिक जनरल इदी अमिनले कुमार्फत सत्ता कब्जामा लिएर आफूलाई राष्ट्रपति घोषणा गरे ।

सन् १९९३ : भ्याक्लाभ ह्याभेल स्लोभाकियाबाट अलग्गिएपछिको स्वतन्त्र चेक गणतन्त्रको पहिलो राष्ट्रपति बने ।

सन् २०२१ : पिट बुटिगिग अमेरिकी इतिहासको पहिलो खुला रूपमा समलिंगी क्याबिनेट मन्त्री (सेक्रेटरी) बने, उनले यातायात विभाग सम्हालेका थिए ।

विश्व संक्षेप

इयूले पारित गऱ्यो युक्रेनी सहायता प्याकेज

ब्रसेल्स / हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले अन्ततः युक्रेनका लागि प्रस्तावित ५० बिलियन युरोको सहायता प्याकेजसँगै इयू नेताहरूसँग सहमति जनाएका छन् । हंगेरीका प्रधानमन्त्रीले डिसेम्बरदेखि यस सहायता कोषमा निकासा हुन रोक्दै आएका थिए । उनले युक्रेनलाई कुनै सहायता प्याकेज दिन नहुने पक्षमा आवाज उठाउँदै आएका थिए । तर, बिहीबार इटलीका प्रधानमन्त्री जर्जिया मेलोनी, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँ र जर्मन चान्सलर ओलाफ स्कोल्जका साथै युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष चाल्स मिचेलसँग घन्टौं लामो शृंखलाबद्ध बैठकपछि अन्ततः ओर्बान झुकेका देखिएका छन् । युरोपेली संघको पछिल्लो सहायता प्याकेज युक्रेनी अस्पताल, विद्यालय सञ्चालन तथा निजामती कर्मचारीको तलब-पेन्सनका लागि प्रयोग गरिनेछ । यसको उद्देश्य रुसी आक्रमणमाथि शिथिल भएको युक्रेनी अर्थतन्त्रलाई चलायमान राख्ने रहेको छ । र, यसलाई चार वर्षको अवधिमा खर्च गरिने गरी डिजाइन गरिएको छ ।

थाई अदालतद्वारा शाही मानहानि कानुन संशोधन अभियान अन्त्य गर्न आदेश

बैंकक / एक थाई अदालतले पछिल्लो निर्वाचनमा सबैभन्दा धेरै मत ल्याएको पार्टीलाई देशको लेज-म्याजेस्टे (शाही मानहानि कानुन) संशोधन गनुपर्ने माग राखेर चलाइरहेको अभियान रोक्न आदेश दिएको छ । बैंककको संवैधानिक अदालतले बुधबार 'मुभ फरवार्ड पार्टी'ले शाही मानहानि कानुन संशोधन गर्नुपर्ने मागसहित अभियान चलाएर संविधानको उल्लंघन गरेको फैसला सुनाएको छ । अदालतले फैसलाअनुसार मुभ फरवार्ड पार्टी र यसका नेता तथा पूर्वप्रधानमन्त्री उम्मेदवार पिटा लिम्जारोनेराटले आफ्ना कार्यमार्फत संवैधानिक राजतन्त्रलाई हटाउने प्रयास गरेको ठहर गरेको छ । मुभ फरवार्डका सांसदहरूले लेज म्याजेस्टे कानुन खारेज गर्न, शाही मानहानि कानुनअन्तर्गत आरोप लागेकाहरूको मुद्दा खारेज गर्नुपर्नेलगायत थुप्रै सुधारका माग राख्दै चुनाव लडेको थियो ।

Barekot Rural Municipality
Office of Rural Municipal Executive
Limsa, Jajarkot
Karnali Province, Nepal

Invitation For Bids

First Date Of Publication : 2080/10/19 (Feb-02-2024)

Barekot Rural Municipality, Office of Rural Municipal Executive, Limsa ,Jajarkot invites bid for Eligible bidders for the following works:

S. N.	Contract Identification Number	Description Of Works	Minimum Work Experince of similar size and Nature within last 10 years	Minimum average annual construction turnover of best 3 years within last 10 years Excluding vat Nrs	Esimated Amount With VAT,PS and Contingency (NRs.)	Bid Security Amount (NRs)	Price of Bid Document (NRs)	Bid Capacity (NRs)	Remarks
1	BRM/NCB/ WORKS/ 080/081-06	Invitation for Bid (E-bidding) for Construction of Daha, Jiri, Limka, Chakure-Jumla Road (ch 0+000 to 10+000) barekot -04, jajarkot	"At least one contract with Road construction work with the value of at least NRs.5,07,23,000.00 excluding VAT. Experience in following key activities i.Earthwork Excavation work : 164313 cum ii.Plum concrete work : 3535 Cum Each key activity of above quantities shall be form either one contractor or other but quantities of same activity shall not be added from more than one contract to meet total quantities"	84,538,000.00	99,755,161.77	2,484,000.00	5000.00	85384000.00	
2	BRM/NCB/ WORKS/ 080/081-07	"Invitation E-bidding for Construction of Dobilla Khola Bailey Bridge Over dobilla khola at baarekot 01 and 02 jajarkot."	-	-	19997468.15	500,000.00	3000.00	-	

Further Information to bidders;

Last date and time of Bid Submission	2080/11/ 20 (March-03-2024) (upto 12:00 Noon)
Date, Time and Place of Bid Opening	2080/11/ 20 (March-03-2024) ; at 2:00 PM, At Barekot Rural Municipality Office, Limsa, Jajarkot

Pre-Bid meeting shall be held at Barekot Rural Municipality at 12:00 hrs on 2080/11/10 BS.

Account No. for Bid Document Purchase	Agriculture Development Bank, Limsa, Jajarkot, AC. Name Barekot Rural Municipality aantarik Rajaswa Khata 0726401548097091
Account No. for Bid Security Deposit	The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank , Limsa Branch , Account Number : 0726401548097030

1. Bidder shall quote the item rates in the BOQ (in figure as well as in words) exclusive of VAT.
2. Electronic bids must be submitted to online through e-procurement portal http//:www.bolpatra.gov.np/egp. Bidders are required to follow the electronics bid submission procedure as specified in e-GP system operating Guideline 2073 and User manual issued by PPMO which are available in e-GP system. Bids received after deadline shall not be entertained.
3. Bids must be valid for a period of 90 days for electronic sealed quotation and 120 days for sealed bids after bid opening and must be accompanied by Cash Security or Bank Guarantee
4. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
5. Bidders are advised to visit the site and assess the actual site condition before submitting their bid.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigned any reason, whatsoever.
7. Other related rules and regulations are as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064.
8. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Barekot Rural Municipality Office Jajarkot's notice board & PPMO website www.bolpatra.gov.np/egp.

Employer Address:

The Employer: Barekot Rural Municipality Office of the Rural Municipal Executive, Office Jajarkot
Location: Barekot-02 Limsa, Jajarkot
Attention: Project Chief,/Chief Administrative Officer,BRM, Office of the Rural municipal exeutive , Baekot, Jajarkot

9. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Barekot Rural Municipality Office, Limsa, Jajarkot Contact No: 9846114557
10. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

Chief Administrative Officer

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

कर्मचारी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

भीरकोट नगरपालिकामा क्षयरोग मुक्त अभियान संचालन गर्न तपसिलमा उल्लिखित कर्मचारी खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नु पर्ने हुँदा सम्बन्धित पदको लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका कागजातहरुको छायाप्रति संलग्न राखी भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र. स.	विज्ञापन नं	पद	तह	आवश्यक संख्या	शैक्षिक योग्यता
१	04-2080/081	कार्यक्रम संयोजक	अधिकृतस्तर	१	नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य वा स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको

पुनश्चः विस्तृत जानकारीको लागि भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बयरघारी स्याङ्जाको सम्पर्क नम्बर ९८५६०७९१११ मा सम्पर्क गर्नुहुन तथा नगरपालिकाको वेबसाइट https://bheerkotmun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

हेल्पलाईन बहुउद्देश्यीय सहकारी संस्था लि.
चन्द्रजिरि न.पा.-१२, बलम्बु, काठमाडौं

कर्जा तिर्न आउने बारेको ३१ दिने सूचना तथा धितोमा रहेको अचल सम्पती लिलाम सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१०/१५

यस हेल्पलाईन बहुउद्देश्यीय सहकारी संस्था लि., बलम्बु-२ काठमाडौंबाट विभिन्न मितिमा, विभिन्न सदस्यहरुबाट एकमुष्ट पटक-पटक गरि कर्जा लिनु भएका तपसिल बमोजिमका ऋणी महानुभावहरुलाई पत्राचार/सूचना मौखित/भेटवार्ता आदि माध्यमबाट बारम्बार लिएको कर्जा भाका नघाई संस्थामा कर्जा चुक्ता गर्न नआउनु भएको र कर्जा तिर्न बेवास्ता गरेको र सम्पर्क समेत राख्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाको सम्पूर्ण कर्जाको बाँकी बक्यौता रकम चुक्ता गर्न आउनु हुन अनुरोध गरिन्छ ।

यदि ऋणीले माथि तोकिएको भाका म्याद भित्र यस संस्थामा आई बाँकी बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तानी नगरेमा यो सूचना प्रकाशित भएको मितिले २१औं दिनदेखि यस संस्थाले ऋणीहरूसंग बाँकी लेना रकम असुलउपर गर्न ऋणी, ऋणीका एकाघरका नाममा रहेको चलअचल सम्पती र ऋण दिदा व्यक्तिगत जमानी दिनेको नाममा रहेको वा निजको चलअचल सम्पतिबाट समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र अन्य प्रचलित नियम तथा निर्देशनहरु संस्थाको विनियम बमोजिम र अन्य कानुनि प्रक्रिया समेत अपनाई संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

सि. नं.	सदस्यता नं.	ऋणीको विवरण	फोटो	धितोमा रहेको सम्पतीको विवरण	धनजमानी दिने व्यक्तीको विवरण
१	२९२३	**नाम : सुर्य बहादुर महर्जन** बुबाको नाम : भाजुरत्न महर्जन बाजेको नाम : अष्टमान महर्जन नागरिकता प्र.प.नं. : १००३/१२५९४ जारी जिल्ला : काठमाडौं जारी मिति : २०४४/२/१९ हालको ठेगाना : च.न.पा.-१०		मच्छेगाउँ-१ वडा १ "क" कित्ता नं. ४५० क्षेत्रफल ०-१०-०-० सुर्य बहादुर महर्जनको नाममा मालपोत कार्यालय कलंकीमा श्रेष्ठा दर्ता कायम रहेको	
२	५४०	**नाम : माईला श्रेष्ठ** बुबाको नाम : भाईकाजी श्रेष्ठ बाजेको नाम : ज्योतीमान श्रेष्ठ नागरिकता प्र.प.नं. : २४३५ जारी जिल्ला : काठमाडौं जारी मिति : २०३३/८/२० हालको ठेगाना : च.न.पा-१२		बलम्बु ३"ख" कित्ता नं. १३३ क्षे.फ. ०-२-३-२ जग्गा धनी : माईला श्रेष्ठ	
३	१६६५	**नाम : कृष्ण कुमार श्रेष्ठ** बुबाको नाम : हरि श्रेष्ठ बाजेको नाम : ज्योतीमान श्रेष्ठ नागरिकता प्र.प.नं. : ३४२२/४८७०/३२५२३ जारी जिल्ला : काठमाडौं जारी मिति : २०४३/५/२९ हालको ठेगाना : च.न.पा.-४			लक्ष्मी शोभा श्रेष्ठ (पत्नी)
४	११३४	**नाम : सुनिता प्रधान** बुबाको नाम : प्रेम सिं जोशी पतिको नाम : सुदर्शन मान सिं प्रधान नागरिकता प्र.प.नं. : १३०७/१९८६/५२९ जारी जिल्ला : बारा जारी मिति : २०५१/३/१३ हालको ठेगाना : च.न.पा.-११			सुदर्शनमान सिं प्रधान
५	३१३	**नाम : विजय कुमार महर्जन** बुबाको नाम : जितलाल महर्जन बाजेको नाम : गुण सिं महर्जन नागरिकता प्र.प.नं. : ७४५४ जारी जिल्ला : काठमाडौं जारी मिति : हालको ठेगाना : च.न.पा.-१४			स्व. बसन्तलाल महर्जन, तिनथाना-१ सिता महर्जन, नैकाप-१५
६	१८९	**नाम : लक्ष्मी मल्ल** बुबाको नाम : सोम बहादुर मल्ल बाजेको नाम : प्रताप मल्ल पतिको नाम : उत्तम प्रसाद शिवाकोटी नागरिकता प्र.प.नं. : ५९८९९ जारी जिल्ला : म्याग्दी जारी मिति : २०५१-८-१९ हालको ठेगाना : च.न.पा.-८			रुद्र केशरी कपाली सोनु शिवाकोटी लक्ष्मी कुँवर (छोरी)
७	८८१	**नाम : गणेशमान श्रेष्ठ** बुबाको नाम : कृष्णमान श्रेष्ठ बाजेको नाम : रत्नमान श्रेष्ठ पत्नीको नाम : निर्मला श्रेष्ठ नागरिकता प्र.प.नं. : १०३२० जारी जिल्ला : गोरखा जारी मिति : २०६०/१/२३ हालको ठेगाना : च.न.पा-१२			कुलबहादुर धमला (रमेश) गिता अधिकारी मंगलबाबु श्रेष्ठ काठमाडौं महानगरपालिका
८	२७४	**नाम : आशा तामाङ** बुबाको नाम : नर बहादुर तामाङ बाजेको नाम : मान बहादुर तामाङ पतिको नाम : कृष्ण बहादुर तामाङ नागरिकता प्र.प.नं. : १९०२२ जारी जिल्ला : काठमाडौं जारी मिति : २०५०/१२/०७ हालको ठेगाना : च.न.पा.-१			आशा तामाङ, दहचोक-९ कृष्ण बहादुर तामाङ, दहचोक-९
९	८९७	**नाम : हरिकृष्ण कपाली** बुबाको नाम : चन्द्र प्रसाद कपाली बाजेको नाम : मान बहादुर कपाली नागरिकता प्र.प.नं. : ४६५७/१५१८९ जारी जिल्ला : काठमाडौं हालको ठेगाना : च.न.पा.-१२			
१०	११३६	**नाम : प्रेम कृष्ण कपाली** बुबाको नाम : चन्द्र प्रसाद कपाली बाजेको नाम : मान बहादुर कपाली नागरिकता प्र.प.नं. : २१८ जारी जिल्ला : काठमाडौं जारी मिति : २०४६/२/११ हालको ठेगाना : च.न.पा.-१२			
११		**नाम : नथुराम यादव** बुबाको नाम : रवि यादव बाजेको नाम : बौनी यादव पत्नीको नाम : पवन कुमारी यादव नागरिकता प्र.प.नं. : ११०८४८१७ जारी जिल्ला : सप्तरी जारी मिति : २०५२/१२/०७ हालको ठेगाना : च.न.पा.-५ किर्सिपिडी काठमाडौं			हसना, शान्ता बलामी, च.न.पा.-९
१२		**नाम : शिव प्रसाद अधिकारी** बुबाको नाम : अम्बर प्रसाद अधिकारी बाजेको नाम : शिर्वानिधि अधिकारी पत्नीको नाम : सुनिता गौतम अधिकारी नागरिकता प्र.प.नं. : २४४५५ जारी जिल्ला : मकवानपुर जारी मिति : २०४९/१२/१० हालको ठेगाना : च.न.पा.-१४, नैकाप			सुनिता गौतम अधिकारी

लक्ष्य पूरा गर्ने अभिकर्तालाई नेसनल लाइफको भ्रमण योजना

काठमाडौं/ कम्पनीको मासिक योजनाअन्तर्गत तोकिएको लक्ष्य पूरा गर्ने अभिकर्तालाई नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले लुम्बिनी लक्जरी टुर गराएको छ । जसअन्तर्गत कम्पनीले अभिकर्तालाई लुम्बिनी र पाल्पाको रानीमहल भ्रमण गराएको हो । कम्पनीका विभागीय प्रमुख, प्रदेश प्रमुख, शाखा प्रमुखहरू र देशैभरिबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनोट हुन सफल भएका चार सयभन्दा बढी वरिष्ठ अभिकर्ताहरू कार्यक्रममा सहभागी भएको जनाइएको छ ।



उक्त अवसरमा कम्पनीका उपप्रमुख कार्यकारी अधिकृत स्मृतिराज कँडेलले उत्कृष्ट व्यवसाय गर्ने अभिकर्तालाई सम्मान तथा प्रमाणपत्र प्रदान गरेको कम्पनीले जनाएको छ । उपप्रमुख कार्यकारी अधिकृत कँडेलले यस्ता भ्रमण कार्यक्रमबाट देशका विभिन्न क्षेत्रका अभिकर्ताबीच एक-आपसमा अन्तर्क्रिया पनि हुने र मनोरञ्जन पनि प्राप्त हुनुका साथै अभिकर्ता समूहको दक्षता अभिवृद्धिमा समेत प्रत्यक्ष लाभ पुऱ्याउने बताए । त्यसैले कम्पनीले यस प्रकारको अभिकर्ता योजना ल्याएको र अभिकर्ताको उत्साहजनक उपस्थितिले योजना अत्यन्तै सफल भएको उनको भनाइ थियो ।

लुम्बिनी प्रदेश सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय, रूपन्देही,
भैरहवा ,रूपन्देही

निर्माण व्यवसायीलाई ठेक्का सम्झौता तोड्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/१०/१९

तपसिलमा उल्लेखित निर्माण कार्य गर्नका लागि निम्नानुसारको निर्माण व्यवसायीको नाममा मिति २०७९/११/०९ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ठेक्का तोड्ने सम्बन्धी सूचना तथा मिति २०८०/०९/२१ गते नयाँ प्रत्रिका दैनिकमा निर्माण व्यवसायीको जमानत जफत गरि कारवाहि गरिने सम्बन्धी सूचना प्रकाशन गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्न तर्फ कुनै चासो नदेखाएको/प्रयास नगरेको देखिएकोले ठेक्का सम्झौता तोड्ने सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ । साथै तपशिल अनुसारका मितिमा यस कार्यालय, सम्बन्धित स्थानिय निकायका (प्राधिकि) प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय बुटवलका प्रतिनिधि लगाएतका र निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधिको रोहबरमा अध्यावधिक भएको कामको र बाँकी कामको मुल्याङ्कन गरिने छ । मुल्याङ्कन कार्यमा निर्माण व्यवसायीको प्रतिनिधि उपस्थित नभए पनि नाँपजाँचमा बाधा पर्ने छैन । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालो सुचीमा राख्ने सिफारिस गर्ने तथा बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारवाही गरिने समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

क्र.सं.	ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायीको नाम	मुल्याङ्कन कार्य हुने मिति
१.	UDBRUP/33704014/ NCB/077-78/04	Construction of Road, Footpath and paving Interlock Block Works at Ramgram, Nawalparasi	New Jagatradevi Nirman Sewa, Sunwal-4	२०८०/१०/ २८ गते
२.	UDB-RUP/34701014/ NCB/078-79/4	Construction of Infrastructure (Drain Cover) at Prabhatpath to Bhanupath Road, Si.na.pa.-09, Rupandehi	Sahani Builders, Omsatiya-03, Rupandehi	२०८०/१०/ २९ गते

नि. कार्यालय प्रमुख

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका क्रेडिटकार्ड होल्डरहरुले उपभोग गरेको क्रेडिटकार्ड बापत बुझाउनु पर्ने बाँकी साँवा, ब्याज लगायतका अन्य बक्यौता र कम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो बाँकी साँवा ब्याज लगायतका अन्य बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपशिलका क्रेडिटकार्ड होल्डरहरुको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको क्रेडिट कार्डको सम्पूर्ण बाँकी साँवा, ब्याज र अन्य बक्यौता रकम भुक्तान गर्नुहोला । अन्यथा बाँकी बक्यौता भुक्तानी नगर्ने क्रेडिटकार्ड होल्डरहरुको नाम कालोसूचीमा समावेश गर्नुका साथै प्रचलित ऐन कानुन तथा यस बैंकसंग गरेको लिखत बमोजिम बैंकको आफ्नो लेना रकम असुल उपर गरिने छ ।

तपसिल

ऋणीहरुको विवरण

१) निलम जैसवाल ना.प्र.प.नं. : ३२.२.७३/२८३ ठेगाना : रौतहट जिल्ला, गरुडा नं.पा वडा नं. ०६ बाबु : जगरनाथ प्रसाद कल्वार पति : सिकेन्द्र कुमार चौधरी ससुरा : नथुनी प्रसाद चौधरी कर्जा शिर्षक : क्रेडिट कार्ड	**२) लक्ष्मी पाण्डे** ना.प्र.प.नं. : १६५५६ स्थायी ठेगाना : गुल्मी जिल्ला, सत्यवती गा.पा वडा नं. ०१ हालको ठेगाना:रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. ०५ बाबु : ढुण्डीराज ज्ञवाली पति : देवी प्रसाद पाण्डे ससुरा : पेउ नारायण पाण्डे कर्जा शिर्षक : क्रेडिट कार्ड	**३) शान्ति थापा** ना.प्र.प.नं. : ३७२०२४/४७०४६ स्थायी ठेगाना: रुपन्देहि जिल्ला, बुटवल न.पा वडा नं. १५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.प.म.न.पा वडा नं. १३ बाबु : फत्ते बहादुर सलामी पति : अकन बादुर थापा ससुरा : केशर बादुर थापा कर्जा शिर्षक : क्रेडिट कार्ड	**४) राम शरण सिंह ठकुरी** ना.प.प.नं. : ६६१०४३/३५५ स्थायी ठेगाना : बाँके जिल्ला, रनियपुर गा.वि.स वडा नं.०१ हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गाँ.पा वडा नं. ०८ बाबु : कुसल सिंह ठकुरी बाजे : नर सिंह ठकुरी कर्जा शिर्षक : क्रेडिट कार्ड
५) रजनी महर्जन ना.प्र.प.नं. : १०५८/८६०२२ स्थायी ठेगाना:काठमाडौं जिल्ला, किर्तिपुर न.पा वडा नं. ०३ हालको ठेगाना:काठमाडौं जिल्ला, किर्तिपुर न.पा वडा नं. १० बाबु : राज भाई महर्जन पति : सञ्जय चौधरी ससुरा : चन्द प्रसाद चौधरी कर्जा शिर्षक : क्रेडिट कार्ड	**६) दुर्गेश कुमार साह** ना.प्र.प.नं.: १५-०१-७१-०६७६६७ ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ०४ बाबु : विरेन्द्र कुमार साह बाजे : पुरन साह तेली कर्जा शिर्षक : क्रेडिट कार्ड	**७) ममता कुमारी श्रेष्ठ** ना.प्र.प.नं. : १५३०६९/६९ स्थायी ठेगाना: सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स वडा नं. ०२ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २८ बाबु : बद्री नारायण श्रेष्ठ पति : रामचन्द्र श्रेष्ठ ससुरा : कृष्ण बहादुर श्रेष्ठ कर्जा शिर्षक : क्रेडिट कार्ड	**८) पुष्पा कुमारी** ना.प्र.प.नं. : ३२-०१-७१-०१९८२ स्थायी ठेगाना : रौतहट जिल्ला, पोठीयाही गा.वि.स वडा नं. ०५ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा वडा नं. ०५ बाबु : राम रतन चौधरी पति : देवेन्द्र कुमार चौधरी ससुरा : नथुनी प्रसाद चौधरी कर्जा शिर्षक : क्रेडिट कार्ड
९) देवेन्द्र कुमार चौधरी ना.प्र.पं. नं. : १६१९ स्थायी ठेगाना : रौतहट जिल्ला पोठीयाही गा.वि.स वडा नं. ०५ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा वडा नं. ०५ बाबु : नथुनी प्रसाद चौधरी बाजे : लंगड साह कलवार कर्जा शिर्षक : क्रेडिट कार्ड	**१०) माहिला महर्जन** ना.प्र.प.नं. : १०९३२/४२१६ स्थायी ठेगाना: काठमाडौं जिल्ला, जिल्ला सीतापाईला गा.वि.स वडा नं. ०१ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ०४ बाबु : तुईसी महर्जन बाजे : पुनवीर महर्जन कर्जा शिर्षक : क्रेडिट कार्ड	**११) विरेन्द्र कुमार साह** ना.प्र.प.नं. : १०४ स्थायी ठेगाना : सिरहा जिल्ला, गौंउ पञ्चायत वडा नं. ०५ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ०४ बाबु : पुरन साह तेली बाजे : जयलाल साह कर्जा शिर्षक : क्रेडिट कार्ड	**१२) हरि शंकर राय** ना.प्र.प.नं. : ३३५ स्थायी ठेगाना : रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स वडा नं. ०१ हालको ठेगाना : रौतहट जिल्ला, बृन्दावन न.पा वडा नं. ०१ बाबु : देवेन्द्र राय यादव बाजे : जोगा राय कर्जा शिर्षक : क्रेडिट कार्ड
१३) रितेश पटेल ना.प्र.प.नं. : ३४/०१/७१/०१८३३ स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा वडा नं १७ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा वडा नं. ०४ बाबु : प्रमानन्द प्रसाद बाजे : पारस राउत कुर्मी कर्जा शिर्षक : क्रेडिट कार्ड	**१४) असलम मंसुर** ना.प्र.प.नं. : २७४७/१५८२ स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उप.म.न.पा वडा नं. ०८ बाबु : हफिज मिया धुनिया बाजे : सम्सेर मिया कर्जा शिर्षक : क्रेडिट कार्ड	**१५) राजु कार्की** ना.प्र.प.नं. : २२३२३ ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ०७ बाबु : दुर्गा बहादुर कार्की बाजे : विर बहादुर कार्की कर्जा शिर्षक : क्रेडिट कार्ड	**१६) सरोज महतो** ना.प्र.प.नं. : १८२०६८/८२० स्थायी ठेगाना : महोतरी जिल्ला, लक्ष्मीनियाँ गा.वि.स वडा नं. ०३ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ११ बाबु : वुदि राम महतो बाजे : पलट महतो कर्जा शिर्षक : क्रेडिट कार्ड
१७) जयराम बुढाथोकी ना.प्र.प.नं. : ९५८२५ स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा वडा नं. ०५ हालको ठेगाना:ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ०९ बाबु : छत्र बहादुर बुढाथोकी बाजे : नेत्र बहादुर बुढाथोकी कर्जा शिर्षक : क्रेडिट कार्ड	**१८) अंकित लामिछाने** ना.प्र.प.नं. : ४६१००१/१६४२ स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १२ हालको ठेगाना:ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. २३ बाबु : कुमार लामिछाने बाजे : बुद्धि साग़र लामिछाने कर्जा शिर्षक : क्रेडिट कार्ड	**१९) लक्ष्मण गिरी** ना.प्र.प.नं. : १९४७० स्थायी ठेगाना: दार्चुला जिल्ला, खरकडा गा.वि.स वडा नं.०६ हालको ठेगाना:कञ्चनपुर जिल्ला, भीमदत्त न.पा वडा नं. १८ बाबु : दते गिरी बाजे : मनोरथ गिरी कर्जा शिर्षक : क्रेडिट कार्ड	**२०) अम्बिका प्रसाद लुइटेल** ना.प्र.प.नं. : २७-०१-७३-१४३१५ स्थायी ठेगाना:काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.३२ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ०६ बाबु : लक्ष्मी प्रसाद लुइटेल बाजे : हर्क लाल लुइटेल कर्जा शिर्षक : क्रेडिट कार्ड
२१) भुवन राज खत्री ना.प्र.प.नं. : ७३५८४ स्थायी ठेगाना : रामेछाप जिल्ला, वेधान गा.वि.स वडा नं. ०२ हालको ठेगाना :काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २९ बाबु : शिव बहादुर खत्री बाजे :पदम बहादुर खत्री कर्जा शिर्षक : क्रेडिट कार्ड	**२२) सौरभ पाण्डे** ना.प्र.प.नं. : ३४-०१-७३-११५३९ स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उप.म.न.पा वडा नं. १० हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ०१ बाबु : सुशिल कुमार पाण्डे बाजे : अमृतलाल पाण्डे कर्जा शिर्षक : क्रेडिट कार्ड	**२३) अंकित तिवारी** ना.प्र.प.नं. : ०५-०१-६९-०८९८८ स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. ०७ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ०६ बाबु : गहेन्द्र प्रसाद तिवारी बाजे : चक्र प्रसाद तिवारी कर्जा शिर्षक : क्रेडिट कार्ड	**२४) राजेन्द्र कुमार श्रेष्ठ** ना.प्र.प.नं. : ३६४७९ स्थायी ठेगाना : तनहु जिल्ला, भानु गा.वि.स वडा नं. ०५ हालको ठेगाना : तनहु जिल्ला, वन्दिपुर गाँ.पा. वडा नं. ०१ बाबु : राज कुमार श्रेष्ठ बाजे : गणेश मान श्रेष्ठ कर्जा शिर्षक : क्रेडिट कार्ड
२५) अनिल क्षेत्री ना.प्र.प.नं. : ६४१०१८/८६९९५ स्थायी ठेगाना : सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स वडा नं.०८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०५ बाबु : तिल बहादुर क्षेत्री बाजे : धन बहादुर क्षेत्री कर्जा शिर्षक : क्रेडिट कार्ड	**२६) सौभाग्य कुमारी श्रेष्ठ** ना.प्र.प.नं. : ४००६६ स्थायी ठेगाना : पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. ०७ हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा.वडा नं ०१ बाबु : गोविन्द प्रसाद श्रेष्ठ पति : रोशन जोशी ससुरा : रत्न गोपाल जोशी कर्जा शिर्षक : क्रेडिट कार्ड	**२७) अजय घिमाल** ना.प्र.प.नं. :०४-०१-६९-००९३७ स्थायी ठेगाना : झापा जिल्ला, जिल्ला, अनारमनी गा.वि.स वडा नं. ०४ हालको ठेगाना : झापा जिल्ला, वितामोड न.पा वडा नं. ०४ बाबु : अर्जुन घिमाल बाजे : पुष्पलाल घिमाल कर्जा शिर्षक : क्रेडिट कार्ड	**२८) विवेक भुजेल** ना.प्र.प.नं. : ०५१०१०/६९६ स्थायी ठेगाना : मोरङ जिल्ला, केरावारी गा.वि.स वडा नं. ०२ हालको ठेगाना : मोरङ जिल्ला, केरावारी गाँ.पा वडा नं. ०८ बाबु : श्याम भुजेल बाजे : पर्त बहादुर भुजेल कर्जा शिर्षक : क्रेडिट कार्ड
२९) शुसिल कुमार श्रेष्ठ ना.प्र.प.नं.: ४४१/५६९-६०७ स्थायी ठेगाना: नवलपरासी जिल्ला, परासी आदर्श गा.वि.स वडा नं. ०८ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा वडा नं. ०५ बाबु : जुठेलाल श्रेष्ठ बाजे : विष्णु मान श्रेष्ठ कर्जा शिर्षक : क्रेडिट कार्ड		**३०) शारदा भट्टराई** ना.प्र.प.नं. : ३९-०१-७०-०९०४६ स्थायी ठेगाना: पाल्पा जिल्ला, तानसेन न.पा वडा नं. ०३ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.प.म.न.पा वडा नं. ११ बाबु: रिशीराम भट्टराई बाजे: दुर्गा प्रसाद भट्टराई कर्जा शिर्षक: क्रेडिट कार्ड	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १९ माघ ०८०

सार्वजनिक यातायातमा सिन्डिकेट जमाएका समिति ब्युँत्याउन सिफारिस

सिफारिस ८० प्रतिशत कार्यान्वयनमा आए सुधार

विजयबहादुर स्वाँर, अध्यक्ष, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ



सरकारले शतप्रतिशत सिफारिसलाई कार्यान्वयन गर्नुपर्छ। त्यसमध्ये ८० प्रतिशत सिफारिस मात्रै कार्यान्वयनमा आए पनि सार्वजनिक यातायातमा ठूलो सुधार आउँछ। सायद, अहिले सरकार नयाँ यातायात ऐन ल्याउने तयारीमा पनि छ। कार्यदलले दिएको सुझावलाई उक्त ऐनमार्फत पनि कार्यान्वयनमा ल्याउनुपर्छ।



बिहीबार यातायातमन्त्री प्रकाश ज्वालालाई प्रतिवेदन बुझाउँदै कार्यदलका प्रतिनिधि

मिलन विश्वकर्मा/नयाँ पत्रिका

यातायात क्षेत्रका समस्या समाधान गर्न बनेको कार्यदलले सार्वजनिक यातायातसम्बन्धी समितिहरू पाँच वर्षका लागि नवीकरण गर्न सिफारिस गरेको छ। वैशाख ०७५ मा तत्कालीन सरकारले यस्ता समितिहरू नवीकरण नगर्ने र सार्वजनिक यातायात सेवालाई कम्पनी मोडलमा लैजाने निर्णय गरेको थियो। त्यसको पाँच वर्षपछि सरकारी कार्यदलले नै उक्त समितिको नवीकरणमा लगाइएको प्रतिबन्ध आर्थिक वर्ष ०८५/८६ सम्म फुकुवा गर्न सिफारिस गरेको हो।

यातायात क्षेत्रका समस्या समाधान गर्न माघ ०७९ मा तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले पूर्वसचिव शरदचन्द्र पौडेलको नेतृत्वमा कार्यदल बनाएका थिए। उक्त कार्यदलले बिहीबार यातायातमन्त्री प्रकाश ज्वालालाई प्रतिवेदन बुझाउँदै यातायात समिति नवीकरण गर्न सिफारिस गरेको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, यातायात मन्त्रालयले यसबारे तत्काल निर्णय गर्नुपर्ने कार्यदलको सिफारिस छ।

सार्वजनिक यातायात सेवा सञ्चालन गरेका उक्त समितिहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता थिए, जुन समितिहरूको यातायात सेवामा सिन्डिकेट थियो। उक्त सिन्डिकेटलाई हटाउने र प्रतिस्पर्धी (कम्पनी) मोडलमा सञ्चालन गर्ने उद्देश्यसहित ०७५ वैशाखमा तत्कालीन सरकारले यातायात समिति नवीकरण नगर्ने निर्णय गरेको थियो। पुस ०७३ मा सर्वोच्च अदालतले उक्त समितिहरू खारेज गर्न परमादेश दिइसकेको थियो।

अहिले पुनः समितिहरू नवीकरण गर्ने तयारीमा सरकार अघि बढेको कार्यदलको प्रतिवेदनले पुष्टि गरेको छ। पाँच वर्षसम्म यस्ता समिति सञ्चालन सँगसँगै यातायात सेवालाई कम्पनी मोडलमा लैजाने प्रतिवेदनमा उल्लेख छ। त्यसपछि १ साउन ०८६ देखि समिति स्वतः खारेज हुने नीति ल्याउनुपर्ने कार्यदलको सुझाव छ।

समितिहरूको अचल सम्पत्ति कम्पनीहरूमा हस्तान्तरण तथा नामसारी हुन नसकेको, नयाँ कम्पनीहरू भने दायित्व नहुँदा स्थापनाकालदेखिका कार्यरत मजदुरहरूको सेवा उपलब्ध गराउन अवरोध भएको र कम्पनीका सञ्चालकको बैंक खाता रोक्का राख्दा व्यवसाय सञ्चालनमा बाधा भएको प्रतिवेदनमा उल्लेख छ। यसैगरी, दुर्घटना भएका घाइतेको उपचार खर्च र क्षतिपूर्ति भुक्तानी गर्न बाँकी रहेकाले पनि सरकारले पुनर्विचार गर्नुपर्ने कार्यदलको सुझाव छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्माले कार्यदलबाट प्रतिवेदन प्राप्त भएको बताए। 'यो कार्यदलको सिफारिस मात्रै हो। अब प्राप्त प्रतिवेदन विस्तृत अध्ययन गर्छौं। त्यसपछि यसबारे उचित निर्णय गर्नेछौं,' उनले भने।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले यातायात समिति नवीकरण गर्नुपर्ने बाध्यता रहेको बताए। 'यो समिति खारेज गर्ने निर्णय गरेको सरकार ढलिहाल्यो। यातायात सेवालाई समिति मोडलबाट कम्पनी मोडलमा ल्याउन जेजति काम काम गर्नुपर्ने थियो, त्यो हुन पाएन। अहिले विभिन्न समस्या आएको छ। तसर्थ, पाँच वर्षका लागि भए पनि उक्त समितिलाई नवीकरण गरिदिनुपर्छ,' उनले भने, 'त्यसपछि भने हामी कम्पनी मोडलमै यातायात सेवा सञ्चालन गर्न तयार छौं।'

कार्यदलका अन्य केही महत्त्वपूर्ण सुझाव

■ दोहोरो कर हटाउनुपर्ने

अहिले सार्वजनिक गाडीहरूले अग्रिम कर तिर्दै आएका छन्। सम्बन्धित यातायात कम्पनीले पनि आय-व्ययका आधारमा थप कर तिर्नुपर्छ। अब भने कम्पनीमार्फत मात्रै कर तिर्ने व्यवस्था गर्नुपर्ने कार्यदलको सुझाव छ। अग्रिम आयकरसम्बन्धी व्यवस्था यातायात कम्पनीका सार्वजनिक गाडीमा लागू नहुने नीति ल्याउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

■ पूर्वाधार र सवारीसाधनलाई अपांगमैत्री बनाउनुपर्ने

सडकजस्ता पूर्वाधार तथा गाडीलाई अपांगमैत्री बनाउन पनि सुझाव दिएको छ। सहरी बाटोमा सञ्चालन हुने साना तथा मझौला र ठूला सार्वजनिक गाडीमा अनिवार्य रूपमा अपांग, बालबालिका, वृद्धवृद्धा तथा महिलाका लागि उपयुक्त सिटहरू जडान गर्न कार्यदलको सुझाव छ।

■ अनलाइनबाटै टिकेटिङ

यातायात क्षेत्रमा सहज रूपमा अनलाइन टिकेटिङको सुविधा ल्याउनुपर्ने समितिको सुझाव छ। यसका लागि सञ्चित मूल्य कार्ड, कन्ट्याक्टलेस चिपसहितका बैंक कार्ड, डिजिटल वालेट, क्युआर कोड आधारित मोबाइल टिकटजस्ता प्रविधिको प्रयोग गर्नुपर्ने कार्यदलको सुझाव छ।

■ रोजगारलाई औपचारिकता दिने, सामाजिक सुरक्षाको ग्यारेन्टी

कार्यदलले सार्वजनिक यातायात क्षेत्रको रोजगारीलाई औपचारिकीकरण र सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न पनि सुझाव दिएको छ। अहिले सार्वजनिक यातायातमा कार्यरत श्रमिकहरू (चालक, सहचालक, मजदुर, कर्मचारी)को रोजगारी अनौपचारिक छ।

■ बिमा सात लाख पुऱ्याउनुपर्ने

दुर्घटनामा मृत्यु हुने यात्रुको परिवारले पाउने बिमा रकम सात लाख पुऱ्याउन सिफारिस गरिएको छ। हाल दुर्घटनामा मृत्यु हुने यात्रुको परिवारले पाँच लाख क्षतिपूर्ति पाउँछन्। घाइतेको उपचार सेवालाई पाँच लाखको सीमासम्म पुऱ्याउनुपर्ने कार्यदलको सुझाव छ।

■ विशेष घाइतेको उपचार गर्न कोष स्थापना

कार्यदलले विशेष किसिमका घाइतेका लागि सरकारले पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव पनि दिएको छ। २५ लाखभन्दा बढी खर्च लाग्ने र पाँच वर्षभन्दा बढी उपचार गराउनुपर्ने घाइतेका लागि यातायात व्यवसायी, बिमा कम्पनी र सरकारले विशेष उपचार कोष स्थापना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

■ मागका आधारमा रुट परमिट, घाटा हुने क्षेत्रमा अनुदान

कार्यदलले मागका आधारमा मात्र सार्वजनिक गाडीलाई सञ्चालनको इजाजत (रुट परमिट) दिने नीति ल्याउन सुझाव दिएको छ। कुनै बाटोमा आवश्यक्ताभन्दा धेरै गाडीले इजाजत पाउँदा अस्वस्थ प्रतिस्पर्धा हुने गरेको छ।

कुनै बाटोमा भने व्यवसायीहरूले खासै रुचि नदेखाउँदा यातायात सेवा नै विस्तार हुन सकेको छैन। त्यसैले यस्तो नीति ल्याउनुपर्ने कार्यदलको सुझाव छ। कार्यदलले यात्रु कम हुने बाटो पहिचान गरेर अनुदान दिने नीति तीनै तहका सरकारले ल्याउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

अन्तर्राष्ट्रिय विमानस्थल पिपिपी मोडलमा सञ्चालन गर्न समिति गठन

नवीन अर्याल/नयाँ पत्रिका

सरकारले अन्तर्राष्ट्रिय विमानस्थलहरू सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको यस्तो मोडलको विषयमा अध्ययन गर्न समिति गठन गर्ने प्रस्ताव स्वीकृत गरेको हो।

पूर्वसचिव शंकरप्रसाद अधिकारीको संयोजकत्वमा गठित समितिमा लगानीविज्ञ घनश्याम ओझा, पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का उपनिर्देशक दीपेन्द्र श्रेष्ठ, लगानी बोर्डका सहसचिव र सदस्य सचिव रहने बताइएको छ। निजगढमा प्रस्ताव गरिएको पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने सर्तसहित काठमाडौं, भैरहवा र पोखराका अन्तर्राष्ट्रिय विमानस्थलहरू पिपिपी मोडलमा सञ्चालन गर्न दिन समितिले विस्तृत अध्ययन गरेर सरकारलाई सुझावसहितको प्रतिवेदन पेस गर्नेछ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न र निजगढ बिल्ड, अन, अप्रेसन, ट्रान्सफर (बुट) मोडलमा बनाउन व्यावसायिक छवि भएका अनुभवी साझेदार ल्याउन खोजिएको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। पोखरा र भैरहवामा ठूलो लगानीमा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन्, तर अहिलेसम्म अन्तर्राष्ट्रिय उडान हुन सकिरहेको छैन। 'हाम्रो योजना पोखरा र भैरहवाका विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने र निजगढमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने हो,' उनले भने, 'त्यसैले चारवटै विमानस्थल एउटै कम्पनीलाई पिपिपी मोडलमा सञ्चालन गर्न कसिएका हौं।' भैरहवा र पोखरा विमानस्थल व्यावसायिक रूपमा 'सेल्फ डिपेन्टडेन्ट' नहुँदा कोही पनि करोडौं लगानी गरेर सञ्चालन गर्न नआउने उनको भनाइ छ। उनले भने, 'त्रिभुवन विमानस्थल आम्दानी सेयरिङ मोडलमा सञ्चालन गर्न दिए पोखरा र भैरहवा विमानस्थल सञ्चालन गर्न सक्षम र अनुभवी कम्पनी आकर्षित हुन्छन् कि भन्ने हो। एउटै कम्पनीले चारवटै विमानस्थल सञ्चालन गर्दा सेवाको गुणस्तरमा एकरूपता कायम होला। साथै, एउटा विमानस्थलबाट घाटा भए अर्को विमानस्थलको आम्दानीले पनि भरथेग गर्ला।'

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ ले विमानस्थल निर्माण तथा व्यवस्थापन प्राधिकरणले गर्ने भनेको छ। अहिलेको ऐनले पिपिपी मोडल परिकल्पना नगरेको भुलले बताए। अरूलाई विमानस्थल निर्माण तथा सञ्चालनको जिम्मेवारी दिन सबैभन्दा पहिला ऐन संशोधन गर्नुपर्ने हुन्छ। यस्तै, निजी-सार्वजनिक साझेदारी (पिपिपी) ऐनमा पनि संशोधन गर्नुपर्नेछ। समितिले ऐन-कानुन संशोधन, विमानस्थल सञ्चालन र आम्दानी सेयरिङको मोडालिटी, बुट मोडलमा निजगढ विमानस्थल निर्माणलगायत विषयमा सरकारलाई राय-सुझाव दिनेछ। क्यानले निजगढ बुट मोडालिटीमा बनाउनका लागि टुंगो लगाउन मन्त्रालयमा प्रस्ताव गरेको थियो।

नेपालका अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापनका लागि भारतको चर्चित घराना अदानी ग्रुपले चासो देखाएको छ। मुम्बईको छत्रपतिलगायतका अन्तर्राष्ट्रिय विमानस्थलहरू सञ्चालन गर्दै आइरहेको अदानी ग्रुपले नेपाली विमानस्थल सञ्चालन गरेमा भारत सरकारले नयाँ एयररुट दिने अपेक्षा नेपालको छ। भैरहवा र पोखरा विमानस्थल सञ्चालनका लागि महेन्द्रनगर, नेपालगन्ज, भैरहवालगायत ठाउँबाट अनिवार्य हवाई प्रवेश विन्दु आवश्यक छ। तर, भारतले पश्चिमतर्फका हवाई प्रवेश विन्दु दिन आनाकानी गर्दै आइरहेको छ। आफ्नो आकाशभित्र पर्ने भन्दै भैरहवामा जडित इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) सञ्चालनका लागि पनि भारतले अनुमति दिएको छैन।

'अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र सञ्चालनमा लामो अनुभव भएका कम्पनी आऊन् भन्ने हो, बनिसकेका एयरपोर्ट चलाउन सकिएन भने देशलाई क्षति हुन्छ,' भुलले भने, 'हामीले तालुकदार मन्त्रालयमार्फत सरकारलाई प्रस्ताव मात्र गरेका हौं, निर्णय सरकारले नै गर्ने हो।'

कुनै पनि अन्तर्राष्ट्रिय विमानस्थल निर्माण हुनेबित्तिकै पूर्ण क्षमतामा चल्छन् भन्ने हुँदैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पनि स्थापनाको ७५ वर्षपछि बल्ल पूर्ण क्षमतामा सञ्चालनमा आएको छ। तर, २ जेठ ०७८ मा सञ्चालनमा आएको भैरहवा र १७ पुस ०७९ मा सञ्चालनमा आएको पोखरा विमानस्थलमा अहिलेसम्म एउटै अन्तर्राष्ट्रिय उडान नभएपछि क्यान पिपिपी मोडलमा सञ्चालनका लागि कसिएको हो।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	मालबस्तुको विवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	Electric Scooter	SCOOTER	ATHER	450X HR	Peak Motor Power 6.4 kW , Rated Motor Power 3.3kW, Battery 3.6 kWH	INDIA	1	439,999.00	439,999.00
2	Electric Scooter	SCOOTER	ATHER	450X LR	Peak Motor Power 6.4 kW, Rated Motor Power 3.3kW, Battery 2.9 kWH	INDIA	1	399,999.00	399,999.00

बैद्य ईनर्जी प्रा. लि.
आनन्दनगर, धुम्बाराही, काठमाडौं
एक्जीम कोड नं : ६०६८४६७०१०१४८एनपी, फोन नं.: ४००८८०१-५

प्रभु बैंक लिमिटेड शाखा कार्यालय अमुवा, रुपन्देहीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१५ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीकालागि मिति २०७९/२/२४ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सुचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेकोले कर्जा असुलीका लागि मिति २०७९/०७/२८ गते सोमवार राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बधि गोप्य शिलबन्दी बोलापत्र आव्हान गरेको १५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो पनि लिलाम बिक्री नभएकोले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, अमुवा, रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, अमुवा, रुपन्देहीमा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार वाणिज्य मन्त्रालय, वाणिज्य विभाग , वाणिज्य कार्यालय, भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/०४/१८ गते प्रा.फ.र.नं. ४०००५/०७४, स्थानीय व्यापारमा दर्ता कायम भई दर्ता प्रमाणपत्र प्राप्त **इ लिंक** ।
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा बडां नं. ६।

प्रोप्राईटर तथा जमानतकर्ता : प्रकाश खनाल	**जमानतकर्ता : सम्झना पौडेल खनाल**
(ना.प्र.नं. ४०१०१९/१४१६ जारी मिति २०६८/०२/१६, प्रतिलिपि मिति २०७२/०८/१४ जारी गर्ने कार्यालय जि.प्र.का. अर्घाखाँची)।	(ना.प्र.नं.४०-०१-७२-००९६५ जारी मिति २०७२/०३/०१, प्रतिलिपि मिति २०७५/०२/२४ जारी गर्ने कार्यालय जि.प्र.का. अर्घाखाँची)।
स्थायी ठेगाना : अर्घाखाँची जिल्ला धारापनी गा.वि.स वडा नं. ७ (हाल भुमिकास्थान न.पा वडा नं. ३)।	स्थायी ठेगाना : अर्घाखाँची जिल्ला भुमिकास्थान न.पा वडा नं. ३।
हालको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडां नं. ६।	हालको ठेगाना : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा बडां नं. ६।
बाबु : शालिकराम खनाल। बाजे : काशी नाथ खनाल।	पति : प्रकाश खनाल ।
	बाबु/ससुरा : टिकाराम पौडेल/ काशी नाथ खनाल।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. सम्झना पौडेल खनालको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला दुधराक्ष गा.वि.स वडा नं. १, नक्सा सिट नं. १क स्थित कित्ता नं. ५८० को क्षेत्रफल ०-०-६.२५ (विघा) को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. ऋणी **इ लिंक** को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय अमुवा रुपन्देही**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा अमुवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

आयोग सदस्यमा उमाशंकर र वायुसेवा निगम उपाध्यक्षमा राई

काठमाडौं/ सरकारले राष्ट्रिय योजना आयोगको सदस्यमा उमाशंकरप्रसाद घिमिरेलाई नियुक्त गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले रौतहटका घिमिरेलाई सदस्यमा नियुक्त गर्ने निर्णय गरेको हो। योसँगै आयोगमा सदस्यको संख्या सात पुगेको छ।

यसैगरी, सरकारले नेपाल वायुसेवा निगमको रिक्त उपाध्यक्षमा पदमविक्रम राईलाई नियुक्त गर्ने निर्णय गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा उनी नियुक्त भएका सरकारकी प्रवक्ता एवं सञ्चारमन्त्री रेखा शर्माले जानकारी दिइन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रस्तावमा नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिको सदस्यमा सिन्धुपाल्चोकका लेखनाथ लामा र काठमाडौंकी डा. सहारा श्रेष्ठलाई मनोनयन गरिएको छ। साथै, सरकारले निजी क्षेत्रसमेतको प्रतिनिधित्व हुने गरी उद्योगमन्त्री रमेश रिजालको अध्यक्षतामा राष्ट्रिय व्यापार सहजीकरण समिति गठन गर्ने निर्णय पनि गरेको छ।

जनवरीमा भित्रिए ७९ हजार पर्यटक

काठमाडौं/ सन् २०२४ को पहिलो महिना जनवरीमा विभिन्न देशबाट ७९ हजार एक सय पर्यटक नेपाल भित्रिएका छन्। यो संख्या अघिल्लो जनवरीको तुलनामा ४४ प्रतिशत बढी हो। कोभिड महामारी फैलिनुअघि जनवरी २०१९ सँग तुलना गर्दा पर्यटक आगमन ९७ प्रतिशत रिकभरी भएको छ। सन् २०१९ जनवरीमा ८१ हजार दुई सय ७३ पर्यटक आएको पर्यटन बोर्डले जनाएको छ।

जनवरी २०२१ मा आठ हजार आठ सय ७४, जनवरी २०२२ मा १६ हजार नौ सय ७५, जनवरी २०२३ मा ५५ हजार ७४ पर्यटक नेपाल भ्रमणमा आएका थिए। यस्तै, जनवरीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर ८१ हजार आठ सय ९७ जना विभिन्न देशमा गएका छन्। जनवरीमा २४ हजार एक सय ३९ भारतीय पर्यटक भित्रिएका हुन्। यस्तै, चीनबाट सात हजार दुई सय ६७, अमेरिकाबाट सात हजार ४७ पर्यटक भित्रिएको पर्यटन बोर्डले जनाएको छ।

भारतले नेपाललाई दिने अनुदान एक अर्ब भारुले बढायो

नयाँ पत्रिका

भारतले नेपाललाई दिने अनुदान एक अर्ब भारतीय रुपैयाँ वृद्धि गरेको छ। बिहीबार भारतीय वित्तमन्त्री निर्मला सीतारमणले सन् २०२४/२५ को वार्षिक बजेट सार्वजनिक गर्दै नेपाललाई सात अर्ब भारतीय रुपैयाँ अनुदान दिने घोषणा गरेकी छिन्।

चार सय ७६ खर्बबराबरको अन्तरिम बजेट ल्याएको भारत सरकारले घाटाको बजेट कार्यान्वयनका लागि ३०.८० लाख करोड अर्थात् ३०८ खर्ब भारु राजस्व, भन्सार तथा विभिन्न ऋणपत्रमार्फत उठाउने जनाएको छ।

भारतमा भारतीय जनता पार्टी (बिजेपी) नेतृत्वको सरकारको यो दोस्रो कार्यकालको अन्तिम बजेट हो। केन्द्रीय वित्तमन्त्रीले चार महिनाको सरकारी खर्चका लागि बजेट प्रस्तुत गर्ने र बाँकी आठ महिनाको बजेट जुलाईपछि बन्ने नयाँ सरकारले ल्याउनेछ। त्यसैले यसलाई अन्तरिम बजेट भनिएको छ।

भारतले विदेशी नीति कार्यान्वयनका लागि केही देशहरूलाई ऋण तथा अनुदान उपलब्ध गराउँदै आइरहेको छ। नेपाललाई सन् ०२३/२४



भारतीय वित्तमन्त्री निर्मला सीतारमण

मा दिने भनिएको अनुदान ६ अर्ब ५० करोड रुपैयाँ पुऱ्याएको छ। सुरुवाती बजेटमा पाँच अर्ब ५० करोड अनुदान दिने घोषणा गरे पनि बढाएको थियो। भारतले नेपालका लागि गत वर्ष विनियोजन गरेको अनुदान रकम संशोधन गरी ६ अर्ब ५० करोड भारु (१० अर्ब ४० करोड रुपैयाँ) पुऱ्याएको उल्लेख छ। यस वर्ष संशोधित बजेटभन्दा पनि बढेर अनुदान विनियोजन गरेको छ।

यो नेपालको कुल वार्षिक बजेटको ०.६३ प्रतिशत मात्रै हो। पुँजीगततर्फ छुट्याएको बजेटको दाँजोमा ३.७० प्रतिशत हो। आर्थिक वर्ष ०२२/२३ मा भारतबाट नेपालले चार अर्ब ३४ करोड भारु अनुदान प्राप्त गरेको थियो।

भारतले छिमेकी मुलुकमध्ये भुटानमा सबैभन्दा धेरै अनुदान तथा ऋण उपलब्ध गराउने गरेको छ। आर्थिक वर्ष ०२४/२५ का लागि भुटानलाई दिने सहायता भने घटेको छ। आगामी वर्ष भुटानले २० अर्ब ६८ करोड भारु पाउनेछ। यसमध्ये नौ अर्ब ८९ करोड ऋण हो। गत वर्ष भुटानका लागि २४ अर्ब विनियोजन भएको थियो।

माल्दिभ्सले पाउने अनुदान पनि बढेको छ। भारतले आर्थिक वर्ष ०२४/२५ का लागि माल्दिभ्सलाई ६ अर्ब भारु अनुदान दिनेछ। यो अघिल्लो वर्षको तुलनामा धेरै हो। सन् ०२३/२४ मा ४ अर्ब विनियोजन भएको थियो। भारतले नेपाल, भुटान र माल्दिभ्सबाहेक अफगानिस्तान, बंगलादेश, श्रीलंका, मंगोलिया, मौरिसस, म्यानमारसहित मुलुकलाई अनुदान दिँदै आइरहेको छ। भारतले कर संरचनामा भने खासै फेरबदल गरेको छैन।

सिउरी न्यादी पावर लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ । फोन नं. ०१-५९१७१०६, ५९१७१०७

बार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०८०/१०/११ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम सिउरी न्यादी पावर लिमिटेड कम्पनीको छैटौं तथा सातौं बार्षिक साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय :

स्थान : लिसारा पार्टी प्यालेस, नक्साल, काठमाडौं ।
मिति : २०८०।११।०९ गते बुधबार (तदनुसार फेब्रुअरी २१, २०२४)
समय : बिहान १०:०० बजे ।

साधारण सभामा छलफलका लागि पेश गरिने प्रस्तावहरु

(क) सामान्य प्रस्तावहरु :

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ र २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
(२) संचालक समितिको सिफारिसमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व.२०७९/०८० को लागि लेखापरीक्षण कार्य गर्न नियुक्त लेखापरीक्षक श्री ज्ञवाली एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्सको नियुक्ति तथा निजलाई पारिश्रमिक वापत प्रदान गरिएको रु.२५०,०००/- (अक्षेरुपी दुई लाख पचास हजार) कर बाहेक अनुमोदन गर्ने ।
(३) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ र आ.व.२०७९/०८० को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने ।
(४) आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियूक्ति एवं निजको पारिश्रमिक तोक्ने ।
(५) आयोजनाको लगानी व्यवस्थापनको लागि शेयरको प्राथमिक निश्काशन (Initial Public Offering-IPO) निश्कासन गर्ने ।
(६) संचालक समितिबाट भए गरेका निर्णयहरु, काम कारवाही अनुमोदन गर्ने ।
(७) संचालक समिति सदस्यहरुको नियुक्ती अनुमोदन गर्ने ।
(८) संचालक समितिको सेवा सुविधा सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु

(१) कम्पनीको ठेगाना परिवर्तन गर्ने,
(२) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने,
(३) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रबन्धपत्र तथा नियमावली संसोधन गर्नुपर्ने भएमा वा प्रस्तावित संसोधनमा नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक संसोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

(ग) विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

धितोमा रहेको सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैक लिमिटेड, गौशला शाखाको १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१०/१९ गते)

यस बैकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०७९ कात्तिक ३० गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०७९ माघ १२ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना प्रकाशित** गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैकले आफै सकार गरेर लिँदा साविकमा बैकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

क्र.स	ऋणीको नाम, थर र ठेगाना
१.	ईन्द्र बहादुर भण्डारीको नातिनी, पदम बहादुर भण्डारीको छोरी काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५ बस्ने शारदा भण्डारी ।
	व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना
१.	जायश्वर पौडेलको नातिनी, दण्डपाणी पौडेलको छोरी रूपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५ बस्ने आस्था पौडेल ।
२.	जायश्वर पौडेलको नातिनी, दण्डपाणी पौडेलको छोरी रूपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५ बस्ने आकृती पौडेल ।
३.	जायश्वर पौडेलको नाती, दण्डपाणी पौडेलको छोरा रूपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ५ बस्ने अरूण प्रसाद पौडेल ।
	धितो सुरक्षणको विवरण
१.	शारदा भण्डारीको नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ४ को कित्ता नं. ९२५ को ०-३-१०-० (बि-क-धु-क) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू:

१. बोलपत्र आवेदन फारम यस बैकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैकको केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय गौशलामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८० साल फाल्गुन महिना ४ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८० साल फाल्गुन महिना ८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

मङ्गलोदय मा.वि.

चन्द्रागिरि-०३, थानकोट

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मितिः २०८०/१०/१५

चन्द्रागिरि नगरपालिकाको चालू आ.व. २०८०/०८१ स्वीकृत कार्यक्रम अन्तर्गत विद्यालयमा निम्न कार्यहरू गर्नुपर्ने भएकाले इच्छुक फर्म तथा संघसंस्थाहरूले आवश्यक कागजपत्रसहित १५ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

क्र.सं	कार्य	परिमाण	कन्टेनजेन्सी, भ्याटसहित स्वीकृत रकम
1	False Ceiling Work	464.39 sq.m.	Rs. 11,00,000.00
2	Double Coat Colouring Work	1779.06 sq.m.	
3	1.2 mm Plain Fibre Glass work	40.41 sq.m.	

प्रधानाध्यापक
९८५११५२०५०

श्री ग्वासी सामुदायिक वन उपभोक्ता समुह

कृष्णपुर न.पा. ४-मालुवेला, कञ्चनपुर

काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको २१ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/१९

श्री ग्वासी सामुदायिक वन उपभोक्ता समुह कृष्णपुर न.पा.-४ कञ्चनपुरको सामुदायिक वन क्षेत्रबाट उत्पादन भई समुहको घाट गद्धिमा विभिन्न लट बनाई राखिएको साल जातको गोलिया काठ थान २६६ को परिमाण २६६८.२६ क्युफिट र साल जातको दाउरा १७ चट्टा र अन्य जातको दाउरा १ चट्टा समेत जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रित पुगेका इच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२औं दिनको ४ बजे भित्र नियमानुसार प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

INGWA HYDROPOWER LIMITED

Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE SECOND QUARTER, Fiscal Year 2080/81 Ended 29th Poush 2080 (14th January 2024)

	This Quarter Ending Poush end 2080	Previous Quarter Ending Ashoj end 2080	Corresponding Previous Year Quarter Ending Poush end 2079
SOURCES OF FUNDS:			
Share Capital	600,000,000	600,000,000	420,000,000
Advance Against Share Capital	-	-	1,250,000
Reserve & Surplus	(10,195,288)	(9,528,504)	(8,743,152)
Non Current Liabilities			
Long Term Borrowings	1,426,442,795	1,176,228,404	800,312,445
TOTAL	**2,016,247,506**	**1,766,699,900**	**1,212,819,293**
APPLICATION OF FUNDS :			
Property, Plant & Equipment			
Gross Value	8,400,187	8,400,187	7,989,687
Less: Accumulated Depreciation	(3,729,584)	(3,514,090)	(2,524,752)
	4,670,603	**4,886,096**	**5,464,935**
Capital Work In Progress	2,125,095,587	2,050,086,040	1,372,482,128
Current Assets, Loans and Advances			
Cash & Bank Balances	5,289,152	19,979,084	32,867,278
Receiveables, Advances & Deposits	255,452,869	197,392,178	202,187,966
Total Current Assets	**260,742,020**	**217,371,262**	**235,055,244**
Less: Current Liabilities	**374,260,704**	**505,643,499**	**400,183,014**
Short Term Loan	37,000,000	162,294,926	269,000,000
Other Liabilities & Provisions	337,260,704	343,348,572	131,183,014
Net Current Assets	**(113,518,683)**	**(288,272,237)**	**(165,127,770)**
Preliminary Expenses To Be Written Off	-	-	-
TOTAL	**2,016,247,506**	**1,766,699,900**	**1,212,819,293**

	This Quarter Ending Poush end 2080	Previous Quarter Ending Ashoj end 2080	Corresponding Previous Year Quarter Ending Poush end 2079
Income From Power Sales	-	-	-
Other Income	50,000	-	-
Total Income	**50,000**	**-**	**-**
Less:			
Adminstrative Expenses	778,052	105,585	9,800
Depreciation	75,724	31,406	46,110
Profit/(Loss) Before Tax	**(803,776)**	**(136,991)**	**(55,910)**
Deferred Tax	-	-	-
Current Tax	-	-	-
Profit/(Loss) After Tax	**(803,776)**	**(136,991)**	**(55,910)**

Ratios	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Earnings per share (in Rs. Annualized)	(0.27)	(0.09)	(0.03)
Market value per share	342.9	239	-
Price Earning Ratio	(1,270.00)	(2,655.56)	-
Current Ratio	0.70	0.43	0.59
Return on Assets (Annualized)	-0.07%	-0.02%	-0.01%
Net worth per share (in Rs.)	**98.30**	**98.41**	**97.92**

Notes:

1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
2. Previous period figures have been reclassified / adjusted wherever considered necessary.

SECOND QUARTER DISCLOSURE AS OF 14TH JANUARY 2024 AS PER SECURITIES REGISTRATION AND ISSUE REGULATIONS, 2073

1. Financial Statements
- The unaudited financial statements for the second quarter and the financial ratios have been published along with this report.
- Transaction with related parties: No transaction with related party.
- Important Financial Ratios: As attached in the unaudited financial statements.

2. Management's Analysis
- The company is currently constructing Upper Ingwa Khola Hydropower Project (9.7 MW) in Panchthar and Taplejung district.

3. Legal Proceedings
- Lawsuits filed by or against the company: None

4. Analysis of Shares Transaction
- Shares of the company were actively traded during the quarter.
- Major highlights of share transaction during the quarter are as follows:

Maximum Price	NPR 350.8	Total Transactions	11970
Minimum Price	NPR 212	Total Traded Volume	8,42,788
Closing Price	NPR 342.9	Total Turnover	NPR 24,34,62,942.30
No of Transaction Days	49		

5. Problems and Challenges

Internal Risk
- Retention of skilled human resources
- To manage the overhead cost and maintain the operational efficiency

External Risk
- Lack of political commitment in development of hydroelectric projects
- Delay of statutory approvals

6. Corporate Governance

Board of Directors, Audit Committee and Team Management are committed to strengthening the corporate governance within the Company.

7. Declaration

I, the Executive Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

सुरु भयो नवौं संस्करणको नेपाल बिल्डकन अन्तर्राष्ट्रिय एक्स्पो



काठमाडौं/ नवौं संस्करणको नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी (एक्स्पो) सुरु भएको छ । मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फियर एन्ड इभेन्ट्सले संयुक्त रूपमा आयोजना गरेको मेलाको बिहीबार अर्थमन्त्री डा. प्रकाशशरण महतले उद्घाटन गरेका छन् । मेलालाई सम्बोधन गर्दै अर्थमन्त्री डा. महतले निर्माण सम्बन्धमा विस्तृत जानकारी लिन मेला निकै उपयोगी हुने बताए ।

निर्माण व्यवसायसँग सम्बन्धित उत्पादन तथा प्रविधिको प्रदर्शनी गरिने मेला आइतबारसम्म सञ्चालन हुनेछ । नवौं संस्करणको बिल्डकन एक्स्पोमा विभिन्न देशका तीन सयभन्दा बढी ब्रान्डका एक सय ५० भन्दा बढी स्टल रहेका छन् । एक्स्पोमा निर्माणसम्बन्धी उद्योगहरू, कम्पनीहरू, डिलर तथा सब डिलरहरू र विक्रेताले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादन र प्रविधिका बारेमा जानकारी गराउनुका साथै बिक्री-वितरणसमेत भइरहेको छ ।

अन्तर्राष्ट्रिय प्रदर्शनीमा निर्माण सामग्री, निर्माण मेसिनरी, प्रि-फ्याब स्ट्रक्चर, युपिभिसी विन्डोज मेसिनरी, युपिभिसी प्रोफाइल, झ्याल तथा ढोका, आर्किटेक्चरल हार्डवेयर, बाथरुम फिटिङ, पाइप्स, टायल, जस्तापाता, कंक्रिट ब्लक उत्पादन गर्ने मेसिन, आल्मुनियम प्यानेललगायत सामग्री, उपकरण तथा मेसिनरी राखिएका छन् । निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनबारे जानकारी गराउन र नयाँ-नयाँ प्रविधिबारे जानकारी गराउन यो प्रदर्शनी कोसेढुंगा साबित हुँदै आइरहेको आयोजकको दाबी छ ।

एक्स्पोमा निर्माण क्षेत्रमा काम गरिरहेका नेपालका दिग्गज आर्किटेक्ट, इन्जिनियर, कन्ट्रयाक्टरस, बिल्डरस, इन्टेरियर डिजाइनर, घर बनाउन चाहने व्यक्ति तथा आमनागरिकको सहभागिता भइरहेको छ ।

एक्स्पोको टाइटल स्पोन्सर कजरिया टायल्स र सहप्रायोजकमा भोल्गा तथा जिन्दल स्टिल रहेका छन् । सहयोगी संस्थाहरूमा आर्किटेक्ट्सका संघ र इन्टेरियर डिजाइनरका संघ रहेका छन् । चार दिनसम्म चल्ने एक्स्पोमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

सुदूरपश्चिम र लुम्बिनीमा एनसेलको सेवामा सुधार



काठमाडौं/ एनसेलले सुदूरपश्चिम र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका स्थानीय स्तर र क्षेत्रमा आफ्नो फोरजी सेवाको थप सुधार गरेको छ । कम्पनीले यी प्रदेशका डेढ दर्जनभन्दा बढी क्षेत्रका ग्राहकलाई सुधारिएको फोरजी सेवामा पहुँच पुऱ्याउने गरी यो काम गरेको हो ।

आफ्नो सेवा विस्तार गर्दै आधुनिक मोबाइल ब्रोडब्यान्ड कनेक्टिभिटीमा सबैको पहुँच सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धताबमोजिम यी स्थानहरूको फोरजी सेवामा थप सुधार गरेको एनसेलले जनाएको छ । देशका अन्य स्थानमा पनि सेवाको अवस्था हेरी आवश्यक लगानी गर्दै विस्तारित फोरजी सेवामा थप सुधार गर्ने योजना रहेको कम्पनीले जनाएको छ ।

हाल फोरजी सेवा सुधार गरिएका स्थानीय स्तर तथा क्षेत्रहरूमा सुदूरपश्चिमका बेलौरी, धनगढी, गौरीगंगा, घोडाघोडी, जानकी, कृष्णपुर र लम्कीचुहा रहेको जनाइएको छ । त्यसैगरी, लुम्बिनी प्रदेशका बुटवल, देवदह, घोराही, लुम्बिनी सांस्कृतिक विकास क्षेत्र, नरैनापुर, ओमसतिया, सैनामैना, सिद्धार्थनगर, सुनवल, तिलोत्तमा र तुलसीपुर रहेको कम्पनीको भनाइ छ । कम्पनीले हाल फोरजी सेवा ७७ वटै जिल्लामा विस्तार गरिसकेको र कुल जनसंख्याको ९२.०९ प्रतिशत जनतामाझ यो सेवा पुगेको जनाएको छ ।

अटोमोबाइलसम्बन्धी स्थायी नीति ल्याउन नाडाको आग्रह



काठमाडौं/ अटोमोबाइल उद्योगलाई अघि बढाउन स्थायी नीति ल्याउन नाडाका अध्यक्ष करण चौधरीले आग्रह गरेका छन् । बिहीबार नाडाका अध्यक्ष चौधरीको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालसँग भेट गरी ११बुँदे मागसहित यस्तो आग्रह गरेका हुन् । अस्थिर महसुल दरले व्यवसायीहरू हतोत्साहित भएको भन्दै कम्तीमा १५ वर्षसम्मका लागि स्थिर नीति कायम गर्न ऐनमै राख्ने व्यवस्था हुनुपर्ने र यस्तो व्यवस्था भएमा उद्यमीहरूलाई उद्योग स्थापना गर्न प्रोत्साहन हुने नाडाको भनाइ छ ।

अटोमोबाइलसम्बन्धी एसेमब्लिङ उद्योग, अटोमोबाइल स्पेयर पार्टस् उद्योग, टायर उद्योग, लुब्रिकेन्ट्स उद्योग तथा ब्याट्री उद्योगहरूको स्थापनाका लागि छुट्टै औद्योगिक क्षेत्र निर्माण गर्न पनि आग्रह गरिएको छ ।

नेपालमै लुब्रिकेन्ट्स उद्योगहरू भएको अवस्थामा त्यसको संरक्षणका लागि नेपालमा उच्च गुणस्तरीय लुब्रिकेन्ट्सहरू मात्र आयात गर्न सकिने व्यवस्था हुनुपर्ने । नेपालमै उत्पादन हुने सबै किसिमका अटोमोबाइल, स्पेयर पार्टस्, हेलमेट, ब्याट्री, लुब्रिकेन्ट्स तथा टायरहरू निर्यात गर्दा अन्य निर्यात वस्तुहरूले पाउनेसरहको छुट दिन माग गरिएको छ । साथै, नेपालमा उत्पादित हेलमेट ब्याट्री तथा टायरहरूलाई पनि नेपालको गुणस्तर प्रमाण चिह्न एनएस पाउनुपर्नेलगायतका विभिन्न आग्रह गरिएको छ । छलफलको मन्त्री रिजालले अटोमोबाइल क्षेत्र देशलाई राजस्व र रोजगारी दिने प्रमुख स्रोत भएको र यसको विकासका लागि आवश्यक स्थिर नीति ल्याउन पहल गरिने बताए ।

नेपाल एसबिआई मर्चेन्टका ग्राहकले कालिञ्चोक केबलकारमा छुट पाउने



काठमाडौं/ नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड र कालिञ्चोक दर्शनबीच व्यावसायिक सहकार्य गर्ने सहमति भएको छ । जसअनुसार नेपाल एसबिआई मर्चेन्ट बैंकिङमा डिम्याट खाता भएका ग्राहकले कालिञ्चोक दर्शन लिमिटेडको केबलकारमा छुट पाउने भएका हुन् ।

सहमतिपत्रमा मर्चेन्ट बैंकिङका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखरेल र कालिञ्चोक दर्शन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक सिवाकोटीले हस्ताक्षर गरेको जनाइएको छ ।

सहमतिपत्रमा उल्लेख भएबमोजिम नेपाल एसबिआई बैंकमा डिम्याट खाता खोली डिम्याट खाता सञ्चालन गर्दै आएका डिम्याट सेवा प्रयोगकर्ता ग्राहक र आगामी दिनमा नयाँ डिम्याट खाता खोल्ने नयाँ ग्राहकलाई कालिञ्चोक दर्शन लिमिटेडले सञ्चालन गरेको केबलबार चढ्दा १० प्रतिशत विशेष छुट प्रदान गर्ने सहमति भएको जनाइएको छ ।

व्यवसायी अरुण...

पृष्ठ १ बाट क्रमशः

अनुमति दिएको तथा ठाकुरलाई शुक्रबार अदालतमा पेस गरिने सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यले बताए।

चौधरीसहितले ०४३ मा च्याम्पियन फुटवेयर नामक कम्पनी खडा गरी सरकारी स्वामित्वको बाँसबारी छालाजुत्ता उद्योगलाई सहयोग गर्ने आश्वासनमा साझेदारी गरेका थिए। जुत्ता उत्पादनमा सघाउने भन्दै च्याम्पियन फुटवेयरले बाँसबारी छालाजुत्ताको ६ रोपनी जग्गा मिलेमतोमा नियम मिचेर सस्तोमा खरिद गरेको थियो। त्यस्तै, कम्पनीको २५ सय कित्ता सेयर बाँसबारी छालाजुत्ता उद्योगलाई दिने सहमतिमा सोबापतको चार रोपनी जग्गा च्याम्पियन फुटवेयरले आफ्नो बनाएको थियो। तर, सञ्चालनमा आएको तीन वर्षपछि नै फुटवेयर बन्द भयो। छालाजुत्ता कम्पनीको जग्गा भने फिर्ता भएन। छालाजुत्ता कम्पनीलाई पनि पछि सरकारले निजीकरण गरेको थियो।

'छालाजुत्ता कम्पनीलाई पब्लिक लिमिटेड बनाउनेलगायत विभिन्न सर्तमा सरकारी जग्गा लगेको देखिन्छ,' सिआइबीका एसएसपी आचार्य भन्छन्, 'तर, त्यसविपरीत जग्गा पास गरेपछि कम्पनी बन्द गरेर नियोजित रूपमा सरकारी जग्गा हत्याएको हाम्रो अनुसन्धानबाट पुष्टि भएको छ।' उद्देश्यविपरीत काम गरेकाले किर्ते गरी सरकारी कम्पनीलाई ठगी गरेको अभियोगमा अनुसन्धान थालिएको उनले बताए।

सो जग्गा हाल सिजी चाँदवाग रेसिडेन्सीको नाममा छ। जसको सञ्चालकमा अरुण र उनकी श्रीमती शिला छन्। पक्राउ परेका सञ्जयको पनि यस काममा मिलेमतो रहेको र सो कम्पनीमा साझेदारी रहेको प्रहरी दाबी छ।

प्रहरीका अनुसार यस प्रकरणमा काठमाडौं महानगरपालिका-३ र स्थानीयले सिआइबीमा जाहेरी दिएका छन्। प्रहरीले त्यहीवेलाकै मुलुकी ऐन, २०२० को प्रावधानअनुसार उनीहरूमाथि अनुसन्धान अघि बढाएको छ। यसमा मालपोतलगायत निकायका तत्कालीन कर्मचारीबाट पनि बदमासी भएको हुन सक्ने भएकाले त्यसतर्फ पनि सिआइबीले अनुसन्धान गरिरहेको छ।

सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रसँगै रहेको सोही जग्गामा सिजी ग्रुपले विद्यालय चलाउँदै आएको छ। यस विषयमा गंगालाल अस्पतालमा काम गरेका चिकित्सक डा. भगवान कोइरालालगायतले आफ्नो किताबमार्फतसमेत सो सरकारी जग्गा चौधरी समूहले हत्याएको आरोप लगाएका छन्। सोही विषयमा पछिल्लो समय सञ्चारमाध्यममा विस्तृत समाचार आएपछि सरकारी निकायले छानबिन थालेका हुन्। सिआइबीले २ महिनाअघिदेखि नै अनुसन्धान गरे पनि गत साता मात्र यसबारे गृहमन्त्रीलगायतलाई ब्रिफिङ गरेको थियो। ब्रिफिङपछि विस्तृतमा अनुसन्धान अघि बढाउन निर्देशन पाएपछि चौधरीलाई पक्राउ गरिएको सिआइबी स्रोत बताउँछ।

सिआइबीका एक अधिकारीका अनुसार उनीहरूविरुद्ध बिहीबार नै जिल्ला अदालत, काठमाडौंबाट पक्राउ पुर्जी जारी भएको थियो। अनुसन्धानका क्रममा आउन सक्ने दबाब छल्न प्रहरीले गोप्य रूपमा अनुसन्धान गरी पक्राउ पुर्जी जारी भएलगत्तै पक्राउ गरेको हो। सो जग्गाको अहिलेको मूल्यअनुसारको बिगो कायम गरी मुद्दा चलाउने सिआइबी तयारी छ।

यस प्रकरणले देशकै ठूलो व्यापारिक घराना सिजी ग्रुप फौजदारी मुद्दाको छानबिनमा तानिएको छ। चाँदवाग स्कुल सिजी एजुकेसन ग्रुपअन्तर्गत सञ्चालित छ। विगतमा च्याम्पियन फुटवेयरमा चौधरी ग्रुपका धेरै सदस्यको लगानी छ। हाल सिजी चाँदवाग रेसिडेन्सीमा भने अरुण र उनकी श्रीमती शिलाको मात्र सेयर देखिएको छ।

निजी क्षेत्रको...

पृष्ठ १ बाट क्रमशः

महासंघले प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। नाडा अटोमोबाइल्स एसोसिएसन, नेपाल निकासी पैठारी संघ, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)लगायत संघसंस्थाले पनि व्यवसायी चौधरीको पक्राउप्रति आपत्ति जनाएका छन्।

परिसंघले कुनै सूचना नदिई एवं अनुसन्धानका लागिसमेत नबोलाई चौधरीलाई पक्राउ गरिनु अनुचित भएको जनाएको छ। 'अरुण चौधरी यो देशकै माटोमा हुर्किएका लब्धप्रतिष्ठित उद्यमी हुनुहुन्छ, उहाँ देश छोडेर कतै जान लाग्नुभएको थिएन। तर, आज राज्यले एक व्यवसायीलाई मात्र नभएर सम्पूर्ण निजी क्षेत्रलाई नै त्रसित बनाउने गरी धरपकड शैलीमा पक्राउ गरेको छ,' परिसंघले आफ्नो विज्ञप्तिमार्फत भनेको छ, 'यसप्रति निजी क्षेत्रको घोर आपत्ति छ। यसले सम्पूर्ण उद्योगी-व्यवसायीको मानमर्दन भएको हामीले महसुस गरेका छौं।'

एक प्रतिष्ठित व्यवसायीलाई कुनै सोधपुछ नगरी आरोप एवं शंकाका भरमा पक्राउ गरेपछि निजी क्षेत्र त्रसित भएको परिसंघ अध्यक्ष राजेश अग्रवालले बताए। 'सरकारले एकातिर ठूलो महत्त्वाकांक्षाका साथ लगानी सम्मेलनको तयारी भइरहेको भन्ने र अर्कोतर्फ समानान्तर रूपमा उद्योगी व्यवसायीहरूमाथि धरपकडको डन्डा बर्साइरहने हो भने त्यसले देशको आर्थिक समृद्धिमै असर पार्छ,' उनले भने, 'यस्तो व्यवहारले विदेशी त के स्वदेशी लगानीकर्ता पनि सरकारको आश्वासनबाट तर्सने प्रस्ट छ। यसले लगानीको वातावरण बिथोल्नेबाहेक अरू केही गर्दैन।'

व्यवसायी चौधरीलाई संवैधानिक हक अधिकारबाट समेत वञ्चित गरी पक्राउ गरिएको उनले बताए। 'नेपालको संविधानको धारा २० (५) मा कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिनेलगायतका संवैधानिक हक सुरक्षित गरिएको छ,' परिसंघको विज्ञप्तिमा छ, 'तसर्थ, उचित र पर्याप्त कारण भएको अवस्थाबाहेक अभियुक्तलाई शंकाकै भरमा उसको वैयक्तिक स्वतन्त्रताको हनन हुने गरी पक्राउ गर्ने कार्य कुनै पनि दृष्टिकोणले न्यायसंगत देखिँदैन।'

परिसंघका पूर्वअध्यक्ष हरिभक्त शर्माले व्यवसायीलाई धरपकड शैलीमा पक्राउ गरिनुले देशमा विधिको शासन मर्दै गएको देखिएको बताए। राज्यले पहिले सुन्ने अनि मात्रै थुन्ने नीति लिनुपर्ने उनले बताए। नाडाका उपाध्यक्ष निराकर श्रेष्ठले वेलाबखत व्यवसायीलाई धरपकड भइरहेको भन्दै आपत्ति जनाए। इप्पानका अध्यक्ष गणेश कार्कीले व्यवसायीलाई धरपकड गरिँदा देशलाई नै समस्या पर्ने बताए। उनले निष्पक्ष छानबिन गरी यस्ता समस्या अविलम्ब समाधान गरिनुपर्ने बताए। पैठारी संघका अध्यक्ष विनोदकुमार सेठियाले पक्राउ परेका व्यवसायीलाई अविलम्ब छाडेर अनुसन्धान गर्नुपर्ने बताए।

महासंघको गम्भीर ध्यानाकर्षण

नेपाल उद्योग वाणिज्य महासंघले मुलुक आर्थिक समस्यासँग जुधिरहेका वेला उद्यमी व्यवसायीमाथि भैरहेको धरपकड एवं पक्राउप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। 'महासंघले सम्बन्धित विषयको गहिरो अनुसन्धान नभएसम्म व्यवसायीलाई पक्राउ नगर्न सरकारलाई पटक-पटक आग्रह गर्दै आएको छ,' विज्ञप्तिमा भनिएको छ, 'पहिले गिरफ्तार गर्ने र त्यसपछि समस्या पहिल्याउने प्रवृत्तिले देशको वर्तमान व्यावसायिक परिदृश्यबाट पहिले नै निराश भएका व्यवसायीलाई थप निरुत्साहित बनाएको छ।' केही महिनाभित्रै नेपालमा लगानी सम्मेलन हुन गैरहेको सन्दर्भमा यस्ता पक्राउले हालका र सम्भावित स्वदेशी तथा विदेशी लगानीकर्तामा नकारात्मक सन्देश जाने भन्दै महासंघले सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

सुस्तायो चारदलीय समाजवादी मोर्चा

प्रेम गौतम/नयाँ पत्रिका

चारदलीय समाजवादी मोर्चा सुस्ताएको छ। गत ११ पुसमा प्रतिगामी चलखेल बढेको ठहरसहित सशक्त रूपमा प्रस्तुत हुने निष्कर्ष निकालेको मोर्चा त्यसयता गुमनाम छ। गत असारमा गठित मोर्चाको नेतृत्व चार-चार महिनामा आलोपालो गर्ने सहमति भए पनि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल हालसम्म संयोजक छन्। गत ११ पुसमा बसेको मोर्चाको बैठकले संयोजकमा नेपाललाई नै निरन्तरता दिएको थियो। मोर्चामा माओवादी, एकीकृत समाजवादी, जसपा र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा छन्।

देशको राजनीति कुन अवस्थामा गइरहेको छ ? देशको स्वाधीनता, स्वतन्त्रतामाथि कुनै आघात पुग्ने कुनै काम भइरहेको छ कि छैन ? देशका प्रतिगामी शक्तिहरूले के गरिरहेका छन् ? जस्ता विषयमा गम्भीर छलफल गरेर निष्कर्षमा पुग्ने मोर्चामा समझदारी भएको थियो। मोर्चाले नेपाली विशेषताको समाजवादका विषयमा सेमिनारसमेत गर्ने निर्णय गरेको थियो। 'नेपाली विशेषताको समाजवाद के हुन सक्छ ? त्यसबारे गम्भीर चिन्तन-मनन गर्नुपर्नेछ। अन्तर्राष्ट्रिय अनुभव पनि हेर्नौं। सबैका विचार पनि सुनौं। किन जनताले चाहेजस्तो सरकारले परिणाम दिन सकेन, त्यसको कारण खोजौं,' नेपालले भनेका थिए।

सहिद दिवसमा कार्यक्रम गर्ने निर्णय पनि कार्यान्वयन भएन। पुसभित्र ७७ वटै जिल्लामा समन्वय समिति गठन गरिसक्ने निर्णय पनि पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन। माघमा बृहत् अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णयसमेत प्रभावित हुने देखिएको नेताहरूले बताएका छन्। माघभित्र सम्भव भएसम्मका जिल्लामा सन्देश सभा गर्ने निर्णय पनि मोर्चाको थियो।

शीर्ष नेताहरूको व्यस्तताका कारण मोर्चा सुस्ताएजस्तो देखिएको मोर्चाका सचिवालय सदस्य एवं माओवादी महासचिव देव गुरुङले बताए। 'मोर्चालाई गतिशील बनाउनुपर्छ। नेताहरूको व्यस्तताका कारण कार्यक्रम बनाउन सकिएन। पार्टीहरूको कार्यक्रमले गर्दा पनि मोर्चाको कार्यक्रम हुन सकेन। मोर्चालाई निष्क्रिय बनाउनुपर्छ भनेर कार्यक्रम नभएको होइन, फेरि क्रियाशील हुन्छ,' उनले भने। तराईका केही जिल्लाबाहेक प्रायः जिल्लामा समन्वय समिति बनिसकेको गुरुङले बताए। शीर्ष नेताहरूको समय मिलेपछि मोर्चाको बैठक बसेर कार्यक्रम तय हुने उनको भनाइ छ।

मोर्चाका संयोजक नेपाल पार्टीको सचिवालय, केन्द्रीय कमिटी र केन्द्रीय परिषद् बैठकमा व्यस्त रहे। मोर्चाका सदस्य माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड विदेश भ्रमण र सरकारको काममा व्यस्त रहे भने अर्का सदस्य जसपा अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्द पनि पार्टी काममा व्यस्त रहे।

सुदूरपश्चिमदेखि...

पृष्ठ १ बाट क्रमशः

भैरहवामा ०.४ मिलिमिटर पानी परेको छ।

काठमाडौंमा पनि लामो समयपछि बिहीबार साँझ फाटफुट वर्षा भएको छ। 'यसपटक हिउँदभर काठमाडौं सुक्खा रह्यो, बिहीबार पनि खासै पानी परेन,' गोविन्द भाले भने, 'तत्काल वर्षाको सम्भावना पनि छैन।' १ मिलिमिटरभन्दा कम वर्षालाई फाटफुट भनिन्छ। पछिल्लोपटक काठमाडौंमा २५ जनवरीमा फाटफुट पानी परेको थियो। डिसेम्बर पूरै महिना सुक्खा रह्यो भने नोभेम्बर १२ मा वर्षा रेकर्ड भएको छ। अक्टोबर १७ मा भने ८.२ मिलिमिटर पानी परेको थियो। हिउँदमा पानी पर्दा कृषि बाली सप्रिन्छ भने वायु प्रदूषण घटाउँछ।

कर्णालीका उच्च पहाडी र हिमाली क्षेत्रमा पनि हिमपात भएको छ भने पहाडी क्षेत्रमा वर्षा भएको छ। यस क्षेत्रमा हिमपात भएको हिउँदे सिजनको यो दोस्रोपटक हो। मंसिरमा पनि हिमपात भएको थियो। पर्यटकीयस्थल रारा ताल क्षेत्रमा हिउँ परेको छ। मुगुमा कार्मारोङ गाउँपालिकामा पर्ने यार्सा पाटनहरू, कोइकी हिमाल, मुगुगाउँ, डोल्फु, किम्री, तखा, खारी, चितै, सेरोग दाउरा, रिउस पापु, छाइल, पुव, मह, मांग्रीलगायत दर्जनभन्दा बढी गाउँबस्तीमा हिमपात भएको छ।

छायानाथ रारा नगरपालिकाका बाम, रोवा, झाकोट, तल्लेख, सोबा, मुन्दु, कोटिल्ला, घुच्चीको लेक, भुलभुले, पिना, झ्यारी, टोप्ला, मुर्मालगायत दर्जनौं गाउँबस्तीमा हिउँ परेको छ। माघ तेस्रो सातामा भए पनि हिमपात भएपछि हिउँदे बाली गहुँ, जौ, उवा, स्याउ, आरु, ओखरलगायत फलफूल र अन्नबाली राम्रो हुने आशामा कृषक खुसी भएका छन्। हिमपातका कारण बागलुङको निसीखोला र पूर्वी रुकुमको सिमानामा पर्ने पातिहाल्ने क्षेत्रमा मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ। सडकमा बाक्लो हिमपात हुँदा पूर्वी रुकुमदेखि काठमाडौं, पोखरा जाने यातायातका सवारीसाधन ठप्प भएको निसीखोला गाउँपालिका- ६ का नीरज घर्तीमगरले जानकारी दिए। बागलुङको बुर्तिबाङदेखि रुकुम, जाजरकोटलगायतका स्थानमा पुग्ने यातायातका साधन निसीखोला क्षेत्रमा रोकिएका हुन्। निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले हिमपात रोकिएमा हिउँ हटाएर सडक खुलाइने बताए। ढोरपाटन सिकार आरक्ष क्षेत्रमा पनि हिमपात भएको छ।

आज कोशीका उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात हुन सक्ने

महाशाखाले शुक्रबार कोशीका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हिमपातको सम्भावना रहेको जनाएको छ। गण्डकी र कोशीका पहाडी क्षेत्रका केही ठाउँमा वर्षा हुन सक्ने अनुमान छ। 'बिहीबारको जस्तो देशभर बदली हुने सम्भावना छैन, तत्काल तराईमा पानी पर्ने छाँट पनि छैन,' मौसमविद् झाले भने।

सन् २०२३...

पृष्ठ १ बाट क्रमशः

वर्ष विदेश जाने क्रम बढेको देखिन्छ, गत वर्ष पनि तथ्यांक बढी नै थियो,' एनओसी कार्यालयका प्रमुख शान्तिराम पौडेलले भने, 'संख्या हेर्दा गत वर्षभन्दा यो वर्ष विदेश जाने विद्यार्थीको संख्या बढ्ने देखिन्छ।'

सन् २०२३ मा सबैभन्दा बढी विद्यार्थी २७ हजार १०२ जनाले अस्ट्रेलियाका लागि एनओसी लिएका छन्। त्यस्तै, क्यानडामा २४ हजार ६२१, अमेरिकामा ६ हजार ८३१, दक्षिण कोरियामा तीन हजार ६१७, युकेमा ११ हजार ८६९, युएईमा दुई हजार ४६०, डेनमार्कमा एक हजार १९४, फ्रान्समा एक हजार २७५ ले अध्ययनका लागि एनओसी लिएका छन्। त्यसअघि सन् २०२२ मा सबैभन्दा धेरै अस्ट्रेलियामा ५६ हजार ३५ विद्यार्थी अध्ययनका लागि पुगेका थिए। त्यस्तै, युकेमा ६ हजार ९७८, जापानमा १६ हजार ११८, भारतमा दुई हजार ७६७, अमेरिकामा पाँच हजार ६७ लगायत गरी एक लाख आठ हजार ८२९ विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिका लागि एनओसी लिएका थिए।

सन् २०२१ मा सबैभन्दा धेरै ११ हजार ६१९ विद्यार्थीले जापानमा अध्ययनका लागि एनओसी लिएका छन्। त्यस्तै, अस्ट्रेलियाका लागि आठ हजार ५७४, अमेरिकामा चार हजार २६५, युकेमा चार हजार ४५२, युएईमा एक हजार ९६९, भारतमा दुई हजार ५७७ लगायत गरी विभिन्न देशका लागि ४३ हजार ७०६ जनाले एनओसी लिएका थिए। सन् २०२० मा अस्ट्रेलियामा चार हजार आठ सय, भारतमा दुई हजार ३२२, जापानमा आठ हजार ४५५, अमेरिकामा पाँच सय, भारतमा दुई हजार ३४७ लगायत गरी २५ हजार तीन सयले एनओसी लिएका थिए।

एक वर्षमा...

पृष्ठ १ बाट क्रमशः

सय ९० जना ओभर स्टेमा परेका हुन्। आठजना वैदेशिक मुद्रा तस्करी, चारजना लागुऔषध, तीनजना संगठित अपराध, दुईजना राजस्व छली तथा ठगी र अपहरणमा संलग्न एक-एकजना छन्।

निष्कासितको सूचीमा तेस्रोमा बंगलादेश, चौथोमा उज्वेकिस्थान र पाँचौंमा बेलायती छन्। एक वर्षमा बंगलादेश र उज्वेकिस्थानका १९-१९ जना निष्कासनमा परेका भने बंगलादेशका १७ जना छन्। त्यस्तै, श्रीलंकाका ११, पाकिस्तान र स्विडेनका १०-१०, अफगानिस्तानका नौ र जर्मनीका आठ नागरिकलाई कारबाही गरी उनीहरूको देश पठाइएको अध्यागमन विभागका निर्देशक दाहालले बताए।

निष्कासित विदेशीमध्ये चार सय १२ जनाको ओभर स्टेसम्बन्धी कसुर पाइएको छ। उनीहरू एक वर्षमा पाँच महिनाभन्दा लामो समय नेपाल बसेका थिए। नेपालको अध्यागमन कानुनअनुसार एक अंग्रेजी वर्षभरि बढीमा एक सय ५० दिन पर्यटक भिसामा बस्न पाइन्छ।

भिसा पारस्परिकताका कारण अमेरिकी नागरिक भने एक सय ८० दिन बस्न पाउँछन्। यसभन्दा धेरै समय बस्नुलाई अध्यागमनसम्बन्धी कानुनले अपराध मान्दछ। यसभन्दा धेरै बस्नेलाई जरिवाना गरी अपराधको गम्भीरता हेरेर निश्चित अवधि नेपाल आउन नपाउने गरी निष्कासन हुने गरेको अध्यागमन विभागले जनाएको छ।

निष्कासनमा पर्नेमा ४६ जना विभिन्न अपराधमा पक्राउ परी सजाय भुक्तान गर्नेहरू छन्। लागुऔषध र वैदेशिक मुद्रासम्बन्धी अपराधमा १०-१० जना, संगठित अपराधमा ६, नक्कली पासपोर्टमा पाँच, यौन हिंसासम्बन्धी अपराधमा पाँच र ठगीमा संलग्न पाँचजनालाई सम्बन्धित देश पठाइएको छ। राजस्व छलीमा संलग्न दुई र अपहरण, दुर्व्यवहार, बहुविवाह र शंकास्पद गतिविधिमा संलग्न एक-एकजना छन्।

अनुगमन नहुँदा अवैध धन्दामा विदेशी

नेपालमा अवैध रूपमा बस्ने विदेशीका कारण राष्ट्रिय सुरक्षामै चुनौती बढेको भन्दै पाँच वर्षअघि सरकारले अनुगमन गर्न निर्देशिका बनाए पनि अनुगमन भने प्रभावकारी हुन सकेको छैन। ०७५ मा 'विदेशी नागरिक अनुगमन निर्देशिका, २०७५' जारी भएको थियो। निर्देशिकाले अध्यागमन अधिकृतले आफैं पुर्जी दिएर खानतलासी गर्ने र पक्राउ गर्ने अधिकार दिएको थियो। जसअनुसार खानतलासीलगायत काम हुन सकेको छैन। अध्यागमन विभागका अधिकारी भने यसमा जनशक्ति अभावलाई मुख्य कारण मान्छन्।

चिनियाँहरू आर्थिकदेखि वन्यजन्तुसम्बन्धी अपराधमा सक्रिय छन्। एक चिनियाँ समूहले एक वर्षसम्म विमानस्थलबाट सुन तस्करी गरेको गत साउनमा ६१ किलो सुन बरामद भएबाट खुलेको थियो। त्यसमा आबद्ध चिनियाँहरू नेपालमा वर्षौंदेखि सक्रिय थिए। कतिपय पर्यटक भिसामा त केही बिजनेस भिसामा बसेर सुन तस्करी, क्रिप्टोलगायत अपराध गर्दै आएको अनुसन्धानमा आबद्ध सिआइबीका अधिकारी बताउँछन्।

विद्युतीय चुरोटमा लुकाएर सुन तस्करी गर्नेमा पनि चिनियाँ नै देखिएका छन्। त्यस्तै, दोलखाको लामाबगर नाकाबाट सुन तस्करी गर्नेमा पनि चिनियाँ समूहको सक्रियता देखिएको छ। कतिपय विदेशी बिजनेस भिसाको आवरणमा धर्म प्रचार र जासुसीमा सक्रिय रहेका विगतका अनुसन्धानले देखाएका छन्।

अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङ नेपालमा बसेर अवैध गतिविधिमा संलग्नमाथि विभागको इन्टेलिजेन्स टिमको अनुसन्धानले निगरानी गरिरहेको बताउँछन्। ओभर स्टेमा बस्ने विदेशीको विवरण तत्काल थाहा हुने गरी 'सिस्टम' बनाउने काम पनि भइरहेको उनको भनाइ छ।

हालको अध्यागमन प्रणाली यति कमजोर छ कि नेपाल आएका कुन विदेशी ओभर स्टे भए भनेर राज्यले थाहा पाउने अवस्था छैन। अर्कोतर्फ ओभर स्टे बस्दा ५० हजार रुपैयाँसम्म मात्र जरिवाना हुने कमजोर कारबाही प्रणालीले पनि नेपालमा विदेशीको अवैध गतिविधिलाई प्रोत्साहन भइरहेको अध्यागनका अधिकारी बताउँछन्।

बी पी स्मृति सामुदायिक सहकारी अस्पताल लि. को

१६औं बार्षिक साधारण सभा सम्बन्धी जरूरी सूचना

यस अस्पतालको मिति २०८०/१०/०३ गते बसेको सन्चालक समितिको निर्णयानुसार संस्थाको १६ औं बार्षिक साधारण सभा मिति २०८०/११/१९ गते शनिबारका दिन हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुको सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने स्थान र समयबारे थप जानकारी गराईने छ।

सभामा पेश हुने बिषयहरु :

- आ ब ०७९/०८० को बार्षिक प्रतिवेदन, लेखा सुपरिवेक्षण समिति र लेखा परीक्षकको प्रतिवेदन।
- आ ब ०८०/०८१ को बजेट सहित कार्यकम तथा लेखा परीक्षकको नियुक्ती र पारिश्रमिक।
- विनियमावली संशोधन।

प्रा. डा. मोदनाथ मरहट्ठा
महासचिब

डा. सुधारप्रसाद अधिकारी
अध्यक्ष

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल माघ महिना १९ गते शुक्रबार)

यस विकास बैंक लि.को शाखा कार्यालय बालिङबाट उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा कर्जा शिर्षकमा लिएको कर्जाको सावाँ, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **धन कुमारी थापा** पतिको नाम : धन बहादुर थापा ससुराको नाम : तुल बहादुर थापा स्थायी ठेगाना : स्याङ्जा जिल्ला पेखुबाघखोर गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. १ ना.प्र.नं. : ११७३७ जारी मिति र जिल्ला : २०४५/०२/२३, स्याङ्जा	१. नाम : **डोलेन्द्र थापा** बाबुको नाम : धन बहादुर थापा बाजेको नाम : तुल बहादुर थापा स्थायी ठेगाना : स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ८ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. १ ना.प्र.नं. : ४२२०४१/३१२६२ जारी मिति र जिल्ला : २०६४/११/३०, स्याङ्जा
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **अम्बिका पंगेनी** बाबुको नाम : जयराम पंगेनी पतिको नाम : डोलेन्द्र थापा ससुराको नाम : धन बहादुर थापा स्थायी ठेगाना : स्याङ्जा जिल्ला मल्याङकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. १ ना.प्र.नं. : ४२-०२-७३-०३७९३ जारी मिति र जिल्ला : २०७३/०८/१०, स्याङ्जा	३. नाम : **राम बहादुर थापा** बाबुको नाम : धन बहादुर थापा बाजेको नाम : तुल बहादुर थापा ठेगाना : स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. १ ना.प्र.नं. : ४२-०२-७४-०००३९ जारी मिति र जिल्ला : २०७४/०१/०५, स्याङ्जा

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :
मिति २०८०/०९/०४ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितोधनीको नाम	धितोको ठेगाना	कि.नं.	क्षेत्रफल (रोपनी)	पूर्व	पश्चिम	उत्तर	दक्षिण
धन कुमारी रेग्मी भन्ने धन कुमारी थापा	स्याङ्जा जिल्ला बराह कालिका गा.वि.स. वडा नं. १	१३८९	०-१०-१-०	३४१४	१३८८	३४१४	कच्ची मोटर बाटो
		१३९०	०-१-३-०	३४०९	१३८७	कच्ची मोटर बाटो	३४१६, ३४१७

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/११/१० गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय बालिङ आईपुग्ने गरि पेश गर्नुपर्ने छ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।

४) प्राप्त बोलपत्रहरु मिति २०८०/११/११ गते शुक्रबार अर्थात २२ औं दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय बालिङमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभकर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय बहादुरगंज, कपिलवस्तुको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बहादुरगंज, कपिलवस्तुबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५

■ साफ यू-१९ महिला च्याम्पियनसिप आजबाट

छोटो तयारीमा नेपालको उपाधि लक्ष्य

रमेश सुवेदी/नयाँ पत्रिका

छोटो तयारीबीच दक्षिण एसियाली फुटबल महासंघ (साफ)को आयोजनामा शुक्रबारबाट सुरु हुने पाँचौं यू-१९ महिला च्याम्पियनसिप प्रतियोगितामा नेपालले उपाधि जित्ने लक्ष्य राखेको छ। बंगलादेशको ढाकामा नेपालले आयोजक बंगलादेशसँग प्रतिस्पर्धा गर्दै छ। यू-१८, यू-१९ र यू-२० का रूपमा आयोजना हुँदै आएको प्रतियोगिताको नेपालले अहिलेसम्म उपाधि उचालेको छैन। पछिल्ला संस्करणमा राम्रो तयारी र स्तरीय खेल प्रदर्शन गरे पनि नेपाल उपाधिबाट टाढा रहेको थियो। यसपटकको नेपालको तयारी कमजोर देखिन्छ। खुला छनोटपछि तीन साताको प्रशिक्षण गर्दै नेपालले प्रतियोगितामा भाग लिएको हो।

नेपालका मुख्य प्रशिक्षक बालगोपाल साहुखलले भारत, बंगलादेश र भुटानसहित चार टोली सहभागी प्रतियोगिताबाट उपाधिसाथ स्वदेश फर्कने दाबी गरेका छन्। कप्तान सारा बज्राचार्य छोटो तयारीबीच पनि आशा गर्ने स्थान रहेको बताउँछिन्। दक्षिण एसियाली फुटबलमा नेपालबाहेक भुटानले धेरै राम्रो गरिसकेको छ। बंगलादेशले पनि पछिल्लो दशकमा महिला फुटबलमा ठूलो लगानी गरेको छ। यसको प्रतिफल बंगलादेशले तीनपटक उपाधि नै जितिसकेको छ। भारत प्रतियोगिताको साबिक विजेता हो।

सहभागी टोलीमध्ये भारत बलियो देखिन्छ। दुई वर्षदेखि घरेलु महिला फुटबल ठप्प रहेको नेपाल उपाधि जित्ने लक्ष्यका साथ बुधबार ढाका प्रस्थान गरेको थियो। 'तीन साताको तयारी पनि प्रभावकारी भएको छ, खेलाडीबीच तालमेल मिलेको छ,' प्रशिक्षक साहुखलले नयाँ पत्रिकासँग भने, 'भारत र बंगलादेश बलिया टोली हुन्, तर उपाधिकै लागि खेल्छौं।' उमेर समूहमा पहिलोपटक आर्म ब्यान्ड लगाउने तयारी गरेकी सारा पनि खेलाडीबीच राम्रो तालमेल रहेको मान्छिन्। उनले उमेर समूहमा सँगै खेलेको खेलाडी रहँदा समस्या नआउने प्रतिक्रिया दिइन्। 'तयारीको समय कम भयो, तर खेलाडीको मनोबल उच्च छ,' साराले भनिन्, 'यसअघि पनि भारत र बंगलादेशसँग खेलेको हुँदा यसपटक नेपालको टोली सबैभन्दा बलियो छ।'

सन्तुलित टोली

कप्तान सारा नेपाली टिम सन्तुलित रहेको बताउँछिन्। यसअघि उनले नेपालको यू-१५, यू-१९ र यू-२० टोलीबाट खेलिसकेकी छिन्। उमेर समूहमा अनुभव भएका कारण उनले खेलाडीबीच तालमेल मिलेको बताइन्। 'उमेर समूहमा नेपालको प्रतिनिधित्व गरेका खेलाडी भएकाले अनुभवको कमी छैन,' उनी भन्छिन्, 'पहिलेदेखि सँगै खेलेको भएर सजिलो छ।' कप्तान सारासँगै गोलरक्षक लीला जोशी र रक्षक



टूफीका साथमा सहभागी टोलीका प्रशिक्षक तथा कप्तान

अनुभवी र नयाँ खेलाडी सम्मिलित नेपाली टोली तीन साताको क्लोज क्याम्पको अभ्यासपछि प्रतियोगितामा सहभागी

अहिलेसम्मका विजेता

संस्करण	च्याम्पियन	उपविजेता
२०१८	बंगलादेश	नेपाल
२०२१	बंगलादेश	भारत
२०२२	भारत	-
२०२३	बंगलादेश	नेपाल

नेपालको प्रदर्शन

सन्	खेल	गोल गरेको	गोल खाएको
२०१८	४	१४	४
२०२१	३	६	१
२०२२	४	४	१८
२०२३	४	८	७

दिव्या यस्मली मगरले नेपालको यू-२० टोलीबाट यसअघि नै खेलिसकेका छन्। टोलीमा रहेका तीनै गोलरक्षकले नेपालको उमेर समूहबाट खेलिसकेका छन्।

गोलरक्षक सुजाता तामाङ र करुणा बुढाथोकीसँगै रक्षक सीता रोकाया, माया मास्के, सिमरन राई, भावना परियार, झुमा विश्वकर्मा, पुनम चेम्जोङ र सुशीला केसी, स्ट्राइकर सेनु परियार, सुक्रिया मियाँ तथा वर्षा ओलीले नेपालको प्रतिनिधित्व गर्दै यू-१७ महिला च्याम्पियनसिप खेलिसकेका छन्। रोजिता विष्ट, सरिताकुमारी नाथ, गंगा रोकाया, बिर्सना चौधरी, लीला चन्द, पूर्णिमा राई, समीक्षा मगर र सजिना स्याङ्तानले पहिलोपटक नेपालको प्रतिनित्व गर्दै अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गर्दै छन्। एन्फाले एक सय ४६ खेलाडीबाट अन्तिममा २३ खेलाडी घोषणा गरेको हो। 'अधिकांश खेलाडी उमेर समूहबाट खेलेकै कारण टोली बनाउन गर्न सहज भएको प्रशिक्षक साउखलले बताए। 'हामीले खुला छनोटपछि तीन साता अभ्यास गर्‍यौं, यसबीचमा खेलाडी छनोट गर्न सहज भयो, यस टोलीबाट नतिजाको आशा गरेको छु,' उनले भने।

बंगलादेश सर्वाधिक तीनपटक च्याम्पियन

प्रतियोगिता पाँचौंपटक हुँदै गर्दा बंगलादेश सर्वाधिक तीनपटकको च्याम्पियन हो। भारतले एकपटक उपाधि जितेको छ। नेपाल २०१८ र २०२३ मा मात्रै उपविजेता बनेको थियो। भुटानमा २०१८ मा पहिलोपटक आयोजना भएको प्रतियोगितामा नेपाललाई हराउँदै बंगलादेश च्याम्पियन बन्यो। २०२१ मा बंगलादेशले नै उपाधि चुमेको थियो। यो संस्करण यू-१९ का रूपमा हुँदा भारत फाइनलमा बंगलादेशसँग १-० ले पराजित भयो।

२०२२ भारतमा यू-१८ स्वरूपमा आयोजना हुँदा घरेलु टोली नै च्याम्पियन भयो। त्यसवेला सिंगल राउन्ड पद्धतिमा आयोजना हुँदा नेपाल, भारत र बंगलादेश मात्रै थिए। भारत शीर्ष स्थानमा रहेर च्याम्पियन भएको हो। २०२३ ढाकामा भएको प्रतियोगिताको फाइनलमा नेपाललाई ३-० ले हराउँदै बंगलादेश तेस्रोपटक च्याम्पियन बन्यो। यसपटक शीर्ष दुईमा रहेका नेपाल र बंगलादेशले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए।

■ आहा रारा गोल्डकप

चर्च ब्वाइजलाई हराउँदै आर्मी फाइनलमा

कास्कीमा रोहितराज पराजुली

त्रिभुवन आर्मी क्लब २३औं संस्करणको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बिहीबार भएको सेमिफाइनलमा चर्च ब्वाइज युनाइटेडलाई २-१ ले पाखा लगाउँदै आर्मीले अन्तिम दुईमा आफ्नो स्थान सुरक्षित गरेको हो। आर्मीले उपाधिका लागि श्री स्टार क्लबको सामना गर्नेछ। आर्मी र चर्च ब्वाइजले पहिलो हाफ गोलरहित बराबरी खेलेका थिए। दोस्रो हाफमा दुवै टोलीले १-१ गोल गरे। ३० मिनेटको अतिरिक्त समयमा आर्मीले एक गोल थप्दै फाइनलमा स्थान पक्का गऱ्यो। आर्मीको यो पाँचौंपटक फाइनल यात्रा हो। यद्यपि, आर्मीले अहिलेसम्म उपाधि जितेको छैन।

आर्मीले प्रिक्वार्टरफाइनलमा नवलपुरको राइजिङ स्टार क्लबलाई १-० र क्वार्टरफाइनलमा साबिक विजेता संकटा क्लबलाई ३-० ले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको थियो। चर्च ब्वाइजले क्वार्टरफाइनलमा नेपाल पुलिस क्लबलाई १-० ले पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको थियो। खेलको ९९औं मिनेटमा आर्मीका लागि रासबहादुर मगरले विजयी गोल गरेका थिए। वसन्त जिम्बाको क्रस पासमा उनले सहजै गोल गरे।

यसअघि खेलको ६१औं मिनेटमा आर्मीका दिनेश हेम्जनले १-० को अग्रता गोल गरे। पोस्टभन्दा २८ यार्डबाट उनले प्रहार गरेको फ्री किक चर्च ब्वाइजका गोलरक्षक सन्तोष महतले बचाउन खोजेका थिए, तर बल उनको ग्रिपमा लाग्दै गोल भयो। आर्मीको अग्रता २२औं मिनेटसम्म रह्यो। ८३औं मिनेटमा चर्च ब्वाइजका समिर तामाङले १-१ को बराबरी गोल फर्काए। उनले आर्मीका गोलरक्षक र डिफेन्डरलाई छलाउँदै पेनाल्टी क्षेत्रबाट गोल गरेका हुन्।

खेलको छैटौं मिनेटमा चर्च ब्वाइजका सुशील राईले पेनाल्टी क्षेत्रबाट गरेको हेडिङ आर्मीका खेलाडीले क्लियर गरे। खेलको ११औं मिनेटमा प्रशान्त लक्ष्मणको प्रहारलाई आर्मीका गोलरक्षक समित श्रेष्ठले पन्च गरेपछि बल क्रसबारमा लागेर बाहिरियो। खेलको ४९औं मिनेटमा आर्मीका मिलन योञ्जनके प्रहार गरेको बल क्रसबारनजिकैबाट बाहिरिएको थियो। खेलको ११३औं मिनेटमा चर्च ब्वाइजका राजीव लोप्चनले प्रहार गरेको कर्नर आर्मीका गोलरक्षक श्रेष्ठले क्लियर गरे।



खेल सोचेभन्दा प्रतिस्पर्धात्मक बन्यो

मेघराज केसी, प्रशिक्षक, आर्मी

चर्च ब्वाइजविरुद्धको प्रदर्शन प्रशंसायोग्य रह्यो। सेमिफाइनल खेल सोचेभन्दा प्रतिस्पर्धात्मक बन्यो। प्रतिस्पर्धामा दुवै टोलीका खेलाडीले जितका लागि कोसिस गरेका थिए। उपाधि भिडन्त योभन्दा रोमाञ्चक र प्रतिस्पर्धात्मक हुनेछ।

खेलाडीसँग अनुभव कमी भयो

कमल श्रेष्ठ, कप्तान, चर्च ब्वाइज

आर्मीविरुद्ध खेलाडीले स्तरीय खेल खेले। आर्मीमा सिनियर र अनुभव खेलाडी छन्। उनीहरूले अनुभव प्रयोग गरे। हाम्रो टोलीमा जुनियर खेलाडी धेरै छन्। केही खेलाडी पहिलोपटक सहभागी भएका छन्। यसकारण अनुभव कमी भयो।

सेमिफाइनल समीकरण पूरा



कञ्चनपुर/ तेस्रो मुख्यमन्त्री पुरुष राष्ट्रिय भलिबल प्रतियोगितामा तीन विभागीयसहित गण्डकीले सेमिफाइनलमा स्थान बनाएका छन्। यससँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। नेपाल पुलिस, एपिएफ र त्रिभुवन आर्मीले अन्तिम चारमा स्थान पक्का गरेका हुन्। शुक्रबारदेखि सेमिफाइनल खेल हुनेछ। बिहीबार भएको लिग चरण खेलमा पुलिसले आर्मीलाई ३-० को सहज सेटमा हरायो। एपिएफले गण्डकीलाई सहज सेटमा पाखा लगाउँदै अन्तिम चारमा स्थान पक्का गरेको हो। प्रतियोगिताको विजेताले चार लाख र उपविजेताले दुई लाख पाउनेछन्। यसैगरी, तेस्रो हुने टोलीले एक लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ।

एलएको सहज जित

काठमाडौं/ आयोजक भ्याली पब्लिक र लिटिल एन्जल्स (एलए)ले १६औं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा बिहीबार सहज जित निकालेका छन्। भ्याली पब्लिकले बागमतीलाई ३६-२२ तथा एलएले किङडमलाई ४२-३५ ले पराजित गरे। सिनियर पुरुषमा एचएचसिएले स्नो ल्यान्डलाई ५२-३५ तथा भद्रकालीले वसुन्धरा नेसनल एकेडेमी (बिएनए)लाई २८-२० ले हराए।

यसैगरी, जुनियर पुरुषमा स्किब्सले नेसनल युनाइटेड स्कुललाई ३२-२४ ले पाखा लगायो। किङडमले बिएमसिएलाई ३६-१८ र बिएनएले बेम्सलाई ३२-२२ पाखा लगाए। सिनियर महिलातर्फको बास्केटबल भ्याली पब्लिकले टिआइएलाई ३३-१८ ले पराजित गऱ्यो। रिलायन्सले बिएमसिएलाई २३-२२ र एसिसिएसले लोयल्टीलाई ३६-२६ ले हराए।

अवार्डलाई इ-ड्राइभ नेपालको साथ

काठमाडौं/ २०औं एनएसजेएफ पल्सर स्पोर्ट्स् अवार्डका लागि मोबिलिटी पार्टनरका रूपमा राइड सेयरिङ एप इ-ड्राइभ नेपाल आयोजक नेपाल खेलकुद पत्रकार मञ्चसँग आबद्ध भएको छ। पल्सर स्पोर्ट्स् अवार्डका लागि इ-ड्राइभ नेपाल र मञ्चबीच सहप्रायोजनसम्बन्धी सम्झौता भएको छ। मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र इ-ड्राइभ नेपालका अध्यक्ष राजेश मास्केले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। इ-ड्राइभका अध्यक्ष मास्केले आगामी दिन यो सहकार्यलाई थप मजबुत बनाउने बताए। मञ्चका अध्यक्ष सुवेदीले स्पोर्ट्स् अवार्डको दायरा फराकिलो पार्ने क्रममा यस वर्ष फरक-फरक क्षेत्रसँग सहकार्य भएको जनाए।

नौ विधामा प्रदान गरिने पल्सर स्पोर्ट्स्



अवार्डको पिपल्स च्वाइस विधाको मनोनयन सार्वजनिक भइसकेको छ। पिपल्स च्वाइसमा फुटबलका अनन्त तामाङ, करँतेका विप्लवलाल श्रेष्ठ, भलिबलकी निरुता ठगुन्ना, टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठ र शारीरिक सुगठनकी रजनी श्रेष्ठ मनोनयनमा परेका छन्। ०७९ को अन्य विधामा वर्षका उत्कृष्ट पुरुष, महिला र युवा तथा प्रशिक्षक विधाको मनोनयन पनि छिट्टै सार्वजनिक गरिने मञ्चका अध्यक्ष सुवेदीले बताए।

पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम अचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स् जर्नालिस्ट अवार्डको घोषणा २८ माघको कार्यक्रमकै दिन घोषणा हुनेछ। यसपटक वर्ष पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस गरी पाँच विजेताले जनही बजाज पल्सर मोटरसाइकल पाउनेछन्। तीमध्ये दुईवटा एन २५० र तीनवटा एन १६० मोटरसाइकल छन्।

खेल संक्षेप

एनप्याब्सन खेलकुद सुरु

काठमाडौं/ नेसनल प्याब्सन काठमाडौंद्वारा आयोजित एनप्याब्सन खेलकुद सप्ताह बिहीबारबाट सुरु भएको छ। उद्घाटन समारोहमा भएको मार्च पास्टमा बेस्ट ग्रुप भिजन ९६.७५ अंकसाथ पहिलो भयो। ९५.५ अंकसाथ महाकवि देवकोटा मेमोरियल स्कुल दोस्रो तथा ९२.५ अंकसाथ काठमाडौं स्कुल अफ सेन्ट्रल स्टेट तेस्रो भएका छन्। खेलकुद सप्ताहमा पुरुष फुटसल, बास्केटबल, टेबलटेनिस, एथलेटिक्स र टग अफ वार गरी पाँच खेलमा प्रतिस्पर्धा हुनेछन्।

गेटवे सेमिफाइनलमा

काठमाडौं/ गेटवे एकेडेमी प्रथम अक्षरा कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताअन्तर्गत सिनियर पुरुषको सेमिफाइनलमा प्रवेश गरेको छ। गेटवेले विद्या विकासलाई ५९-५१ ले पराजित गऱ्यो। निस्टलाई ४०-१८ ले हराउँदै मोडर्न इन्डियन स्कुल क्वार्टरफाइनलमा पुगेको छ। प्रतियोगिताको सिनियर महिलामा भ्याली पब्लिकले द ब्रिटिस स्कुललाई ४६-१३ ले पाखा लगाउँदै सेमिफाइनल स्थान पक्का गऱ्यो। निस्टले प्रारम्भलाई २३-५ ले हरायो। नेमोनिकले गेटवेलाई ३१-७ ले पन्छ्याउँदै अन्तिम आठको स्थान पक्का गऱ्यो।

काष्ठमण्डप अन्तिम आठमा

नयाँ पत्रिका

आयोजक द एक्सेल्सियर स्कुल 'नीलो' र काष्ठमण्डप १० औं एक्सेल्सियर कपअन्तर्गत सिनियर महिला बास्केटबलको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। स्वयम्भूस्थित घरेलु कोर्टमा बिहीबार भएको खेलमा एक्सेल्सियर 'नीलो'ले संस्कृतिलाई २१-१२ ले पराजित गऱ्यो। टोलीको जितमा अकिना घिमिरेले १२ स्कोर गरिन्। काष्ठमण्डपले एक्सेल्सियर 'रातो'लाई १७-२ ले हरायो। काष्ठमण्डपकी रिया राईले ६ स्कोर गरिन्।

सिनियर महलिामा न्यु जेनिथले ल्यान्डमार्कलाई २०-११ ले हराउँदै अन्तिम आठको स्थान पक्का गऱ्यो। न्यु जेनिथकी राइसाले ८ स्कोर गरिन्।

यसैगरी, सिनियर पुरुषमा ग्रिनफिल्डले होली भिजनलाई ४२-२४ ले



हरायो। ग्रिनफिल्डका अर्जुन बस्नेतले सर्वाधिक १८ स्कोर गरे। पुष्पसदनले टिआइएमाथि ५३-३२ को जित निकाल्यो। पुष्पसदनका कृष ओलीले सर्वाधिक १३ स्कोर गरेका थिए। जेनिथले एक्सेल्सियरलाई ४१-१८ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ। जेनिथका सागर श्रेष्ठले २० स्कोर गरे।

यसैगरी, पुरुष यू-१३ फुटसलमा एलआरआईले एक्सेल्सियरलाई ३-० ले हरायो। एक्सेल्सियर 'नीलो'ले जोन डेवीलाई २-० ले पराजित गऱ्यो। द चाँदबागले जोन डेवीलाई २-० तथा सेक्रेड हार्टले राई स्कुललाई २-० गोलले पराजित गरे। यू-१२ मा एलआरआईले स्वस्तिश्री गुरुकुललाई २-० ले निराश बनाएको छ। एक्सेल्सियर 'नीलो'ले जोन डेवीलाई २-१ ले पाखा लगायो।

मोडर्न इन्डियन स्कुलले न्यु जेनिथलाई १-० र बृहस्पति विद्या सदनले एक्सेल्सियर 'पहेँलो'लाई २-० ले हराए। द चाँदबागले राई स्कुललाई २-० र रिब्सले एक्सेल्सियर 'पहेँलो'लाई २-० गोलले हराएका छन्।

■ प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट

उपाधिका लागि पुलिस र आर्मीबीच भिडन्त

नयाँ पत्रिका

विभागीय टोलीद्वय नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री (पिएम) कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि लागि प्रतिस्पर्धा गर्ने भएका छन्। पुलिसले लगातार नौ खेलमा जित निकाल्दै फाइनलमा स्थान पक्का गरेको हो। पुलिस दुई खेलअघि नै अन्तिम दुईमा पुगेको थियो। आर्मीले नौमध्ये सात खेलमा जित निकाल्दै अन्तिम दुई स्थान पक्का गऱ्यो। पुलिस अपराजित रही सर्वाधिक १८ अंकका साथ शीर्ष स्थानमा रह्यो। पहिलोपटक राउन्ड रोबिन पद्धतिमा आयोजना भएको प्रतियोगितामा १४ अंकका साथ आर्मी दोस्रो भयो। आर्मी छैटौंपटक फाइलनमा पुगेको हो।

प्रतियोगिताको फाइनल शनिबार हुनेछ। पुलिस र आर्मीले तेस्रोपटक च्याम्पियन हुने लक्ष्य राखेका छन्। पुलिस, आर्मी र एपिएफ क्लबले समान दुईपटक उपाधि जितेका छन्। आर्मी तीन र एपिएफ एकपटक उपविजेता बनेका छन्। अहिलेसम्म प्रदेशबाट प्रतिनिधित्व जनाएका टोली च्याम्पियन बनेका छैनन्। नेपाल क्रिकेट संघ (क्यान)ले पहिलोपटक शीर्ष चार टोलीलाई एलिट टूफीमा प्रतिस्पर्धा गराउने योजना ल्याएको हो। पुलिस र आर्मीसँगै बागमती र मधेश प्रदेशले एलिट ट्रफी खेल्नेछन्।

निर्णायक खेलमा आर्मीको जित

त्रिवि मैदानमा भएको निर्णायक खेलमा गण्डकी प्रदेशलाई ६८ रनले हराउँदै आर्मीले अन्तिम दुईमा स्थान पक्का गरेको हो। विनोद भण्डारीको कप्तानीमा रहेको आर्मीको जितसँगै बागमतीको फाइनल पुग्ने सम्भावना समाप्त भयो। पहिलो ब्याटिङ गरेको आर्मीले ३९.१ ओभरमा सबै विकेट गुमाएर १३२ रन बनायो। गण्डकी २३.४ ओभरमा ६४ रनमा समेटियो। गण्डकीका ओपनर ईश्वर क्षेत्रीले सर्वाधिक १६ र करण पँगेनीले १५ रन बनाए। आर्मीका ओपनर इमरान शेखले सर्वाधिक ३४ रन बनाए। सोमपाल कामीले २३ र कप्तान विनोद भण्डारीले १९ रन जोडे।

दीपेन्द्रको अलराउन्ड प्रदर्शन

मूलपानीको माथिल्लो मैदानमा दीपेन्द्रसिंह ऐरीले बिहीबार भएको अन्तिम खेलमा पुलिसका लागि अलराउन्ड प्रदर्शन गरे। पुलिसले सुदूरपश्चिम प्रदेशविरुद्ध ७० रनको जित निकाल्यो। सुदूरपश्चिमविरुद्ध दीपेन्द्रले ४४ रन बनाउनुका साथै सर्वाधिक सात विकेट हात पारे। पहिलो ब्याटिङ गरेको पुलिसले ४७.५ ओभरमा अलआउट हुँदै १९९ रन बनायो। प्रत्युत्तरमा सुदूरपश्चिमले ३७.१ ओभरमा सबै विकेट गुमाएर १२० रन बनायो। सुदूरपश्चिमविरुद्ध दीपेन्द्रसिंहले १० ओभरमा चार मेडनसहित २० रन खर्चिएर सात विकेट लिए। सुदूरपश्चिमका ओपनर गजेन्द्र बोहरासे सर्वाधिक ३० र किरण ठगुन्नाले २४ रन बनाए। पुलिसका लागि शंकर रानाले सर्वाधिक ४६ रन बनाए। दीपेन्द्रले ३८ बलमा पाँच चौका र एक छक्का प्रहार गरे। अर्जुन साउदले ३२ र आरिफ शेखले २६ रनको योगदान गरे।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com